अनिश्चयमा वाम सरकार | बास्ना हराएको बासमती

आइतबार • ३० पुस २०७४ • मूल्य रु. २५

नेपाल

nepal.ekantipur.com

राष्ट्रिय साप्ताहिक

ढुकुटीमा पहुँचवालकै हात

NIC ASIA

एन आई सी एशिया बैंक लि.

Celebrating 20 YEARS of Service

ICRA (Nepal) A-

The Banker Bank of the Year 2013 NEPAL

The Banker Bank of the Year 2007 NEPAL

ISO 9001 Certified Bank

८%

सर्वाधिक उच्च
'आठ' प्रतिशत
वार्षिक ब्याजदर

विशेषताहरु:

- Credit Card जारी गर्दा विशेष छुट
- नि:शुल्क Visa Card
- नि:शुल्क SMS Banking तथा Internet Banking

*शर्तहरु लागू हुनेछन् ।

विस्तृत जानकारीका लागि "SAVE" टाईप गरी ३४४८८ मा SMS वा नजिकैको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस् ।

www.nicasiabank.com
Toll Free No: 1660-01-77771

बैंक पनि, साथी पनि

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008
CERTIFIED COMPANY

ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
झंडु बाम,
अब ROLL ON मा पनि
New Improved No.1
ZANDU
Balm
Fast Action
Fast Absorption
ZANDU
ZANDU
ROLL-ON
अब नयाँ झंडु रोल-अन
पनि बजारमा
उपलब्ध
छ
New Improved No.1
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
Balm
FAST ACTION
FAST ABSORPTION
अधिक दुखाईको लागि
सामान्य दुखाईको लागि
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
ULTRA POWER
Balm
For Strong Headache, Bodyache & Cold

ढुकुटीमा हालीमुहाली

आवरण ३०

१४ धान खेती
अब एकादेशको बासमती

१६ सहरीकरण
सडकमा समस्या

२० संवाद
'जनताको कमजोर चेतनाले शक्तिमा हुनेहरूलाई जे गरे पनि हुन्छ भन्ने लाग्छ'
– कृष्णप्रसाद भण्डारी

२४ राजनीति
बन्ला वाम सरकार ?

५४ झल्याकझुलुक
फेरि पत्तासाफ
प्रियंकाको व्यस्तता

४० व्यक्तिचित्र
शिक्षाका शिखर

तमानखोलाको सपना	१८
विश्लेषण : अजयभद्र खनाल	२८
म्याद थपेको थपै, प्रगति शून्य	३६
विविध	३९
टिप्पणी : पदमसिंह कार्की	४३
ब्याडमिन्टनले प्रख्यात	४४

स्थायी स्तम्भ >>
पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल

साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम

कपी डेस्क : ईश्वरी ज्ञवाली, गुरुङ सुशान्त, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : २३ पुस २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

पदैपद ओगट्ने असफल

होलान्, फुल-टाइमर प्रधानमन्त्री ?

बहुपद ओगटेकै कारण हालसम्मका मुलुकका प्रधानमन्त्रीहरू फितला र असफल साबित भएको यथार्थजस्तै लाग्यो *(होलान्, फुल-टाइम प्रधानमन्त्री, २३ पुस)* । हाम्रा नेताहरूलाई जनताको काम गर्नेभन्दा आफ्ना पार्टीका कार्यक्रम र कार्यकर्ताका गुनासा सुन्नमै फुर्सद छैन । अनि, कसरी देश विकास हुन्छ ? नेताहरूले बहुपद ओगटेर बस्नुभन्दा एक पद लिएर त्यसको जिम्मेवारी र कर्तव्यलाई इमानदारीपूर्वक सम्पन्न गर्ने हो भने राजनीतिक दल र नेतृत्वप्रतिको अनास्था कम भएर जाने थियो ।

● **कमलकृष्ण अधिकारी**
चुच्चेपाटी, काठमाडौं

युवा पनि उत्तिकै जिम्मेवार

नेपाली कांग्रेसको पुन:जीवनबारे अच्युत वाग्लेको विमर्श तर्कपूर्ण लाग्यो *(कसले ब्युँताउँछ कांग्रेस ? कसरी ?, २३ पुस)* । कांग्रेसको पराजयमा पार्टी सभापति शेरबहादुर देउवालाई मात्रै एकोहोरो दोष दिनुको अर्थ छैन । किनभने, सिंगो पार्टी र उसको निर्वाचन परिचालन समितिलगायत धेरै कारणले कांग्रेसले पराजय बेहोर्नुपरेको हो । कांग्रेस पराजयमा युवाहरूको एक समूह जसरी चर्को स्वरमा विरोधमा उत्रिएको छ, त्यस्ता युवा नेताहरूबारे वाग्लेको टिप्पणी सटीक छ । चारित्रिक रूपमा संस्थापनभन्दा फरक प्रमाणित हुन नसकेका कांग्रेसभित्रका युवालाई वाग्लेले दह्रो झापड दिएका छन् । कांग्रेसले अहिलेको पराजय बेहोर्नुमा कांग्रेसभित्रका ती युवाहरूको भूमिका पनि कम नरहेको वाग्लेको तर्कसँग सहमत हुने धेरै ठाउँ छ ।

● **विनय ढुंगाना**
कौशलटार, भक्तपुर

थप दुर्भाग्यको संकेत



प्रदेश संरचना निर्माण र स्थानीय तहको व्यवस्थापनका लागि हरेक वर्ष झन्डै ३ खर्ब ५० अर्ब रुपियाँ खर्च हुनु भनेको हाम्रोजस्तो मुलुकका लागि डरलाग्दो अवस्था हो *(संघीय हात्तीको डगमग डेग, २३ पुस)* । २५ पैसा कमाएर एक रुपियाँ खर्च गर्नुपर्ने अवस्था रहुन्जेल देश विकास एकादेशको कथा बन्ने निश्चित छ । संघीयताले जनतालाई थप आर्थिक भार बोकाएर उठ्नै नसक्ने अवस्थामा पुऱ्याउने त होइन भन्नेबारे हस्त गुरुङको चासो र चिन्ता सान्दर्भिक लाग्यो ।

● **मुक्ता माबुहाङ**
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं

विद्यालय शिक्षा र नागरिक सहभागिता

● सबिन पोखरेल

शिक्षा नागरिकको पहुँचसम्म पुग्नु र नागरिक शिक्षित हुनुमा भिन्नता छ *(स्वदेश र विदेशको पढाइ, २३ पुस)*। राज्यले नागरिकको पहुँचसम्म निःशुल्क र सर्वसुलभ रूपमा शिक्षा पुऱ्याउने धेरै योजना अघि सारे पनि निकै कम मात्रामा नागरिकले त्यसको उपयोग गरेको पाइन्छ। फलस्वरूप राज्यले सोचे अनुरूप नागरिक शिक्षित हुन सकेका छैनन्। त्यसैले प्रत्येक शैक्षिक योजनाको समीक्षा गर्दा पटक-पटक एउटै प्रश्न उब्जिन्छ, किन विद्यालय शिक्षा निःशुल्क र सर्वसुलभ गर्दा पनि लक्षित वर्गका नागरिक योजना मुताबिक शिक्षित हुन सक्दैनन् त ?

सहरी क्षेत्रमा बसोवास गर्ने धेरैजसो नागरिकले आफ्नो सीप र क्षमताका आधारमा आ-आफ्नो स्तर अनुसार विद्यालय तह पार गरेको पाइन्छ। तर, शहरी क्षेत्रमा बसोवास गर्ने नागरिक मात्र शिक्षित भएर देशको शिक्षाको स्तरलाई बढाउन सकिँदैन। त्यसमा पनि हाम्रोजस्तो देशमा आज पनि एउटा ठूलो तप्काका नागरिक ग्रामीण भेगमा गरिबी र अभावका बीच संघर्ष गरिरहेका छन्। आज पनि त्यस्तो क्षेत्र र ती नागरिकसम्म शिक्षाको चेतना पुग्न सकेको छैन। दैनिक पेट भर्नका लागि कठिन संघर्ष गर्ने त्यस्ता नागरिकका लागि पहिलो प्राथमिकतामा सधैँ गाँस, बास र कपास हुने गर्छ। जीविकोपार्जनका लागि सम्पूर्ण परिवारले नै संघर्ष गर्नुपर्ने भएपछि विद्यालय जाने उमेरका बालबालिका पनि काम गर्नका लागि बाध्य छन्। फलस्वरूप त्यस्ता नागरिकका लागि शिक्षा आर्जन गरेर समुन्नत भविष्यको सपना देख्नु दोस्रो प्राथमिकतामा पर्न जान्छ।

परदेशबाट

स्वदेश र विदेशको पढाइ

राज्यले क्षेत्रीय वर्गीकरण गरेरै योजना तर्जुमा गरेको दाबी गरे तापनि व्यवहारमा त्यसको कार्यान्वयन लक्षित वर्गसम्म पुगेको पाइँदैन। सामुदायिक विद्यालयमा पढ्न जाने अधिकांश विद्यार्थी निम्न वर्गका र केही मध्यम वर्गीय परिवारका भेटिन्छन्। त्यसमा पनि धेरैजसो दैनिक मजदुरी गरेर परिवारको भरण-पोषण गर्ने वर्गमा पर्छन्। जसको प्रत्यक्ष असर उनीहरूका बालबालिकामाथि भएको पाइन्छ। दैनिक मजदुरी गरेर भरण-पोषण गर्ने समुदायमा दैनिक कामको चाप बढेका बेला अभिभावकले आफ्ना बालबालिकालाई पनि विद्यालय नपठाएर आफूसँगै काममा लैजाने गर्छन्। यसले अभिभावकको आय आर्जन केही समयलाई त बढाउँछ तर नियमित विद्यालय जान नपाउने त्यस्ता बालबालिकाको शैक्षिक नतिजामा ह्रास आउँछ। शैक्षिक नतिजामा क्रमिक ह्रास आउन थालेपछि त्यस्ता बालबालिकालाई बिस्तारै विद्यालयभन्दा काम प्यारो लाग्ने गर्छ। यसले एकातिर बालबालिकाको विद्यालय क्रमशः दोस्रो रोजाइ हुने गर्छ भने सामुदायिक विद्यालयको शैक्षिक नतिजामा पनि ह्रास आउँछ। नतिजामै ह्रास आएपछि जतिसुकै लगानी गरे तापनि शिक्षामा सरकारी परिकल्पना सार्थक हुँदैन।

पारिवारिक अवस्था र भौगोलिक जटिलताका बाबजुद जो बालबालिका नियमित विद्यालय जान्छन्, ती विद्यार्थीको पनि शैक्षिक स्तर खस्कनु सरकारी शिक्षा योजनाका गन्तव्यको अर्को बाधक बनेको पाइन्छ। सरकारको योजना सामुदायिक विद्यालयको शैक्षिक स्तर वृद्धि गर्दै उच्च वर्गलाई पनि यसतर्फ आकर्षित गर्नु हो। तर, मध्यम वर्गलाई नै पूर्ण रूपमा आकर्षित गर्न नसकेका सामुदायिक विद्यालयले उच्च वर्गलाई आकर्षित गर्नु अहिलेलाई ठूलो महत्त्वाकांक्षा हुनेछ। त्यसैले विकास र समृद्धिमार्फत देशमा भएको गरिबी, अभाव र भौगोलिक जटिलतालाई प्रतिस्थापन गर्दै बालबालिकालाई विद्यालय आउने वातावरण बनाउनु पहिलो प्राथमिकता हुनुपर्छ भने निम्न वर्गको आकर्षण भएको सामुदायिक विद्यालयलाई मध्यम वर्ग हुँदै उच्च वर्गमा पुऱ्याउनका लागि भएका जनशक्ति, भौतिक संरचना र बजेटलाई आवश्यकता र समयानुकूल परिवर्तन गरी शैक्षिक नतिजा अभिवृद्धि र सीपमूलक शिक्षामा जोड दिनु अपरिहार्य हुनेछ।

शिक्षा निःशुल्क हुनु जरुरी छ तर निःशुल्क शिक्षाले कुनै पनि देशको शैक्षिक वृद्धिदरलाई बढाउँछ भन्ने ग्यारेन्टी हुँदैन। अर्कोतर्फ, शिक्षा समयानुकूल परिवर्तित हुनुपर्छ।

बजारको माग अनुसारको जनशक्ति उत्पादन गर्ने शिक्षा दिन सकेनौँ भने नागरिक शिक्षित त हुन्छन् तर दक्ष बन्न सक्दैनन्। त्यसैले सरकारी उद्देश्यलाई पूरा गर्नका लागि सामुदायिक विद्यालयले उपलब्ध साधनहरूको अधिकतम उपयोग गर्दै बालबालिका-मैत्री वातावरणको निर्माण गर्नु, समयानुकूल बजारको माग अनुसारको जनशक्ति उत्पादन गर्नु, शिक्षक र विद्यार्थीबीचको सम्बन्धलाई पारिवारिक र आत्मीय बनाउनु अपरिहार्य देखिन्छ। अनि मात्र नतिजाले फड्को मार्नेछ। जबसम्म यी र यस्ता कार्यहरू सामुदायिक विद्यालयहरूले गर्दैनन्, तबसम्म जस्तासुकै नीति र योजना अनि जति नै बजेट छुट्याए पनि विद्यालय शिक्षामा सरकारी उद्देश्य पूरा गर्न कठिन छ। ◆

विदेशबाट

पर्वतारोहणमा नयाँ नियम

पर्वतारोहीको सुरक्षाका लागि भन्दै नेपाल सरकारले नयाँ नियम ल्याएको छ । परिवर्तित नियम अनुसार अब विदेशी पर्वतारोहीले गाइडबिना पर्वतारोहण गर्न पाउने छैनन् ।

नेपालले लागू गरेको नयाँ नियमबारे *बीबीसीले* लेखेको छ, विभिन्न कीर्तिमान कायम गर्ने होडबाजीमा पनि धेरैले सगरमाथा आरोहणका क्रममा ज्यान गुमाएका छन् । ८५ वर्षीय मीनबहादुर शेरचन सबैभन्दा बढी उमेरमा सगरमाथाको शिखरमा पुगेको कीर्तिमान कायम गर्न चाहन्थे । प्रख्यात स्वीस पर्वतारोही युली एक्लै सगरमाथा चढ्न खोजेका थिए । यी दुवैले पर्वतारोहणका क्रममा ज्यान गुमाएका थिए । गाइडबिना पर्वतारोहण गर्न नपाउने नियमले नेपाली गाइडका लागि रोजगारीको अवसर पनि बढाउने आशा गरिएको छ ।

त्यस्तै नयाँ नियम अनुसार नेत्रज्योति कमजोर र अपांगता भएका व्यक्तिहरूको मेडिकल सर्टिफिकेट जाँच गरेर मात्रै पर्वतारोहणको अनुमति दिइनेछ । डाक्टरको सल्लाहबिना पर्वतारोहण गर्न खोज्ने पर्वतारोहीले अनुमति पाउने छैनन् ।

नयाँ नियमबारे *फेसबुकमा* आक्रोश पोखेका हरिबहादुर बुढाका बारेमा पनि *बीबीसीले* उल्लेख गरेको छ । उनले अफगानिस्तानमा दुवै खुट्टा गुमाएका थिए । उनले *फेसबुकमा* लेखेका छन्, 'अपांगता भएका व्यक्तिका लागि यो नियम अन्यायपूर्ण छ । सरकारले जेसुकै नियम ल्याओस्, मैले हिम्मत हार्ने छैन ।' ◆

सुर-बेसुर

"कमल थापा नेतृत्वको राप्रपा भन्ने दल पारिवारिक क्लबका रूपमा र भजन मण्डलीलाई मात्र लिएर हिँड्ने रहेछ भन्ने मतदाताले बुझे, जसको सजाय अहिलेको निर्वाचनमा हामीले भोग्नुपरेको हो । बादशाह नाँगै भए पनि आहा कति सुहाएको भन्नुपर्ने अवस्था अहिले राप्रपामा छ । यति नांगो रूपमा थापा आइसकेपछि त्यहाँ बसेर केही अर्थ छैन ।"

दिलनाथ गिरी
हालै राप्रपा त्यागेका नेता तथा पूर्वमन्त्री
अनलाइन खबर

तस्बिरमा इतिहास

जानु छ, टाटा : ५७ वर्षअघि धरानको भोटेपुलस्थित हिमाल पेट्रोल पम्पमा इन्धन भर्दै गरेको बस ।

सोझै

तथ्यचित्र

खर्चिला सहर

काठमाडौं, नेपाल

स्रोत : इकोनोमिस्ट डटकम

साताका चर्चित

तारानाथ शर्मा
साहित्यकार

प्रत्येक चार वर्षमा दिइने प्राज्ञिक क्षेत्रको गरिमामय र ठूलो राशिको पृथ्वी प्रज्ञा पुरस्कार प्राप्त गरेकाले ।

दीपक बोहरा
स्वास्थ्यमन्त्री

स्वास्थ्य बिमा ऐनमा स्वास्थ्य बिमा बोर्डको कार्यकारी निर्देशक खुला प्रतिस्पर्धाबाट आउने व्यवस्थाविपरीत मन्त्रीस्तरीय निर्णयबाट गुणराज लोहनीलाई नियुक्त गरेकाले ।

महान् मापदण्ड

हाम्रो महान् तथा गौरवशाली एवं परम् लोकतान्त्रिक दल नामक कम्पनी लिमिटेडको साधारणसभा यही मध्य पुसमा हुने भएको छ । सकेसम्म हाम्रा महान् पार्टी प्रमुखको निवासमा, नभए पार्टी मुख्यालयमा साधारणसभाको आयोजना गरिएको छ । साधारणसभामा राजधानीमा उपलब्ध हुन सक्ने केन्द्रीय, प्रदेश तहका नेतादेखि प्रभावशाली, चर्चित, उपचर्चित नेतागणलाई उपस्थितिका लागि अनुरोध छ ।

उक्त दिन निर्वाचन आयोगद्वारा स्वीकृति प्राप्त भएबमोजिमको लाभांश पनि बाँडफाँट गरिनेछ । लाभांश बाँडफाँट गर्दा हाम्रा आदरणीय नेताज्यूका श्रीमती, साला, साली, प्रेमिका, भान्जा, भान्जी, बुहारी, मीत–मितिनी, मीततर्फका छोरा, छोरीज्वाइँलाई क्रमशः प्राथमिकताक्रम निर्धारण गरिएको छ । त्यसपछि बचेखुचेको लाभांश चुनावमा खट्ने नेता तथा कार्यकर्ताहरूलाई वितरण गरिनेछ । हाम्रो दलका चन्दादातालाई भने सञ्चित कोषबाट विशेष लाभांश पाउने व्यवस्था गरिएको छ ।

पुनश्चः साधारण सदस्यहरूलाई भने सभामा उपस्थित भएर भीड नबढाउन यही सूचनाद्वारा सूचित गरिन्छ ।

■ **रुन्चे राइँलो**

जागिरे दलको जय होस्

पहिले-पहिले नेकपा एमालेलाई जागिरे पार्टी भन्थे । प्रधानमन्त्री होस् या मन्त्री मात्रै । जे भए पनि सरकारमा जान पुग्थ्यो उसलाई । अहिले ठ्याक्कै एमालेको देखासिकीमा छ, नेकपा माओवादी केन्द्र । साँच्चै भनुँ भने उसलाई नेकपा जागिरे केन्द्र भन्दिए पनि फरक पर्दैन । उसका १६ थान मन्त्री तीन महिनादेखि बिनाविभागीय हैसियतमै झन्डा हल्लाउँदै हिंडिरहेका छन् । तलबभत्ता र सुरक्षाकर्मीमोह त होला, नत्र उनीहरूको देखिने काम केही छैन । विभागीय जागिरेहरूले फागुनसम्मै खाने भएपछि मिडियालाई मसला भने दिन्छन्, 'सरकारले तत्काल राजीनामा गर्नुपर्छ ।' आफूले त किन गर्नुपऱ्यो र ?

जागिरे केन्द्रको बहानाबाजी पनि नानाथरीकै छन् । पहिले भने, 'चुनाव सार्ने षड्यन्त्र भएकाले सरकार

कमरेड आज्ञा गर्नुहुन्छ...

आज्ञा गर्नुहुन्छ, 'हे केपी कमरेड ! तपाईंका लागि बालुवाटार निवास खाली गरिदिनुपर्ने कुरा सोह्रै आना सही हो । तर, तपाईंले पनि एमाले मुख्यालयमा रहेको अध्यक्ष पदको त्यो चित्ताकर्षक कालो कुर्सी मलाई हस्तान्तरण गर्ने कार्यमा विलम्ब नगर्नुहोस् । मलाई प्रधानमन्त्री पदभन्दा पनि एमाले हाँक्ने लहड छ । मलाई पनि एमाले मुख्यालयको भित्तामा एक थान फोटो टाँस्ने रहर छ ।'

श्रीस्वस्थानीमा कुमारजीले जस्तै एमालेमा केपी ओलीजी प्रचण्डलाई आज्ञा गर्नुहुन्छ, 'कामरेड ! शेरबहादुरजीलाई भनिदिनु पऱ्यो, चाँडोभन्दा चाँडो बालुवाटारबाट बूढानीलकण्ठ निवास सर्नुपऱ्यो । रात रहे अग्राख पलाउँछ भन्छन् । भोलि-पर्सि के हो के हो ? एकपटक फेरि प्रधानमन्त्री भएर सिंहदरबारमा फोटो टाँस्ने जिजीविषा छ ।'

प्रत्युत्तरमा कुमारजीकै शैलीमा प्रचण्ड

प्रचण्डजीको कथनपछि ओलीजीले कुनै पनि किसिमको आज्ञा गर्न केही दिनका लागि बन्द गर्नुभयो । आज्ञा गर्नुभन्दा स्वास्थ्यलाभ गर्नुमै आफ्नो कल्याण देख्नुभयो । इतिश्री ओली-प्रचण्ड संवाद ।

■ **वाटरगेट उपाध्याय**

अस्ट्रेलियाई प्रधानमन्त्रीलाई सुझाव



लाइफ ज्याकेटबिना डुंगामा सवार भएको कसुरमा अस्ट्रेलियाका प्रधानमन्त्री म्याल्कम टर्नबुललाई २ सय ५० डलर जरिवाना गराइएछ । हरे निरंकुशतन्त्र ! प्रधानमन्त्रीजस्तो व्यक्तिलाई त्यस्तो झिनो निहुँमा दुःख दिएकामा साह्रै चुकचुक लागिरहेको छ । बिचरा ! कस्तो देशमा जन्म लिएका रहेछन्, आफूखुसी गर्न पनि नपाइने ! जाबो लाइफ ज्याकेट नलगाएकामा प्रशासनलाई किन टाउको दुखेको होला ? त्यस्तो क्रूर शासन भएको देशमा के बस्नू ? बरू, आउनूस् हाम्रो देशमा । यहाँ जताततै, हरेक कुरामा स्वतन्त्रता छ । यहाँको सडकमा बेतोडले गाडी हाँक्न सक्नुहुन्छ तपाईं, ट्राफिक नियम पालना गर्नुपर्दैन । अझ

छाड्न मिल्दैन ।' त्यसपछि भाका सारे, 'प्रतिनिधिसभा र प्रदेशसभाको पहिलो चरणको मनोनयनपछि ।' फेरि निहुं बनाए, 'दोस्रो चरणको मनोनयनपछि ।' अहिले त मन्त्री फिर्ती नै असान्दर्भिक भइसक्यो रे ! जागिर बचाउन कतिसम्म जानेका यार ! अब त उनीहरूको जागिरे पार्टीमै विलय हुने कुरा छ क्यारे ! एउटा जागिरे पार्टीको अर्को जागिरे पार्टीमै विलयपछि महाजागिरे पार्टी बन्नेमा कुनै सन्देह रहेन । धेरैले एकैचाटि जागिर खान खोज्दा भने अलि समस्या भने हुन सक्छ । जागिरे दलको जय होस् !

■ **लाल कुमाल**



सके त एक-दुई जनालाई ठक्कर दिएर जान सके तपाईंको सानै बेग्लै हुन्छ । सरकारी गाडी निजी कामका लागि जति सक्नुहुन्छ, कुदाउन पाउनुहुन्छ । अझ मजा त के भने चुनाव नजिते पनि प्रधानमन्त्री हुन र कामचलाउ भएरै पनि महिनौं शासनसत्ता चलाउन पाइन्छ । त्यसैले यतै आउनूस्, ढुक्कसँग बस्नूस् !

■ **छुल्याहा गुरु**

झटारो | ■ **लक्ष्मण गाम्नागे**

यही हो स्थिर सरकार

वर्तमान नेपाल सरकार गजबको सरकार हो । यो नेपाली कांग्रेसको नेतृत्वमा गठित भए पनि यसमा राष्ट्रिय प्रजातन्त्र पार्टी, माओवादी केन्द्र र अरू अरू पनि दल सहभागी छन् । गएको निर्वाचनमा हारेका, जितेका, राष्ट्रिय दल, लोकल दल सबै यसमा अटाएका छन् । एक-अर्कालाई धूलोमा मिलाउने गरी प्रतिस्पर्धा गरेर चुनाव लडेका दल पनि सँगै बसेर सरकार चलाइरहेका छन् । वाम गठबन्धनको एक मुख्य हिस्सा माओवादी केन्द्रसमेत सरकारमा सहभागी भएकाले यो वाम गठबन्धनको पनि आफ्नै सरकार हो । सरकारमा प्रचण्ड भएपछि ओली छैनन् भन्न मिल्दैन । त्यसैले यो जत्तिको सर्वदलीय र सर्वसम्मत सरकार नेपालको इतिहासमा कमै बनेका थिए होलान् । यो एकदमै बलियो र शक्तिशाली सर्वदलीय सरकार हो ।

यो सरकार अनौठो सरकार पनि हो । सर्वदलीय भए पनि यो सरकार न बहुमतको सरकार हो, न अल्पमतको । यसका विरुद्ध न अविश्वासको प्रस्ताव दर्ता गर्ने ठाउँ छ, न कसैले सजिलै ढाल्न पाउँछ । प्रधानमन्त्रीबाहेक सबैले समर्थन फिर्ता लिए पनि यो सरकार ढल्दैन । कतिपय अबुझहरूले यसलाई कामचलाउ सरकार भनेकामा हाम्रा मन्त्रीहरूले तिनीहरूलाई मुखभरिको जवाफ दिँदै भनेका छन्- यो सरकार कामचलाउ होइन, यसले जस्तासुकै निर्णय गर्न सक्छ, गर्न पाउनुपर्छ । नभन्दै सरकारमा मन्त्री फेरिने क्रम पनि चलिरहेको छ । कर्मचारी सरुवा गर्ने, बढुवा गर्ने र राजनीतिक नियुक्ति गर्ने कामहरू पनि भइरहेकै छन् । नौ-नौ महिनामा सरकार फेरिने अस्थिरता विरुद्ध यो सरकार एक वर्षभन्दा बढी नै टिक्ने सम्भावना देखिँदैछ ।

यस्तो बलियो र सफल सरकार हामीले भोग्न पाएका छौं । यही सरकारले स्थानीय तहको निर्वाचन गरायो । यसले प्रदेशसभा र केन्द्रको निर्वाचन समेत भव्यताका साथ सम्पन्न गरायो । राष्ट्रियसभाको निर्वाचन पनि गराई छाड्न कम्मर कसेर लागेको छ । निर्वाचनजति सबै सम्पन्न गरेर मात्रै सरकार छाड्नुपरे पनि छाडौंला भन्ने विचारमा यो सरकार पुगेको छ । हो नि त, एउटा लोकतान्त्रिक सरकारलाई निर्वाचनप्रति चिन्ता नभए कसलाई हुन्छ ! वामहरूले सरकार बनाए भने मुलुकमा निर्वाचन नै हुँदैन भनेर प्रधानमन्त्रीले भनेकै छन् । तिनीहरूले निर्वाचन नगराउलान् र प्रजातन्त्र धरापमा पर्ला कि भन्ने चिन्ताले पनि देउवाजीको सरकारले सबै निर्वाचनहरू सम्पन्न गराउने अठोट लिएको हो । मौका पायो भने यो सरकारले राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुखहरूको निर्वाचन गराएर प्रजातन्त्रलाई पूरै मजबुत बनाउन पनि सक्छ ।

यो सरकारलाई यसरी चारैतिरबाट नियालेर हेर्दा के निष्कर्षमा पुगिन्छ भने निर्वाचनपछि बन्ने स्थिर सरकार नै यही हो । स्थिर सरकारको नारा दिएर वाम गठबन्धनले चुनाव जितेको भए पनि अब त्यसका लागि वाम गठबन्धनको सरकारको दरकार परेन । मुलुकमा स्वतः स्थिर सरकार कायम भयो । अझ केही समय यो स्थिर रहिरह्यो भने यसले वाम गठबन्धनका गाँठा खुस्काएर लामै समय सरकार चलाउने सम्भावना पनि छँदैछ । त्यसका लागि चौतर्फी प्रयासहरू भइरहेका पनि छन् । फस्लक्क पारेर वामहरूको गठबन्धन फुस्काउन सम्भव भयो भने यही सरकारले प्रधानमन्त्रीको निर्वाचन पनि गराइदिन्छ र थपक्क पाँच वर्ष चलाइदिन्छ । योभन्दा स्थिर सरकार कस्तो चाहिएको हो र नेपाली जनतालाई ?

kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
MANAGEMENT
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
Management; omnipresent in business. How is the world evolving in Management techniques? What makes a good Manager?
Find all you need to know about Management.
the kathmandupost
escalate
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16



महाकविलाई गुरुदक्षिणा

समाजकै गहना मानिने कवि/कलाकार र संस्कृतिकर्मीलाई मुलुकले महत्त्व नदिने हाम्रो परम्परै हो । महाकवि लक्ष्मीप्रसाद देवकोटा राज्यबाट त्यसरी नै उपेक्षित हुने व्यक्तिमा पर्नुहुन्छ । देवकोटा अन्तर्राष्ट्रिय सेमिनारमा भाग लिन जाँदा सरकारले उहाँको तलब नै रोकिदिएको थियो । सायद त्यसै भएर पनि उहाँले सरकारी जागिर आदिलाई उति महत्त्व दिनुभएन ।

देवकोटा चाकडी-चाप्लुसी गर्न नजान्ने व्यक्ति हुनुहुन्थ्यो । सायद त्यसैले उहाँ सधैँ राज्यको तारो बन्नुभयो । नभए त्यस्तो महान् प्रतिभा र विद्वता भएको व्यक्ति ट्युसन पढाएर गुजारा गर्नुपर्ने थिएन ।

मेरो पिताजीको समकालीन मित्र हुनुहुन्थ्यो, उहाँ । देवकोटासँगै शंकरदेव पन्त, गोदत्तमान, मित्रलाल आदि दरबार हाई स्कुलमा पढ्दा बुबा पनि सहपाठी हुनुहुन्थ्यो । त्यतिबेलैदेखि बुबा र देवकोटाका बीचमा घनिष्ट सम्बन्ध थियो । सायद त्यसैको फलस्वरूप देवकोटाबाट मैले पनि झन्डै २२ दिन ट्युसन पढ्ने मौका पाएको थिएँ । जाडो महिनामा उहाँ मन्डी ओढेर कमलपोखरीस्थित हाम्रो घरमा आउनुहुन्थ्यो र झन्डै डेढ/दुई घन्टा पढाउनुहुन्थ्यो । त्यसपछि उहाँ आफ्नो घरमा जम्मा भएका विद्यार्थीलाई पढाउन जानुहुन्थ्यो ।

धाराप्रवाह बोल्न सक्ने र पढाउन सक्ने अचम्मको खुबी थियो, देवकोटामा । एक/डेढ घन्टा धाराप्रवाह बोलेपछि उहाँ 'बुझ्यौ ?' भनेर सोध्नुहुन्थ्यो । विद्यार्थीले 'बुझेँ' भनेपछि थप प्रश्न गर्नु हुन्नथ्यो । र, त्यो समूहका विद्यार्थीलाई बिदा गर्दै अर्को समूहकालाई पढाउन बस्नुहुन्थ्यो । यसरी नै उहाँको दैनिकी चलेको थियो । विद्यार्थीलाई असाध्यै माया गर्ने स्वभाव थियो उहाँको ।

फकिर स्वभावको उहाँ ट्युसन पढाएको पैसा गरिब र दिनदुःखी देख्नुभयो भने बाँडेर पनि सक्नुहुन्थ्यो । बडो अनौठो र अजीबको सोख थियो उहाँको । डिल्लीबजारतिर घुम्दै जाँदा देवकोटासँग भेट हुन्थ्यो । लप्टनको होटलमा प्रायः उहाँ भेटिनुहुन्थ्यो । उहाँ चिया पिइरहेको अवस्थामा त्यो टेबुल सेयर गरे सबैको पैसा आफैँ तिरिदिनुहुन्थ्यो । मैले पनि धेरैपटक त्यसरी चिया खाएको पैसा उहाँले तिरिदिनुभएको छ । घर-परिवारभन्दा साथीभाइ र इष्टमित्रलाई ज्यादा महत्त्व दिने स्वभाव थियो उहाँको ।

नेपालीको त कुरै भएन, अंग्रेजी भाषामा पनि उहाँको पकड बेजोड थियो । त्यही भएर होला, देवेन्द्रराज राणासमेत उहाँसँग ट्युसन पढ्न आउनुहुन्थ्यो ।

विसं ०१० मा आईए पढ्दाकै कुरा हो । फ्रान्सिस बेकनको *अफ स्टडिज* निबन्ध संग्रहभित्र समावेश एउटा निबन्ध बुझ्न नसकेपछि म उहाँको मैतीदेवीस्थित घरमा पुगेको थिएँ । उहाँ आईए दोस्रो वर्षका विद्यार्थीलाई पढाइरहनुभएको थियो । एकचित्तले बोलिरहनुभएको थियो, विद्यार्थी सुनिरहेका थिए । मलाई सम्झना भएसम्म भर्जिनिया उल्फको 'द डेथ अफ द मथ' भन्ने निबन्ध उहाँले पढाइरहनुभएको थियो । म पनि विद्यार्थीको समूहमा बसेर त्यस निबन्धबारे देवकोटाको धाराप्रवाह प्रवचन सुनिरहेँ । दुई घन्टादेखि निरन्तर पढाइरहनुभएका देवकोटाले ती विद्यार्थीलाई सोध्नुभयो, 'बुझ्यौ त ?' विद्यार्थीहरूले सकारात्मक जवाफ फर्काएपछि 'ल आजलाई तिमीहरूलाई छुट्टी' भन्दै उनीहरूलाई बिदा गर्नुभयो । अनि, मतर्फ हेरेर सोध्नुभयो, 'बाबु ! तिमी किन नि ?'

मैले आफू आउनुको कारण बताएँ र त्यस निबन्धका बारेमा जिज्ञासा राखेँ । उहाँले यत्ति भन्नुभयो, 'यो अहिले होइन, पछिलाई काम लाग्छ । अहिले घर जाऊ ।' म अलमलमा परेँ । देवकोटासँग दोहोरो कुरा गर्ने हिम्मत पनि भएन । म सरासर घर फर्किएँ र बुबालाई सबै कुरा बताएँ । बुबाबाट थाहा पाएँ, विषयवस्तुमा डुबेर पढाइरहेकाले मैले सोधेको प्रश्नको सन्दर्भलाई देवकोटाले आफूले भर्खर पढाइरहेका विद्यार्थीसँग तुलना गरेर जवाफ दिनुभएको रहेछ । त्यसपछि बुबाले फेरि विस्तारमा देवकोटासँग यस विषयमा कुरा गरेपछि उहाँले मलाई त्यस निबन्धका बारेमा थप स्पष्ट पार्नुभएको थियो ।

कसैको आलोचना नगर्ने र सकेसम्म प्रोत्साहन नै गर्ने स्वभाव थियो देवकोटाको । उहाँजस्तो उदार हृदयको व्यक्ति कमै पाइन्छन् । साधारण स्वभावको असल साहित्यकार व्यक्तित्व थियो उहाँको । विसं ०१६ मा आफू शिक्षा तथा स्वायत्त शासनमन्त्री हुँदा नेपालभर नेपाली भाषालाई अनिवार्य विषयका रूपमा लागू गर्न-गराउनु र वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापनामा सक्रिय योगदान दिनु देवकोटाका अविस्मरणीय योगदान हुन् ।

त्यस्ता व्यक्तित्व देवकोटाले २२ दिन ट्युसन पढाएको गुरुदक्षिणा आफ्नै हातले दिन नपाएकामा पछिसम्मै मलाई थकथक लागिरहन्थ्यो । तर, एक दिन उहाँका सुपुत्र पद्म देवकोटाको विशेष आग्रहमा महाकविका १८ वटा गीत गायक/गायिका खोजेर गाउन लगाउने जिम्मा दिनुभयो । नेपाल म्युजिक सेन्टरमा झन्डै एक साताको अभ्यासपछि मुलुकमा नाम चलेका गायक/गायिकद्वारा महाकवि जीवित छँदा गाउने अवसर नमिलेका ती गीत गाउन लगाएर प्रज्ञा प्रतिष्ठानमा सुमधुर सांगीतिक कार्यक्रम गराएँ । यो जिम्मेवारी पाउनुलाई मैले गुरुदक्षिण चुक्ता गर्ने अवसर पाएजस्तो मानेँ ।

॥ प्रस्तुति : ईश्वरी ज्ञवाली

बास्नाबिनाको बासमती

तराईका फाँटबाट लोप हुँदैछन् बास्नादार धानका रैथाने प्रजाति

जे पाण्डे/नेपालगन्ज

खजुराखुर्दका वंशराम कुम्हार आफ्नो खेतमा बासमती धान कुन्यु लगाउँदैछन् । सँगै धानले भरिनै लागेको लडिया (गोरु गाडा) रोकिएको छ । खेतनजिक सडकछेउमा एउटा आमसभा भइरहेछ । नेताहरू राजनीतिक स्थिरता दिने भाषण गरिरहेका छन् । तराईका ठूलठूला फाँटबाट लोप हुँदै गएको रैथाने धानका प्रजातिको संरक्षणतिर कसैको चासो थिएन । नेताको भाषणप्रति वंशराममा विश्वास र आकर्षण थिएन । उनी चिन्तित देखिन्थे । अँगालोको धान लडियामा राख्दै उनी मुर्मुरिए, “कालानमक जात त लोपै भइसक्यो, बीउसमेत पाइँदैन । बासमती, कालानमक र श्यामजिरा प्रजाति पनि त्यतैतिर उन्मुख छन् ।”

एक समय थियो, कसैको भान्सामा यी जातको चामल पाक्दा टोल-छिमेक नै सुगन्धित हुन्थ्यो । खाँदा पनि निकै मुलायम अनि स्वादको त कुरै भएन । कालानमक चामलको एक गाँस भात खानेलाई अरू जातको भात मुखमा काँडा बिझ्भाएजस्तो हुने । भान्सामा भात पाक्दा मात्र होइन, धान पाक्दासमेत खेतबाट परपरसम्म सुगन्ध फैलिन्थ्यो । अझ बासमतीको त धान-चामलमा मात्रै होइन, धानको पातमै सुगन्ध हुन्छ ।

पुर्खाले घर आउने नयाँ आगन्तुकको सत्कार कालानमकको भात पस्केर गर्थे । मान र प्रतिष्ठाका प्रतीक थिए, बास्नादार धानका यी प्रजाति । ती दिन अब सम्झनामा मात्रै छन् । किनभने, यी रैथाने प्रजाति तराईका भान्सामा बिरलै पाइन्छ अचेल । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको समथर तराईमा खेतबाटै बास्ना छर्ने यी लोपोन्मुख जातको संरक्षण प्रयास कतैबाट भएको छैन । प्रदेश-५, ६ र ७ को क्षेत्रीय कृषि अनुसन्धान केन्द्रनजिकै खजुराका किसान यो केन्द्रको औचित्यमाथि नै प्रश्न उठाउँछन् । वंशराम भन्छन्, “सबै हाइब्रिडतिर लागे । रैथाने जात जोगाउन कोही चाहँदैनन् ।”

उनको पुस्ताले कालानमक र श्यामजिराको खेती गर्दै आएको थियो । नयाँ पुस्ता नाफा र बजारमुखी हुँदै गएको छ, जो कम लगानीमा बढी मुनाफा चाहन्छ ।

तस्बिरहरू : जे पाण्डे

लोपोन्मुख अवस्थामा पुगेको तराईको रैथाने बासमती धान स्याहार्दै बाँके, खजुराका किसान वंशराम कुम्हार र उनका छोरा रामबाबु

वंशरामका बाबु-छोरा मंसिरको अन्तिम साता थोरै भए पनि श्यामजिरा धान भित्र्याउँदै थिए । खेतमा भेटिएका यी बाबु-छोराबीच अबदेखि बास्नादार धान खेती गर्ने कि नगर्ने भन्ने मतभेद छ । "थोरै फल्छ, लगानी धेरै हुन्छ । किन खेती गर्ने ?" वंशरामका छोरा रामबाबु भन्दै थिए, "श्यामजिरा ५ हजार ५ सय रुपियाँ क्विन्टल छ । तर, २ देखि ३ हजार रुपियाँ क्विन्टलको मोटो धान लगाउँदा बढी फाइदा हुन्छ ।" वंशरामले कालानमक लगाउन छाडेको २० वर्ष भयो । १० वर्षदेखि २० र २२ क्विन्टल श्यामजिरा धान फलाइरहेछन् उनीहरू ।

बासमती धान

बास्नादार धानको अर्को समस्या पनि छ अहिले । जस्तो : यी प्रजातिका धानको पहिले त बीउ छर्दा ब्याडबाटै बास्ना आउँथ्यो । अहिले पाकेकै धान काट्दा पनि आउँदैन । खाँदा पनि बास्ना हुँदैन । रासायनिक मल र विषादीको बढ्दो प्रयोगले रैथाने बासमतीबाट बास्ना आउनै छाडेको किसानहरूको आशंका छ ।

नेपागन्जको गल्ला बजारमा रैथाने बासमती, कालानमक र श्यामजिरा चामल पाइनै छाडेको छ । पाइहाले पनि कृतिम बास्नादार मात्रै पाइन्छ । उस्तै बास्ना आउने लेपयुक्त चामल आउन थालेको छ, जसमा किनेर भन्सामा पुऱ्याउँदासम्म सुगन्ध रहन्छ, पखालेर पकाएपछि सकिन्छ । पुस्तैनी धान-चामललगायत खाद्यान्नको व्यापार गर्दै आएका राजेश मित्तल भन्छन्, "मनसुलीको जस्तो बास्ना छरेको चामल आउँछ, उपभोक्ताले पत्तो नै पाउँदैनन् ।"

त्यो बास्नादार पनि सीमापारिका बजारबाट आउँछ । नेपालगन्ज नाकानजिकैको भारतीय बजार रुपैडिहामा पुगेर महँगो भाउमा बासमती किनेर ल्याउनेमध्ये कैयौँ नेपाली झुक्किन्छन् । मित्तल सुझाव दिन्छन्, "कस्तो खालको बास्ना छर्छन्, थाहा छैन तर नकिन्नु नै उत्तम ।" उनी पनि रासायनिक मलको बढ्दो प्रयोग नै रैथाने जातका धान-चामलबाट सुगन्ध खोसिनुको कारण हुन सक्ने अनुमान गर्छन् । आफूकहाँ किसानले मनसुली र बासमती ल्याउनै छाडेको पाँच वर्ष भइसकेको बताउँछन् ।

तर, धान अनुसन्धानमा संलग्न वैज्ञानिकहरू कालानमक, बासमती र श्यामजिराको सुगन्ध परिवर्तित मौसमले खोसेको बताउँछन् । सुगन्धित धानका लागि वातावरण प्रतिकूल हुँदै गएको उनीहरूको भनाइ छ । क्षेत्रीय कृषि अनुसन्धान केन्द्रका धान वैज्ञानिक सन्तोष त्रिपाठी भन्छन्, "बास्ना आउने धानका लागि अहिलेको हावापानी प्रतिकूल छ । त्यसैले सुगन्ध हराएको हो ।" बास्नादार धान लोप हुँदै गएपछि वैज्ञानिकहरू पनि चिन्तित छन् । त्रिपाठी बास्नादार धानमा रोग बढी लाग्ने र ढल्ने हुँदा किसानले खेती गर्न छाड्दै गएको बताउँछन् । संरक्षणको विकल्प नदेखिएपछि लोपोन्मुख धानको बीउ संकलन गर्न थालिएको छ । रैथाने जात कालानमक, बासमती र श्यामजिरा जीन बैंकमा पुगेका छन् । क्रस गरेर नयाँ जात निकाल्ने प्रयास हुँदै छ । "रोग कम लाग्ने र धेरै फल्ने बनाउन थालेका छौँ," त्रिपाठी भन्छन्, "१० देखि १२ वर्ष लाग्छ होला । तर, त्यस कार्यमा पूर्ण सफलता प्राप्त हुने हो-होइन, निश्चित छैन ।"

तराईबाट बासमतीमा बास्ना हराउनुको अर्को कारण सरकारी नीतिलाई पनि मुख्य कारक मानिएको छ । उदाहरणका लागि, कृषि मन्त्रालयले नीतिगत रूपमै रैथाने जातलाई बेवास्ता गर्दै आएको छ । उन्नत धान खेती गर्ने किसानले अनुदान पाउँछन् । तर, रैथाने जातको खेती गर्नेले पाउँदैनन् । जिल्ला कृषि विकास कार्यालयका बाली विकास अधिकृत कला बुढामगर भन्छिन्, "हामी बढी उत्पादन हुने धानमा फोकस गर्छौं । अनुदान पनि त्यस्तै बाली लगाउने किसानले पाउँछन् । उनका भनाइमा, बास्नादार धान दूरदराजका किसानले मात्र लगाउँछन्, जहाँका किसानले उन्नत बीउ पाउँदैनन् । अझ त्यस्तो क्षेत्रका किसानले पनि बास्नादार धानको बीउ राख्न छाड्दै गएका छन् । "किनभने, बीउ राख्न र कीराबाट जोगाउन निकै परिश्रम गर्नुपर्छ," बुढामगर भन्छिन् ।

यस्ता अनेकौं कारणले बासमतीजस्ता मूल्यवान् धान जीन बैंकमा पुऱ्याउने क्रम जारी छ । लोपोन्मुख धानको नमुना जीन बैंकमा १० देखि एक सय वर्ष राख्न सकिन्छ । जहाँ वैज्ञानिकहरूले अनुसन्धान प्रक्रिया पूरा गरेर रैथाने जातका धानमा रोग प्रतिरोधक क्षमता बढाउन सफलता प्राप्त गर्ने र फेरि ती धान खेतमा देख्न पाइने अपेक्षा छ । तर, त्यसका लागि कम्तीमा पनि पाँच वर्ष लाग्छ । त्यतिन्जेल कुर्नुबाहेक अरू विकल्प छैन । ◆

K33 Hairhotel
कोटेश्वर : प्रभु बैंकको माथिल्लो तल्ला, फोन : ५१००२०७, ५१००२०८, ५१००४१९, मो· ९८५१०११३१५, इमेल : info@k33nepal.com
त्रिपुरेश्वर : युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, पहिलो तल्ला, B78~81, फोन : ४११७२३३, ४११७२४४, इमेल : kathmandu@k33nepal.com, **चावहिल :** एसि कम्प्लेक्स पाँचौं तल्ला, फोन : ४४९९६९६, ४४६१८३७

सहरीकरण

जुम्सो विकास

सडक निर्माण र विस्तारमा जताततै अवरोध

■ माधव बस्नेत

चाबहिल-जोरपाटी-वाग्मती-साँखु सडक (१२ किलोमिटर) निर्माणको ठेक्का सम्झौता १४ पुसमा सकियो। १४ पुस ०७४ मा काम सम्पन्न गर्ने गरी ६ असोज ०७२ मा यो सडक खण्डको सम्झौता भएको थियो। काठमाडौं उपत्यका सडक विस्तार आयोजनाका प्रवक्ता तथा इन्जिनियर विश्व विजयलाल श्रेष्ठका अनुसार सम्झौतामा उल्लिखित समयावधि सकिँदासम्म यस सडक खण्डको काम ३० प्रतिशत हाराहारी मात्र सम्पन्न भएको छ।

त्रिपुरेश्वर-कलंकी-नागढुंगा सडक (९.३८ किमि) निर्माण त अझ बेहाल छ। यस सडक खण्ड निर्माणको सम्झौता ३० असोज ०७४ मै सकिइसकेको छ। यही सडक खण्डको बाँकी ३ किमिको सम्झौता पनि ३० पुसमा सकिँदैछ। सम्झौता अवधि सकिइसकेको यस सडकको कामचाहिँ करिब ३० प्रतिशत मात्र सकिएको छ। र, ३० पुसमा अवधि सकिन लागेको खण्डको काम आधा पनि सकिएको छैन।

यी दुई उदाहरणले काठमाडौं उपत्यकाको सडक विस्तारको अवस्था कति जुम्सो छ भन्ने बताउँछ। सडक विभाग अन्तर्गत काठमाडौं उपत्यकाभित्र ३ सय १८ किमि सडक निर्माण हुँदैछ। चार वर्षअघि थालिएको यो निर्माणको क्रममा अहिलेसम्म १ सय ४४ किमि सडक मात्र बनेको छ, कुनै सडक आधा बनेको छैन। यसमध्ये काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले १० वटा, डिभिजन सडक कार्यालय काठमाडौं १ ले ५१, डिभिजन सडक कार्यालय काठमाडौं २ ले १५, डिभिजन सडक कार्यालय ललितपुरले १० र डिभिजन सडक कार्यालय भक्तपुरले ६ वटा गरी यी निकायले गुणस्तर सुधार/विस्तार गर्नुपर्ने सडकको संख्या ९२ वटा छन्। तर, विडम्बना के भने ९२ वटामध्ये एउटा सडक पनि पूर्ण निर्माण सम्पन्न भएको छैन।

काठमाडौं उपत्यका सडक विस्तार आयोजनाका प्रवक्ता श्रेष्ठका भनाइमा धेरैजसो सडकमा जग्गाको मुआब्जा माग्दै नागरिकहरू अदालत गएपछि र अदालतले निर्माण कार्य रोक्न अन्तरिम आदेश दिएसँगै विस्तारको काम रोकिन पुगेको हो। सडक निर्माणले सुस्त गति लिनुको प्रमुख कारण यही रहेको श्रेष्ठको दाबी छ। उनका अनुसार नेपाल सरकारले आफ्नै स्रोत-साधनमा बनाएको सडकमा जग्गाको मुआब्जा दिने चलन छैन। सरकारी मापदण्ड अनुसार बनाएको घरको चाहिँ क्षतिपूर्ति दिइन्छ। संविधानले नै व्यक्तिको सम्पत्तिको हकको रक्षा गरेको छ। त्यसैले नागरिकहरू सडक विस्तारमा पर्न लागेको आफ्नो जमिनको मुआब्जा माग गर्दै अदालत जाने गरेका छन्। कतिसम्म भने त्रिपुरेश्वर-कलंकी-नागढुंगा सडक खण्डमा



लामो समयदेखि अलपत्र त्रिपुरेश्वर-टेकु सडक खण्ड

नैकाप, तीनथाना, सतुंगल, गुर्जुधारा तथा थानकोट क्षेत्रका ८४ जनाले अदालतमा रिट दायर गरेका छन्। अदालतले उनीहरूकै पक्षमा अन्तरिम आदेश दिएको छ। त्यसैले यस सडक खण्डको विस्तार पूरै रोकिएको छ।

चाबहिल-जोरपाटी-साँखु सडक खण्डको हालत पनि उस्तै छ। दक्षिण ढोका, थली, डाँछी, सलम्बुटार क्षेत्रका १ सय १२ जना स्थानीयले सडक विस्तारविरुद्ध अदालतमा रिट हालेका थिए। यहाँ पनि अदालतले उनीहरूकै पक्षमा अन्तरिम आदेश दिएको छ। स्थानीयको अवरोध कस्तोसम्म छ भन्ने बुझ्न लगनखेल-सातदोबाटो क्षेत्रको अर्को एउटा उदाहरण हेरौँ। यहाँ लगनखेलदेखि सातदोबाटोसम्म आठ सय मिटर सडक विस्तार गर्नुपर्नेछ। २६ असोज ०७४ मा निर्माण सम्पन्न गरी सक्ने सर्तमा २६ जेठ ०७३ मा समानान्तर निर्माण सेवाले यस खण्डको ठेक्का लिएको थियो। जब निर्माण कार्य अघि बढ्यो, स्थानीयद्वारा क्षेत्र कम गर्न तथा घरजग्गा दुवैको मुआब्जा माग गर्दै अवरोध भयो। असोजमै ठेक्का सम्झौता अवधि सकिएको छ। तर, निर्माण कार्य २५ प्रतिशत पनि भएको छैन। काठमाडौँमा २२ र ललितपुरमा २० मिटर चौडाइमा सडक विस्तारको योजना छ। जबकि, यसबमोजिम चौडा गर्दा लगनखेलबाट सातदोबाटो पुग्नै लाग्दाका पुराना घरहरू सबै भत्काउनुपर्छ। तर, स्थानीयले बरू सडक फराकिलो नचाहिने तर घर भत्काउन नदिने भन्दै विस्तारमा अवरोध पुऱ्याइरहेका छन्।

स्थानीयबाहेक सडक विस्तारमा अवरोध पुऱ्याउने अर्को कारण बिजुली र टेलिफोनका पोलहरू हुन्। नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकमले समयमै पोलहरू स्थानान्तरण नगरिदिँदा विस्तार अवरुद्ध हुने गरेको छ। जस्तो कि, त्रिपुरेश्वर-कलंकी-नागढुंगा खण्डमा मात्र ५ सय १२ वटा विद्युत् पोल सार्नु छ। तर, विद्युत् प्राधिकरणले अहिलेसम्म १ सय ७१ वटा पोल मात्र सारिदिएको छ। बाँकी पोल कहिलेसम्म सारिदिने टुंगो छैन। विद्युत् प्राधिकरणका अधिकारीहरूले आर्थिक अभावमा पोल सार्न नसकिएको बताउने गरेका छन् सडकका कर्मचारीहरूसँग। यस सडक खण्डमा टेलिफोनका २ सय ७५ वटा पोल सार्नुपर्नेछ। कतिपय स्थानमा रूख पर्ने भएकाले ती काट्न वन मन्त्रालयले स्वीकृति दिनुपर्नेमा समयमै त्यस्तो अनुमति नपाउँदा पनि समस्या छ।

अर्कोतिर, मेलम्ची खानेपानी आयोजनाको काम नसकुन्जेल सडक विस्तारको कामले गति नलिने देखिन्छ। यसको पछिल्लो उदाहरण काठमाडौँ नरेफाँटको सडक हो। नरेफाँटमा सडक पिच गरेको एक साता पनि बितेको थिएन, मेलम्ची खानेपानी आयोजनाले पाइप बिछ्याउन सडक खन्न सुरु गऱ्यो। यस्तो हालत उपत्यकामा जताततै छ।

काठमाडौँमा अब भत्काउन बाँकी सडक कहीँ पनि छैन। सबै सडक एकैपटक भत्काएर लथालिंग बनाउनुभन्दा एउटा खण्डको काम सकेर अर्को खण्डमा विस्तार सुरु गरेको भए जताततैको अवस्था दयनीय हुने थिएन। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत आर्थिक पूर्वाधार महाशाखाका प्रमुख तथा सह-सचिव नारायणप्रसाद रेग्मी भन्छन्, "तीन-चार वर्षसम्म पनि बनाउन नसक्ने गरी उपत्यकाका सबै सडक एकैपटक किन भत्काएको हो। मैले पनि बुझ्न सकेको छैन। कर्मचारीको तहबाट सक्रिय पहल नगरेकाले पनि सडक विस्तार कार्यले गति लिन नसकेको देखिन्छ।"

सडकहरू समयमै किन बन्दैनन्? सरकारी ताकेताको अभाव, ठेकेदारको ढिलासुस्ती, सर्वसाधारणको अवरोध, बिजुली, टेलिफोनका पोल, वन, खानेपानीका उल्झन त होलान् नै, त्यसभन्दा महत्त्वपूर्ण समस्याचाहिँ पूर्वाधार विकासको राष्ट्रिय पद्धति नै हो। किनभने, हाम्रो पूर्वाधार विकासको राष्ट्रिय पद्धति निकै कमजोर छ। निर्माण व्यवस्थापन, सार्वजनिक खरिदलगायत विषयमा उल्झनै उल्झन छन्। पूर्वाधारविज्ञ सूर्यराज आचार्यका अनुसार विकास या गुणस्तर भएन भनेर छिपछिपे बहस मात्र भयो। पूर्वाधार विकास, गुणस्तरीय कामलाई राष्ट्रिय प्राथमिकताको पहिलो तहमा पार्दै पारिएन। "राज्य सञ्चालनको तहमा बसेकाहरूको दरिलो इच्छाशक्तिको अभावमा सडकको अवस्था लथालिंग भएको हो," आचार्य भन्छन्, "पूर्वाधार विकासको नीतिमै समस्या भएकाले कुनै पनि काम समयमा हुन नसकेको हो।" ♦

	डिभिजन सडक कार्यालय, काठमाडौँ २, टेकु	डिभिजन सडक कार्यालय, ललितपुर	डिभिजन सडक कार्यालय, भक्तपुर
लक्ष्य	५७.९५ किमि	३६.५० किमि	२७.०६ किमि
प्रगति	१६.२२ किमि	३२.३८ किमि	११.६५ किमि
बनाउनुपर्ने (सडक)	१५	१०	६
हटाउनुपर्ने (बिजुली पोल)	६०२	१०७	२२०
हटाउनुपर्ने (ट्रान्सफर्मर)	११	१	१
हटाउनुपर्ने (टेलिफोन पोल)	२३८	१२	१२१
हटाउनुपर्ने (काट्नुपर्ने रूख)	२४	०	०
हटाउनुपर्ने (घर/टहरा)	५५२	१५	१५५
हटाउनुपर्ने (खानेपानीको व्यवधान)	१	४१	२

टेलिफोन पोल | काट्नुपर्ने रूख | घर/टहरा | खानेपानीको व्यवधान

तमानखोलाको सपना

विकासविद्‌हरूको नजर नपरेको गाउँ

प्रकाश बराल /तमानखोला (बाग्लुङ)

गत महिना तमानखोला गाउँपालिका-६, नर्जाखानीका रनबहादुर छन्त्याल सिकिस्त बिरामी परे । उपचारका लागि नजिकको बजार बुर्तिवाङ पुग्न एक दिनको पैदल, सदरमुकाम बाग्लुङ पुग्न दुई दिन पूरै लाग्ने । तत्काल उपचार नभए ज्यानै जाने जोखिम थियो । बोकेरै उपचारमा लैजाँदा केही दिनअघि गाउँकै गुनदेवी छन्त्यालको बाटैमा मृत्यु भएको थियो । त्यही सम्झेर गाउँलेले जसरी पनि ज्यान बचाउने उपाय खोजी गरे ।

ज्यानभन्दा ठूलो केही होइन भन्नेमा गाउँलेको मत मिलेपछि वडाध्यक्ष कुलबहादुर छन्त्यालको जमानीमा हेलिकप्टर बोलाएर रनबहादुरलाई काठमाडौँ पठाइयो । "उपचारमा भएको खर्चको हिसाब-किताब थाहा भएन, हेलिकप्टर ल्याउँदाको साढे दुई लाख रुपियाँ गाउँलेको चन्दाले तिरियो," वडाध्यक्ष छन्त्याल भन्छन्, "उपचारबाट फर्केर उनले त्यो रकम कसरी तिर्न सक्छन् र !" अब पनि गाउँमै स्वास्थ्य सेवा पाउन नसके धेरैले घरघरमै मर्नुपर्ने उनले गुनासो गरे । अहिलेसम्म सडक सञ्जालले नछोएको नर्जाखानी, पाल्ले र भित्रीवनको यो पीडाले बर्सेनि सताइरहेको छ । खुंखानी, उपल्लो र तल्लो ठासपुरी र बुंगादोभानको सोमरलगायतका दर्जन बढी गाउँमा यस्तै पीडा लुकेको छ ।

साबिकका खुंखानी, बुंगादोभान र तमान गाविस मिलाएर बनेको तमानखोला गाउँपालिकाका बासिन्दाको पीडा सडक अभावमा पटक-पटक बल्झिरहेको छ । गाउँगाउँमा सिंहदरबार आउने आशमा बसेकाहरूले स्थानीय निर्वाचनपछिको सात महिना बेहोरिसकेका छन् । सानो आकारको बजेट, पूर्वाधारबिनाको गाउँपालिकाले वास्तविक पीडामा मलम लगाउन सकेको छैन । सामान्य बिरामी हुँदा उपचार पाउने व्यवस्था तमानखोलेलाई पहिलो आवश्यकता हो । स्थानीय सोमलाल सुन्चौरी भन्छिन्, "सिंहदरबारले कम्तीमा बुर्तिवाङसम्म सडक खुलाइदिए हुन्थ्यो ।" बुर्तिवाङसम्म मध्यपहाडी लोकमार्ग स्तरोन्नतिको क्रममा रहेकाले त्यहाँबाट सदरमुकाम र बुटवलसम्म पुग्न सहज पहुँच छ ।

दुई तिहाइ दलित र एक तिहाइ जनजाति बस्ने नर्जाखानीमा मीठो-मसिनो खाने चाडपर्वमा मात्र हो । बिरामी पर्दा उपचार, बालबालिकाले सहज पढ्ने अवसर र खाद्यान्न खरिदका लागि बजार पुग्ने बाटो बाहेक अरू माग्न पनि उनीहरू जान्दैनन् । विकासका नाममा ठूला आकांक्षा पाल्न नसकेको बताउने छन्त्याल भन्छन्, "यहाँ खानेपानीको पनि समस्या छ, बिजुली आउने कहिले हो पत्तो छैन, हामीले अकालमा मर्नेलाई बचाउने र आफूले पढ्न नपाए पनि छोराछोरीले पढ्न पाए पुग्छ ।" भित्रीवनदेखि ६ घन्टाको पैदल दूरीमा मात्र एउटा माध्यमिक विद्यालय छ । शान्ति मावि खुंखानीमा पढाउन सक्ने अभिभावकले छोराछोरीलाई डेरा खोजेर राख्नुपर्छ । घरैबाट आउजाउ गर्ने सम्भावना छैन । पैदल हिँड्ने बाटो पनि लडेर मरिएलाजस्तो छ । जंगल र खोलाको तीरैतीर हिँड्नुपर्दा समूह बनाएर मात्र हिँड्छन् गाउँले । त्यसैले गाउँमा हातैले गन्ने बाहेक पढेलेखेका भेटिँदैनन् । ढोरपाटन र बुकी लेकमा भेडाबाख्रा चराएर उनीहरूको दैनिकी बितेको छ ।

धान नफल्ने ठाउँ भएकाले चामलको भात खान चाडपर्व कुर्नुपर्ने बाध्यता छ । सधैँ पिठ्यूँमा बोकेर लगेको खाद्यान्नले पुग्दैन । त्यसैले आलु, मकै र कोदोका परिकार खाएर उनीहरूको गुजारा चलिरहेको छ ।

नेपालको नक्साजस्तै फैलिएको जिल्लामा कर्णालीजस्तै मानिने तमानखोला पुरानो बुंगा दोभान, तमान र खुंखानी गाविसलाई

मिलाइएको हो । “भूगोलले ठगेकाले हामीले विकास देख्न पाएनौँ,” २० वर्षीया सपना गोतामे भन्छिन्, “समयमा परीक्षण गर्न नपाएर दुईपल्ट गर्भ खेर गयो ।” गोतामेले १५ वर्षमै विवाह गरेकी थिइन्। अहिले उनको काखमा एक वर्षको छोरा छ। नियमित उपचार र खोप लगाउनेबारे अझै उनलाई थाहा छैन। बाल विवाह गर्न हुँदैन भनेर सिकाउने कोही नभएपछि उनी रोगी बन्न बाध्य भइन्।

दसैँपछि बुर्तिवाङदेखि १२ किमि परको बुंगा दोभान बजारसम्म मात्र सडकको ट्र्याक खुलेको छ। त्यो पनि साँघुरा मोडले निकै जोखिम छ । गाउँको विकास गर्ने प्रतिबद्धता जनाएर चुनाव जितेका यहाँका जनप्रतिनिधिहरूलाई अहिले आफ्ना सबै वडामा सडकको ट्र्याक खोल्ने मुख्य चुनौती छ । गाउँपालिका अध्यक्ष जोकलाल बुढा भन्छन्, “सबैभन्दा टाढा र कठिन भूगोलमा रहेकाले तमानखोला गाउँपालिकाको विकास कर्णालीजत्तिकै जटिल छ । उम्मेदवार बन्दा काम सजिलै सकिएला भन्ने सोचे पनि जितेर आएपछि चित्त बुझाउन सकेको छैन ।” प्रयास भने गरिरहेको उनको दाबी छ। उनी विजयी भएर आएपछि बुर्तिवाङदेखि बुंगा दोभान हुँदै खुंखानीको तल्लो गाउँसम्म जिप चल्ने सडकको ट्र्याक खोलिएको छ।

गाउँपालिकाको १५ लाख रुपियाँ बजेटमा स्थानीय श्रमदान मिलाएर बनेको सडकले बुंगा दोभानको एउटा बस्तीसम्म खाद्यान्न ढुवानीमा ठूलो राहत मिलेको छ । बुंगा दोभानदेखि तमान जोड्ने १२ किमि सडकको ट्र्याक र देउरालीदेखि सोलेडाँडा जोड्ने १० किमि सडक बन्दैछ । सोलेबाट म्याग्दीको दरबाङ भएर बेनी पुग्दा यहाँका बासिन्दालाई दैनिक उपभोग्य वस्तु खरिदका लागि सहज हुन्छ । कर राजस्व संकलन हुने अहिलेसम्म कुनै बाटो छैन । किसानले पालेका खसीबोका र भेडा निकासीको कर लिने योजना गाउँपालिकाले बनाएको छ । गाउँपालिकाभित्र १३ वटा लघु जलविद्युत् छन् । अब स-सानो लगानी गरेर बत्ती बाल्नुभन्दा एउटै ठूलो आयोजना बनाउन सकेमा राजस्व संकलन हुने प्रशासकीय अधिकृत खिमबहादुर विकको चाहना छ । “कम्तीमा एउटा ५० मेगावाटसम्मको विद्युत् आयोजना बनाउने र पहरा रंगाएर पर्यटक भित्र्याउने बाहेक अरू उपाय छैन,” उनी भन्छन्, “पहरा मात्र भएकाले पहाड चढ्ने साहसिक खेलमार्फत पर्यटक भित्र्याउन सकिन्थ्यो कि !” तर, पर्यटक ल्याउनका लागि रणनीतिक सडक बन्नुपर्ने उनको तर्क छ।

गाउँपालिकाको आफ्नै भवन छैन । स्थानीय स्वास्थ्य संस्थाका केही कोठा प्रयोग गरेर कार्यालय स्थापना गरिएको छ। २५ लाख रुपियाँ लगानी गरेर स्वास्थ्यचौकीमा तला थपेपछि कामचलाउ कार्यालय राखिएको छ । प्रशासकीय अधिकृत, लेखापाल र ६ वडामध्ये दुई जना वडासचिवबाहेक अन्य कर्मचारी छैनन्। गाउँपालिकाका प्रत्येक वडामा पैदलै जानुपर्ने बाध्यता छ । खानेपानीको पनि समस्या छ। विद्युत्, यातायात, विद्यालयसमेत नभएकाले गाउँपालिकाले दीर्घकालीन रूपमा ६ नम्बर वडाको पात्ले, नर्जाखानी र भित्रीवनलाई एकीकृत बस्ती विकास गर्ने योजना बनाएको छ । तर, त्यसका लागि करोडौँ रुपियाँ लाग्छ । गाउँपालिकाको एकल प्रयासले त्यो योजना पूरा नहुने विक बताउँछन्। राष्ट्रिय योजनामा सूचीकृत भए झन्डै चार सय घरलाई खानेपानी, विद्युत्, यातायात, शिक्षा, स्वास्थ्यलगायतका काम एकै स्थानमा पुर्‍याउन सकिन्छ। ◆

बाग्लुङको तमानखोला गाउँपालिकामा सडक नभएपछि पिठ्यूँमा भारी बोक्दै गाउँले (बायाँ माथि) र जाडो छल्न बेसी झरेका एक किसान छाप्रो निर्माणका क्रममा

तस्बिरहरू : प्रकाश बराल

‘काम नगरी सुखै छैन’

– जोकलाल बुढा, *अध्यक्ष, तमानखोला गाउँपालिका*

बाग्लुङका १० वटा स्थानीय तहमध्ये ताराखोला र तमानखोलालाई विशेष क्षेत्रका रूपमा परिभाषित गरेर गाउँपालिका बनाइएको थियो । ताराखोला तुलनात्मक रूपमा सहज भूगोल र उत्पादनमुखी छ । तमानखोला अति जटिल प्रकारको भूगोल, शिक्षा, स्वास्थ्य, सडक र उत्पादनमा पनि पछाडि छ। तसर्थ, काम गर्न धेरै गाह्रो छ।

बजेटको अभाव छ। सीमित बजेटले सडकको ट्र्याक खोल्ने काम पनि असम्भवजस्तै भएको छ। चट्टान र खोँचमा रहेकाले यो गाउँपालिकाका अधिकांश वडा र गाउँबस्तीमा सडक पुगेको छैन । सदरमुकामको काम लिएर जानेले साता बिताउनुपर्छ । पैदल हिँड्न नसक्दा बूढाबूढी र बालबालिकाको जीवन झन् कष्टकर बनेको छ। युवाहरू पनि सामान्य काममै हैरानी खेप्न बाध्य छन्।

बस्ती रहेका गाउँगाउँमा बाटो पुर्‍याउन पाँचवर्षे रणनीतिक योजना बनाएको छु। त्यो गाउँपालिकाले पास गरे पनि अहिलेकै स्थितिमा पूरा गर्न असम्भव छ। यही अवस्था र यही बजेटमा ती योजना पूरा हुन सक्दैनन्। जितेर आएपछि जनताले अनुभूति गर्ने गरी केही परिवर्तन दिने चाहना भने पूरा गरेरै छाड्छु। किनभने, काम नगरी सुखै छैन।

तस्विरहरू : भास्वर ओझा

‘राष्ट्रपति चुक्नुभएको छ’

नैतिक र इमानका दृष्टिले उच्चकोटिका कानुन व्यवसायी हुन्, वरिष्ठ अधिवक्ता **कृष्णप्रसाद भण्डारी**, ९१ । एक कुशल कानुनकर्मी, भ्रष्टाचारविरोधी अभियन्ता र समाजसेवीका रूपमा राज्य संयन्त्रका बेथिति र विकृतिविरूद्ध जुध्दै आएका भण्डारीसँग **बाबुराम विश्वकर्मा**को संवादः

अहिलेको राजनीतिक गतिरोध र भद्रगोल कस्तो लागिरहेछ ?

देशमा अहिलेजति भद्रगोल, बेथिति र अव्यवस्था कहिल्यै पनि थिएन । यो चरमसीमामा पुगेको छ । निर्वाचित संविधानसभाले देशलाई अघि लैजानका लागि संघीय संविधान बनाएको हो र त्यो सबैले निःसर्त मान्नुपर्छ । तर, संविधानसभाले बनाएको संविधान र संविधानवादकै खिल्ली उडाएर जथाभावी गरिँदैछ ।

कसरी ?

संविधान र संविधानवाद दुवैलाई शक्तिकेन्द्र र शक्तिवानहरूले मुसा खेलाएझैँ खेलाइरहेछन् । संविधानलाई आ-आफ्नो सुविधा अनुसार व्याख्या गर्नु संविधानको अपमान हो । सरकारलाई अलिकति पनि नैतिकताको ख्याल र संविधानको मतलब छैन । प्रतिनिधिसभामा नयाँ गठबन्धनले बहुमत हासिल गरेपछि सरकारले नयाँ सरकार बनाउन सहजीकरण

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

गर्नुपर्थ्यो । तर, ठीक उल्टो भएको छ । सत्ता लम्ब्याएर जनादेशकै अपमान गरिँदैछ ।

नयाँ सरकार बन्न राष्ट्रियसभाको चुनाव जरुरी छैन र ?

संविधानको धारा ७४ ले संसदीय लोकतन्त्रमा सार्वभौम सत्ता जनतालाई सुम्पेको छ । सार्वभौम सत्ताको प्रयोग आफूले निर्वाचित गरेको प्रतिनिधिमार्फत जनताले गर्ने हो । तर, चुनाव भएको दुई महिनासम्म पनि पराजितबाटै जनता शासित हुनु लोकतन्त्रको दुर्भाग्य हो । सार्वभौम सत्ता प्रयोग गर्न जनताले निर्वाचित गरेको प्रतिनिधिसभा छिटो बनाउनु पर्छ । तर, निर्वाचित प्रतिनिधिसभा बनाउनेतिर लाग्नुभन्दा नयाँ बहाना खोजेर राष्ट्रियसभा गठनतिर लागिएको छ, यो उल्टो बाटो हो ।

निर्वाचन आयोगले नै राष्ट्रियसभाको चुनाव नगरी प्रतिनिधिसभाको समानुपातिकको नतिजा सार्वजनिक गर्न मिल्दैन भनेको छ, कसरी गठन हुन्छ प्रतिनिधिसभा ?

निर्वाचन आयोगको काम संविधान र कानुनको आफू खुसी व्याख्या गर्ने होइन । उसले आफ्नो दायित्व पूरा गर्ने हो । निर्वाचित नतिजा बीचमै रोकेर राष्ट्रियसभाको गठनतिर लाग्नु नै ऊ आफ्नो दायित्व र कामबाट विचलित हुनु हो ।

यतिबेलासम्म प्रतिनिधिसभा गठन भइसक्नुपर्ने हो र नयाँ सरकार आइसक्नुपर्ने हो । त्यसका लागि राष्ट्रियसभा बाधक बन्दैन । नतिजा सार्वजनिक भएको ३० दिनभित्र निर्वाचन आयोगले प्रतिनिधिसभाको नतिजा राष्ट्रपतिलाई दिनुपर्ने संवैधानिक व्यवस्था लागू भएको भए, नयाँ सरकार बनिसक्ने थियो र जनादेशको सम्मान हुने थियो ।

राष्ट्रियसभाबिना नै सरकार गठन हुन्छ र ?

सुल्टो बाटो त्यही हो । तर, जनादेश र वैधतासमेत गुमाइसकेको सरकारले सत्ता टिकाउनका लागि उल्टो तरिका र बहानाबाजी निकालेको छ, यो जनमतको अपमान हो ।

नयाँ सरकार आउन त अझै दुई महिना लाग्ने भन्दै सरकारले आर्थिक सहायता बाँड्नेलगायतका काम गर्न मिल्छ ?

जथाभावी निर्णय गरेर आफ्ना मान्छेलाई पैसा बाँड्ने काम भएको छ । यो अनैतिकताको पराकाष्ठा हो ।

चुनावपछिको धेरै समय अध्यादेश विवादले खायो, यो विवादमा दोषी को ?

अध्यादेश असंवैधानिक हो । किनभने, त्यो अध्यादेश नयाँ संसद्ले अस्वीकृत गऱ्यो भने राष्ट्रियसभाको वैधता के होला ? अध्यादेशको विषयवस्तु विगतको संसद्को सम्पत्ति भइसकेको छ । जब संसद्मा रहेको कुनै पनि विधेयकलाई 'बाइपास' गर्न सरकारले अध्यादेश जारी गर्छ, त्यो गैरसंवैधानिक हुन्छ । संसद्मा छलफलमा रहेको विधेयकलाई सरकारले अध्यादेशका रूपमा राष्ट्रपतिकहाँ पठाउनु नै गलत हो ।

राष्ट्रपतिको भूमिका नि ?

राष्ट्रपतिले पनि अध्ययनका नाममा अध्यादेश अल्झाउनु ठीक थिएन । राष्ट्रपति सरकारकै अंग भएकाले अध्यादेश ठीक वा बेठीक जे भए पनि सहज रूपमा जारी गरिनु उचित हुने थियो । ढिलो गरियो, त्यसमा राष्ट्रपति चुक्नुभएको छ ।

चुनावपछि प्रधानमन्त्रीले चाहिँ राजीनामा दिन जरुरी छ कि छैन ?

प्रधानमन्त्रीले राजीनामा दिन जरुरी छैन । 'अटोमेटिक' रूपमा नयाँ प्रधानमन्त्रीले पुरानोलाई विस्थापित गर्छ । संविधानमै प्रधानमन्त्रीले राजीनामा दिनुपर्ने व्यवस्था गरिएको छैन । राष्ट्रपतिले प्रतिनिधिसभाको परिणामका आधारमा नयाँ सरकार गठन गर्ने हो । अहिलेको सरकारको अवधि नयाँ सरकार नआउन्जेल मात्र हो ।

प्रसंग बदलौँ, न्यायालयको भूमिकाबारे सार्वजनिक आलोचना बढ्दै गएको छ, के न्यायालयको स्वच्छता धरापमा परेको हो ?

न्यायालय अहिलेभन्दा बरू पञ्चायतकालमा स्वच्छ र निष्पक्ष थियो । यतिसम्म कि राजाले पनि तलबितल गरे त्यस्ता निर्णय सर्वोच्च अदालतले बदर गरिदिएको थियो । भन्नुको अर्थ पञ्चायती व्यवस्थामा पनि न्यायालय स्वतन्त्र र निष्पक्ष थियो । तर, अहिले त न्यायालय समानान्तर सरकारजसरी चलेको छ । नवराज सिलवालकै मुद्दा हेर्नुस्, आईजीपी नियुक्तिको अधिकार सरकारको हो, न्यायालय पस्यो, विवादमा पऱ्यो । पछिल्ला न्यायिक फैसलाहरू कानुन, संविधानको परिधिमा मात्र होइन, राष्ट्रको हितमा पनि छैनन्, दोषमुक्त र स्वच्छ छैनन् । एनसेल प्रकरण हेरौँ वा अरू फैसला, तिनले न्यायालयको निष्पक्षता र स्वच्छतामा दाग लगाएका छन् ।

न्याय प्रणालीमा भ्रष्टाचार नि ?

विश्वनाथ उपाध्याय प्रधानन्यायाधीश हुँदा ९९ प्रतिशत न्यायाधीश र ९८ प्रतिशत वकिल भ्रष्ट छन् भन्नुभएको थियो । बहालवाला प्रधानन्यायाधीशको त्यो बेलाको भनाइले नै भ्रष्टाचारमा न्यायालय कसरी डुबेको छ भन्ने प्रस्ट हुन्छ । पछिल्लो समयमा रामप्रसाद श्रेष्ठ प्रधानन्यायाधीश हुँदा 'अबउप्रान्त हामी घूस खान्नौँ' भनेर न्यायाधीशहरूको विज्ञप्ति नै आयो । यी सबैले के स्पष्ट हुन्छ भने न्यायालयभित्र भ्रष्टाचार चरम छ, न्यायाधीश र वकिल पनि भ्रष्ट छन् ।

न्यायाधीशहरू गुट–उपगुटमा विभाजित भएको, बेन्च सपिङ हुने गरेका जस्ता भनाइ पनि सार्वजनिक भए, न्यायालयको हविगत यो हदसम्म पुगिसकेको हो ?

न्यायाधीशहरू स्वयं नै गुट–उपगुटमा विभाजित भएर अलग सत्ताकै अभ्यास गरिरहेका छन् । न्यायिक फैसला केलाउँदा कतिपय मुद्दामा समानान्तर सत्ता र कतिपयमा सरकारको छायाजस्तो बनेको छ न्यायालय । न्यायका नाममा कानुन र संविधानको आड लिएर निर्लज्ज काम भएका छन् । त्यसले न्यायालयको गरिमा ध्वस्त पारेको र न्याय मरेको छ ।

यसको अर्थ समाजमा इमान र नैतिकताको खडेरी परेको हो ?

राजनीतिक नेतृत्व र सरकार अनि न्यायालयले संविधान, कानुन, इमान र नैतिकतालाई तिलाञ्जली दिएपछि अरू क्षेत्रमा पनि त्यसको गहिरो असर पर्छ । जनताको कमजोर चेतनाले शक्तिमा हुनेहरूलाई जे गरे पनि हुन्छ भन्ने लाग्छ । जनता जागेको भए इमान र नैतिकता यो हदसम्म हराउने थिएन । जबसम्म खराबलाई असलले विस्थापित गर्न सक्दैन, तबसम्म इमान र नैतिकता फर्काउन सकिँदैन । ◆



राष्ट्रपतिले पनि अध्ययनका नाममा अध्यादेश अल्झाउनु ठीक थिएन । राष्ट्रपति सरकारकै अंग भएकाले अध्यादेश ठीक वा बेठीक जे भए पनि सहज रूपमा जारी गरिनु उचित हुने थियो ।

KANTIPUR
कान्तिपुर टेलिभिजन
अब हाई-डेफिनिसनमा
DOWNLOAD KANTIPUR TV APP
GET IT ON Google Play
Available on the App Store
/KANTIPURTELEVISIONNETWORK | WWW.KANTIPURTV.COM

अनिश्चयमा वाम स

वाम गठबन्धनका प्रमुख दुई घटकबीच पार्टी एकता र सरकार निर्माणमध्ये कुन पहिला भन्ने अन्योलले नयाँ समीकरण जन्माउन सक्ने आशंका

रामबहादुर रावल

'सरकारको नेतृत्व उहाँ (एमाले) हरूले लिए पार्टीको नेतृत्व हामी (माओवादी)ले लिने र सरकारको नेतृत्व हामीले लिए पार्टीको नेतृत्व उहाँहरूले लिने फिफ्टी-फिफ्टीको अवधारणा हो । छलफल टुंगिएको छैन तर फास्ट ट्र्याकमा पार्टी एकता गरेर जानुपर्छ ।'

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो पार्टीको बैठकमा नेकपा एमालेसँगको एकता प्रक्रियाको प्रगतिबारे गरेको 'ब्रिफिङ' हो यो। प्रचण्डको यो अभिव्यक्तिलाई एमाले नेताहरूले 'बार्गेनिङ'का लागि फ्याँकिएको तुरूपका रूपमा लिएका छन् । प्रचण्डले कहिले सरकार र पार्टीमा आलोपालो नेतृत्वको चर्चा, कहिले दुईमध्ये एक पद आफूले पाउने त कहिले ५०-५० हिस्सेदारीका विभिन्न ढाँचा छलफल भएको सार्वजनिक गरेका छन्। तर, ती कुनैमा पनि एमाले नेतृत्वको स्वीकारोक्ति सार्वजनिक भएको छैन । एमाले नेताहरूका शब्दमा यी विचाराधीन एवं परिपक्व नभइसकेका विषय हुन् ।

बरू तत्काल सरकार निर्माण एमालेको पहिलो प्राथमिकता बनेको छ । अर्थात्, दुई ठूला वाम दल एमाले र माओवादीबीचको चुनावी 'इंगेजमेन्ट' चुनावलगत्तै विवाहमा परिणत भई सत्ताको मधुमासमा प्रवेश होला भन्ने अनुमानविपरीत पहिला सरकार कि पार्टी एकता भन्ने विवाद आइलागेको छ। एकातिर राष्ट्रियसभा गठन नभई प्रतिनिधिसभाले पूर्णता नपाउने र सरकार पनि नबन्ने भनेर निर्वाचन आयोगले लिएको अडानले वाम गठबन्धनको सरकार निर्माणमा विलम्ब त गरेकै छ, त्यसमाथि गठबन्धनभित्रैका प्रमुख दुई घटकबीच अन्डा पहिला कि कुखुरा भन्ने प्रकृतिको विवादमा फसेपछि कतै वैकल्पिक गठबन्धनको प्रयासलाई ठाउँ मिलेको त होइन भन्ने आशंका उब्जिएको छ ।

प्रचण्डको भूमिका

चुनावअघि वाम गठबन्धनका साझेदारबीच जुन रूपमा घनीभूत छलफल र सहकार्य थियो, अहिले त्यो देखिँदैन। चुनावी नतिजा गठबन्धनको पक्षमा आएपछि दुवै पार्टीका अध्यक्ष र एकता संयोजन समितिका बैठक निकै पातलो भएका छन्। पूर्वनिर्धारित बैठकहरू सरिरहेका छन् । दोस्रो-तेस्रो तहका नेताहरूका द्विपक्षीय छलफल पनि सरकार निर्माणको गतिरोध तोड्न र पार्टी एकताको स्वीकार्य 'मोडालिटी' बनाउन समर्थ भएका छैनन् ।

नेपाली कांग्रेस र राष्ट्रिय जनता पार्टीका नेताहरूले गर्ने प्रचण्डको प्रशंसा र आगामी प्रधानमन्त्रीका रूपमा चर्चाले एमाले पंक्तिलाई

तस्बिर : रवि मानन्धर

रकार

झस्काएको छ। प्रचण्डको समय एमालेसँगका छलफल र गृहकार्यमा भन्दा अन्यत्रै व्यतीत हुनुले कतै वैकल्पिक गठबन्धनतिरै उनको मन तानिएको हो कि भन्ने सन्देह एमालेभित्र फैलिएको छ । आफ्नो नेतृत्वको सरकार बनाउन नदिन आन्तरिक मात्रै होइन, बाह्य शक्तिसमेतले खेलखण्ड गरिरहेको एमाले नेतृत्वको बुझाइ छ । विगतमा अस्थिर र अविश्वसनीय भूमिका खेलेका प्रचण्डले यतिखेर पनि कतै प्रधानमन्त्री पदको मोहजालमा परेर वाम गठबन्धनप्रति प्राप्त जनमतलाई धोका दिन्छन् कि भन्ने आशंका एमाले नेताहरू आन्तरिक छलफलमा व्यक्त गरिरहेका छन् ।

तस्बिर : भास्कर ओझा

राष्ट्रियसभा गठनसम्बन्धी अध्यादेशमा एमालेको अडान असफल भयो । अध्यादेशका कतिपय प्रावधानमा असहमति र जनमत गुमाइसकेको सरकारी प्रस्तावको वैधानिकतामा प्रश्न उठाउँदै एमालेले उक्त अध्यादेश रोक्न खोजेको थियो । त्यसका निम्ति एमालेले शीतल निवासलाई दबाब दिइरहे पनि गठबन्धनकै अर्को घटक माओवादीले मध्यमार्गी भूमिका खेलिदियो । सरकारले पठाएको अध्यादेशप्रति माओवादी लचक भइदिएपछि राष्ट्रपति कार्यालयले पनि जारी गर्ने निर्णय लियो ।

उता निर्वाचन आयोगले मत परिणाम राष्ट्रपति कार्यालयमा बुझाउन ढिलाइ गर्नुका पछाडि पनि माओवादीको दोहोरो भूमिका हुन सक्ने आशंका एमाले पंक्तिमा छ । प्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादवले भरतपुर महानगरपालिकाको मतगणना विवाददेखि नै प्रचण्डको आशय अनुरूप काम गरेको ठान्ने पंक्ति यसपटक पनि माओवादीकै इसारामा मत परिणाममा हलो अड्काएर एमाले नेतृत्वलाई गलाउन खोजेको हुन सक्ने अनुमान गरिरहेको छ ।

कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको चुनावी सरकारले कामचलाउ हैसियतको सीमा नाघेको, जनमतकै अपमान हुने गरी मन्त्रिपरिषद्बाट दीर्घकालीन प्रभाव पार्ने निर्णयहरू गरेको तर यसप्रति माओवादी नेतृत्वले विरोधसम्म नगरेकामा पनि एमाले नेतृत्वमा चिसो पसेको छ । बरू, उही देउवा सरकारमा साझेदारी गरेर बसिरहँदा माओवादीप्रति आशंका गर्ने अरू ठाउँ मिलेको छ, एमालेलाई ।

त्यसमाथि प्रचण्डका हरेक महत्त्वपूर्ण राजनीतिक निर्णयमा सूत्रधारको भूमिका निभाउने नेता कृष्णबहादुर महरा, वर्षमान पुनलगायत अनपेक्षित रूपमा मौन छन् । नारायणकाजी श्रेष्ठ, जनार्दन शर्मा, शक्ति बस्नेत, देवेन्द्र पौडेललगायत नेताहरू एमालेका विभिन्न तहका नेताहरूसँगको संवाद र सम्पर्कमा त छन् तर उनीहरूकै कारण नेतृत्वको निर्णय प्रभावित हुन्छ भन्ने छैन । "विभिन्न चरणमा पार्टी एकताका बारेमा छलफल र गृहकार्य चलेको छ, एमालेभित्र र हाम्रोमा पनि," माओवादी नेता पौडेल भन्छन्, "सरकारको कुरा पनि सँगसँगै चलिरहेको छ । सके पहिला पार्टी एकता अनि सरकार गठन गरौं, नत्र दुवै प्रक्रिया सँगै अगाडि बढाएर टुंग्याऔं भन्ने हाम्रो प्रस्ताव छ । यो सोझो बाटो पनि हुन्छ ।"

एमाले फर्मुला

वास्तवमा एमाले यतिखेर पार्टी एकतालाई भन्दा सरकार निर्माणको सुनिश्चिततालाई प्राथमिकता दिन चाहन्छ भने माओवादी भने एमालेसँगको छलफलमा सरकार निर्माणप्रति खासै उत्साह देखाइरहेको छैन । बरू, माओवादीले पार्टी एकताको विषयमा जोड दिइरहेको छ । जबकि, एमाले अध्यक्ष केपी शर्मा ओली वाम गठबन्धनको सरकार गठन भइसकेपछि पार्टी एकीकरणको प्रक्रियामा प्रवेश गर्न चाहन्छन् । तर, पहिला सरकार बनाएर पार्टीमा आफूलाई प्रमुख भूमिका नदिने एमाले नेतृत्वको प्रस्ट भनाइ रहेकाले माओवादी नेतृत्व पहिले पार्टी एकतामा जोड दिन पुगेको हो ।

निर्वाचन आयोगले कानुनी अड्चन देखाउँदै प्रतिनिधिसभाको समानुपातिकतर्फको मत परिणाम राष्ट्रपतिलाई बुझाउन ढिलाइ गरे पनि, राष्ट्रियसभाको निर्वाचन प्रक्रिया जतिसुकै सुस्त गतिमा अघि बढाए पनि

बढीमा फागुन पहिलो सातासम्म लम्बिन सक्ने र त्यसपछि आफ्नो नेतृत्वको सरकार बन्ने अपेक्षा एमालेको छ । र, अबको तयारी पनि सरकार निर्माण र आगामी सरकारका नीति तथा कार्यक्रम तर्जुमामा केन्द्रित गर्नुपर्ने पक्षमा एमाले नेतृत्व छ ।

पार्टी एकीकरण नहुँदै ओली नेतृत्वको सरकार बनिहालेमा आफ्नो मोलमोलाइ कमजोर हुने एकता पक्षधर माओवादी पंक्तिमा छ । सरकारमा जानुअघिको हतारोमा मात्र एमालेले सम्झौता गर्न र शक्ति साझेदारीमा लचकता अपनाउन सक्छ भन्ने उनीहरूको बुझाइ छ। प्रचण्डलाई अध्यक्ष पद नबुझाउन ओलीलाई एमालेका नेताहरूको दबाब छ । ओलीलाई अध्यक्ष नै राखेर सके प्रचण्डलाई सहअध्यक्ष दिने, नभए दुवै नेता रहेको संयुक्त नेतृत्वसम्बन्धी ढाँचा अपनाउनुपर्ने सुझाव ओली पक्षधर नेताहरूको छ ।

पार्टी सत्ता सम्पूर्ण रूपमा प्रचण्डलाई जिम्मा लगाउँदा एमालेभित्रै असन्तुष्टि चुलिन सक्ने खतरा ओली खेमाले देखेको छ । नेताबीचको समझदारी ६०-४० को अनुपातमा साझेदारी गर्ने भए पनि जनमतबाट ७०-३० को अनुपात मात्र स्वीकृत भएको ओली पक्षधरहरूको भनाइ छ । त्यति मात्र होइन, विगतमा पार्टी एकीकरण हुँदा स्वयं प्रचण्डले पनि रामबहादुर थापालाई नेतृत्व नदिएको, गिरिजाप्रसाद कोइरालाले शेरबहादुर देउवालाई नदिएको र एमालेमा पनि माधवकुमार नेपालले वामदेव गौतमलाई नदिएको दृष्टान्त अघि सार्दै महाधिवेशनअघि प्रचण्डलाई पूर्ण रूपमा नेतृत्व हस्तान्तरण हुन नसक्ने उनीहरूको तर्क छ । ओलीनिकट एक केन्द्रीय नेता भन्छन्, "रोल्पामा हामीले अध्यक्ष माग्यौं भने के हुन्छ ? त्यस्तै राष्ट्रिय रूपमा पार्टीको जुन आकार र हैसियत छ, त्यही अनुरूप शक्तिमा साझेदारी हुन्छ ।"

सरकार गठनका लागि धेरै सैद्धान्तिक बहस र छलफल आवश्यक नपर्ने, संयुक्त चुनावी घोषणापत्र नै नीति तथा कार्यक्रमको आधार बनिसकेको लगायत तर्क गर्दै एमाले नेतृत्वले पहिला सरकार गठनको अडान राखेको छ । "पार्टी एकीकरणका लागि सैद्धान्तिक र वैचारिक आधार निश्चित गर्नुपर्छ । विधि र प्रक्रिया अपनाउनुपर्छ," ओलीनिकट एमाले नेता एवं काभ्रेबाट निर्वाचित प्रतिनिधिसभा सदस्य गोकुल बाँस्कोटा भन्छन्, "अनि मात्र नेतृत्व र व्यक्तित्वको व्यवस्थापन गर्नुपर्छ । दुई पार्टीबीच भावनात्मक अन्तर्घुलनका निम्ति पनि केही समय अवश्य लाग्छ ।"

ओलीलाई भित्रैबाट भय


माधवकुमार नेपाल


घनश्याम भुसाल

योगेश भट्टराई

एमाले र माओवादी केन्द्रको एकतापछि पुष्पकमल दाहाल 'प्रचण्ड'लाई पार्टीको जिम्मा दिँदा केपी ओली पक्षले देखेको ठूलो भय हो, माधव नेपाल, वामदेव गौतम आदि मिलेर पार्टीमा आफैंलाई अल्पमतमा पार्न सक्ने सम्भावना । त्यसैले ओली र प्रचण्ड दुवैले संन्यास लिनुपर्ने योगेश भट्टराईको भनाइ र जनताको बहुदलीय जनवादको अध्याय सकिएको भन्ने घनश्याम भुसालका अभिव्यक्तिलाई एमाले नेतृत्वले सामान्य रूपमा लिएको छैन । माधव नेपाल पक्षधर नेताहरूले माओवादी नेतृत्वसँग गरेको उठबसलाई साँठगाँठका रूपमा ओली पक्षधरले बुझेका छन् ।

त्यसमाथि ओलीकहाँ गएर 'हामीले यत्रो दुःख गरेको पार्टीलाई थपक्क प्रचण्डलाई बुझाउन कसरी सकिन्छ' भन्ने, उता प्रचण्डकहाँ गएर 'तपाईं कसरी सहअध्यक्षमा चित्त बुझाउने, अध्यक्ष नै बन्नुपर्छ, तपाईंको पछाडि हामी छौं' भन्दै एकताको पक्षमा भूमिका खेलेजस्तो देखाउने नेपाल खेमाको शैलीले आफ्नै पार्टीभित्र प्रतिकूल वातावरण बनेको आभास ओलीलाई भएको छ । पहिला पार्टी एकीकरण गरेर सरकार निर्माणको प्रक्रियामा जाँदा संसदीय दलमा आफैंलाई अल्पमतमा पार्ने कोसिस हुन सक्ने ओलीले ठानेका छन् । त्यसमाथि प्रचण्ड र नेपाल दुवै नेता पार्टीभित्रका दुई धारलाई भिडाएर आफू नेता बनिरहन खोज्ने शैलीका कारण परिचित त छँदै छन् ।

अर्कोतिर, एमालेमा आफूलाई ओलीको उत्तराधिकारी दाबी गर्ने महासचिव ईश्वर पोखरेल माओवादीलाई चिढ्याउने र ओलीविरुद्ध 'पोजिसन' लिने अवस्था सिर्जना गर्न पुगे । पोखरेलको रूखो अभिव्यक्ति आएपछि माओवादीले यसलाई ओलीकै अभिव्यक्तिका रूपमा बुझे । पोखरेलले चाहिँ प्रचण्ड पार्टीमा आएपछि उत्तराधिकारी हुने सपना तुहिने र त्यो ठाउँमा प्रचण्ड पुग्न सक्ने भएकाले पार्टी एकीकरण नहुँदामै आफ्नो फाइदा देखेका हुन सक्छन् ।

भागबन्डामा कसिकसाउ

राष्ट्रपति र उपराष्ट्रपति अहिलेकैलाई निरन्तरता दिन माओवादी तयार छ । ठूलो दल भएकाले प्रधानमन्त्री र पार्टी अध्यक्षमध्ये एउटा रोज्नुपर्ने माओवादी नेताहरूको भनाइ छ । तर, शक्तिमा साझेदारीको विषय सरकार अलग र पार्टीको विषय अलग रूपमा टुंग्याउनुपर्ने एमाले नेताहरूको भनाइ छ । मन्त्रीहरूमा ६०-४० को भागबन्डा हुन सक्छ, प्रधानमन्त्री ठूलो दलले लिएपछि सभामुख अर्को दलले लिन सक्छ तर प्रधानमन्त्रीमा समर्थन गरेबापत पार्टी अध्यक्ष दिन नसकिने अडान एमाले नेतृत्वले लिएको छ ।

५०-५० को अनुपातमा शक्तिमा साझेदारी गर्नुपर्ने माओवादी प्रस्ताव गठबन्धन नै नगर्ने आशयले आएको पो हो कि भनेर समेत एमाले नेताहरूले शंकाको दृष्टिले हेरेका छन् । माओवादी नेता पौडेल भने सरकार र पार्टीमा दुवैको सम्मानजनक हैसियत होस् भन्ने आशयले उक्त प्रस्ताव गरिएको बताउँछन् । भन्छन्, "अलग-अलग पार्टी एक हुँदा सम्मानजनक होस्, हेपिने अवस्था नबनोस् र एउटाको विचार अर्कोले खाइदिएको नहुने गरी होस् भन्ने हाम्रो आशय हो ।" ◆

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
RHINO
GUARANTEED DUCTILITY
Fe 500D
GUARANTEE
नेपालमा पहिलो पटक
Guaranteed Rebar
RHINO 500D
GUARANTEE CARD
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %
हरेक खरिदमा पाउनुहोस् ग्यारेन्टी कार्ड
*नेपाल अधिराज्य भरी ५०० के.जी. भन्दा बढीको खरिदमा ढुवानीको व्यवस्था गरिएको छ ।
NS:191
IS : 1786
CM/L 4049454
Fe 500/Fe 500D
OYSTER
RHINO 500D 12
नेपालमा पहिलो पटक, नेपालकै लागि
Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

॥ अजयभद्र खनाल

भ्रष्टाचारको सञ्जालभित्र जन

सञ्चार जगत्लाई पछ्याउने हो भने अहिले देशमा एकातिर भ्रष्टाचार र अव्यवस्था छ भने अर्कोतिर राजनीतिक संक्रमणको सकस । यो आलेख यी दुवै विषयलाई जोडेर एउटा नयाँ प्रश्न उठान गर्न चाहन्छ, के वाम गठबन्धनको जनवादी केन्द्रीयता र फैलँदो भ्रष्टाचारको सञ्जालबीच सामीप्य बढ्दै गइरहेको छ ?

राजनीतिक संक्रमणको सकसबाट सुरु गरौँ । केही दिनअघि प्रधानमन्त्री शेरबहादुर देउवाले बोलाएको सर्वदलीय बैठकका एजेन्डा राष्ट्रियसभाको निर्वाचन, प्रदेशको अस्थायी राजधानी तथा प्रदेश प्रमुख नियुक्ति थिए । बैठकमा देउवाले आफू शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण गर्न तयार रहेको बताए । उता माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' कड्किए, 'प्रधानमन्त्रीज्यूले सत्ता हस्तान्तरण गरिराख्नुपर्दैन । त्यो त जनताले चुनावकै बेला गरिसके । बरू, जनताको आदेश कार्यान्वयन गर्नुस् ।' यो छोटो संवादबाट नेपालको राजनीतिबारे धेरै कुरा बुझ्न सकिन्छ ।

पहिलो, देउवा शान्तिपूर्ण रूपमा र छिट्टै सत्ता हस्तान्तरण गर्न तयार छैनन् भन्ने आशंका नेकपा एमाले र माओवादी केन्द्रले पालेको देखिन्छ । यसको जायज र नाजायज विभिन्न पृष्ठभूमि र कारण छन् । विगतमा छिमेकी राष्ट्रहरूले नेपाली नेताहरूमा रहेको पदलोलुपताको उपयोग गरेर कुनै सरकार गिराउने र कुनै सरकार बनाउने काम गरेका थिए । त्यसमाथि संविधान बनेपछि नाकाबन्दीजस्तो कडा हतियार उठाइएको थियो । यसपालि पनि शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण हुँदैन कि भन्ने आशंका उठ्नु भनेको छिमेकीप्रतिको अविश्वास मात्र नभएर नेपाली नेताहरूको लोकतान्त्रिक चरित्रमाथि नै अविश्वास हो ।

दोस्रो, एमाले र माओवादी सत्तामा जान यति आतुर छन् कि उनीहरूले लोकतान्त्रिक विधि र प्रक्रियाको मर्म मात्र होइन, आफैँले बनाएको संविधान पनि बुझेका रहेनछन् भन्नुपर्छ । वास्तवमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भए पनि न समानुपातिकतर्फको नतिजा प्रकाशित भएको छ, न त राष्ट्रियसभाको निर्वाचन नै भएको छ । यस अर्थमा संघीय व्यवस्थापिका अझै बनिसकेको छैन ।

तेस्रो, माओवादी र एमाले आफूभित्र रहेको आन्तरिक अस्थिरता र अविश्वास लुकाउन देउवाजस्तै बाह्य पात्र खोजिरहेका रहेछन् । यदि एमाले र प्रचण्ड साथमै रहे भने ढिलोचाँडो उनीहरूकै गठबन्धन सरकार बन्छ भन्नेमा शंका छैन । वाम गठबन्धनको सरकार एउटा अवस्थामा मात्र नबन्न सक्छ, त्यो हो प्रचण्डले एमालेलाई साथ नदिएको अवस्था । पार्टी एकीकरणवरिपरि रहेका शक्ति समीकरणका प्रश्नहरूले एमाले र माओवादीको पार्टी एकीकरण मात्र नभएर सरकार बन्ने सवालमा पनि अनेकौँ सम्भावनाहरू सिर्जना गरेको छ ।

सत्ता र सरकार परिवर्तन महत्त्वपूर्ण मुद्दा हो । तर, त्यसभन्दा पनि महत्त्वपूर्ण मुद्दा नेपालको लोकतान्त्रीकरण र आर्थिक विकासको मुद्दा हो, जसलाई प्रचण्डजस्ता नेताहरू बुझ्न चाहँदैनन् । पार्टी एकता र शक्ति समीकरणका मुद्दाहरू केपी ओली प्रधानमन्त्री बन्ने वा नबन्नेसँग मात्र होइन, भ्रष्टाचार र लोकतन्त्रका धेरै मुद्दाहरूसँग पनि जोडिएका छन्, त्यसको चर्चा गरौँ :

गठबन्धनको सकस

एमाले र माओवादीका नेताहरूले बाहिर जे बोले पनि उनीहरूले सरकार बन्नुअघि गर्नुपर्ने आपसी लेनदेन र शक्ति समीकरणका मुद्दाहरू टुंग्याइसकेका छैनन् । अध्यक्ष प्रचण्डले केही दिनअघि चितवनमा सरकार बन्नुअघि नै पार्टी एकता टुंग्याउने 'सोच'मा रहेको बताइसकेका छन् । यसको अर्थ हो, पार्टी एकता सरकार निर्माणअघि सम्भव छैन । किनभने, त्यो एकीकरण हुन्छ भन्नेमा नेताहरूलाई नै शंका छ । त्यस्तै प्रचण्ड नजिकका सञ्चारमाध्यमले ओलीले ईश्वर पोखरेललाई उचालेर एकीकरण रोक्न खोजेको समाचार दिइरहेका छन् । यसले सरकार बन्नुअघि पार्टी एकीकरण भएन भने के हुन्छ भन्ने प्रश्न तेर्स्याएको छ । तर, अझ महत्त्वपूर्ण प्रश्न हो, सरकार बन्नुअघि पार्टी एकीकरण भयो भने के हुन्छ ? वाम गठबन्धनले नयाँ बन्न सक्ने पार्टीलाई खुकुलो बनाउनेभन्दा झन् कसेर केन्द्रीकरणतिर लैजाने सम्भावना छ, जुन नेपालको लोकतान्त्रिक भविष्यको सवालसँग जोडिएको छ ।

एमालेभित्र अहिले पनि ओली पक्ष र अर्को पक्ष विद्यमान छ । यदि एकीकरणपछि प्रचण्डको माओवादी र एमालेको अर्को पक्ष मिले भने उनीहरूले नै संसदीय दलको नेता को हुने भन्ने निर्णय गर्न सक्छन् । त्यस्तै पऱ्यो भने ओलीको सट्टा प्रचण्ड नै संसदीय दलको नेता बन्न सक्छन् । यदि प्रचण्ड संसदीय दलको नेता नबने पनि त्यो सम्भावना प्रयोग गरेर ओलीलाई अध्यक्ष पदको दाबी छोड्न विपक्षीहरूले दबाब दिन सक्छन् । अथवा, साँच्चिकै कुरा मिलेन भने प्रचण्डले मधेसवादी र कांग्रेसको साथ लिएर 'पाँच वर्ष शासन गर्ने' धम्कीको पनि प्रयोग गर्न सक्छन् ।

यस्तो सम्भावनालाई यथार्थमा बदल्नेभन्दा पनि त्यसको प्रयोग गरेर ओलीसँग 'बार्गेन' गर्ने सम्भावना बलियो छ । हुन पनि चितवनबाट फर्केपछि प्रचण्डले वाम गठबन्धनलाई लाखौँ जनताले अनुमोदन गरेका कारण त्यसलाई तोडेर प्रधानमन्त्री हुने कल्पना पनि नगरेको बताएका छन् । त्यसैगरी उनले ओली र आफूबीच कुनै विवाद नभएको प्रस्ट्याएका छन् । सञ्चार जगत्मा भएका चर्चा र प्रचण्डको भनाइले एकातिर नेपालमा नयाँ राजनीतिक प्रयोग हुन थालेको देखाउँछ भने अर्कोतिर नयाँ राजनीतिक दलको सम्भावना ।

एमालेभित्रै पनि अब आन्तरिक संघर्ष बढिरहेको छ । झलनाथ

वादी केन्द्रीयता

खनालजस्ता नेताहरूले एक व्यक्ति एक पदको अवधारणा अगाडि सारिरहेका छन् भने युवाहरूचाहिँ पाका नेताहरूले संन्यास लिनुपर्ने सुझाव दिइरहेका छन् । ओलीनजिकका महासचिव ईश्वर पोखरेल भने केन्द्रीकरणलाई अझ घनीभूत बनाउनुपर्ने वकालत गरिरहेका छन् । आखिरमा सत्ता र शक्ति समीकरणको लेनदेन कहाँ गएर टुंगिन्छ, त्यो हेर्न बाँकी नै छ । तर, एउटा कुरा प्रस्ट छ, हामी फेरि सुशासन र देशको लोकतान्त्रीकरणभन्दा राजनीतिक खिचातानी र सत्ता-समीकरणतर्फ आकर्षित हुने सम्भावना छ । हाम्रो ध्यान त्यो खिचातानीतिर मात्र जान हुँदैन ।

शक्तिको केन्द्रीकरण र अपारदर्शी प्रयोग

एमाले र माओवादीको सम्भावित मिलन तथा नयाँ सरकार गठनले नेपालको लोकतान्त्रीकरणसँग जोडिएका जनताका दुई प्रमुख चासोको विषयलाई कसरी प्रभाव पार्छन्, त्यो सबैभन्दा महत्त्वपूर्ण विषय हो । पहिलो मुद्दा, राजनीतिक दलको बदलिँदो स्वरूपले जनता कसरी राज्यसँग जोडिन सक्छन् भन्ने हो भने दोस्रो नेपालमा राजनीतिक र आर्थिक शक्ति संकलनमा देखिएका नयाँ प्रवृत्तिले अन्ततः हाम्रो समाज कस्तो बन्छ भन्ने हो । यी दुई विषयको विश्लेषणले केही डरलाग्दा सम्भावना देखाउँछ ।

संरचनागत रूपमा देशको संघीयकरण भए पनि राजनीतिक रूपमा शक्तिको केन्द्रीकरण भइरहेको छ । यसका दुई प्रमुख वाहक छन्- राजनीतिक दल र प्रशासनिक संरचना । मुलुकमा अब तीन तहका सरकार बने तापनि प्रमुख प्रशासनिक संरचना थप केन्द्रीकृत बन्दै गइरहेका छन् । अर्को, राष्ट्रिय दलहरूको संख्या घट्दै गइरहेको छ भने भएका दलको संरचना झनै केन्द्रीकृत हुँदैछन् । एमाले र माओवादीको मिलनको सन्दर्भमा नयाँ दल अझ केन्द्रीकृत बन्ने सम्भावना बढ्दै गइरहेको छ ।

यसरी एकातिर राजनीतिक शक्ति केन्द्रीकृत हुँदै गइरहेका छन् भने ती शक्ति राज्यका संरचनाबाट बिस्तारै दलीय संरचनातर्फ स्थानान्तरण पनि हुँदैछन् । अर्थात्, शक्तिको केन्द्रीकरण राज्यबाट दलहरूतिर हुँदैछ । यस्तोमा दलहरू लोकतान्त्रिक भएनन् भने के हुन्छ ? यदि दलहरू लोकतान्त्रिक भइदिएका भए त्यसले पनि खासै फरक पर्ने थिएन होला । तर, के हाम्रा दलहरू लोकतान्त्रिक छन् त ? उनीहरू लोकतान्त्रिक छन् कि छैनन् भन्ने मापन गर्ने सजिला आधारहरू छन् । जस्तो : के तिनले संसद्मा जनपक्षीय नीति निर्माण गरेका छन् ? के तिनले राजनीतिक दललाई लोकतान्त्रिक बनाउन खोज्ने नागरिक समाज तथा निर्वाचन आयोगका प्रयासलाई सफल हुन दिएका छन् ? के तिनले दण्डहीनता रोक्ने प्रयासमा साथ दिएका छन् ? के तिनले भ्रष्टाचारीलाई कारबाही गर्ने प्रयासमा मद्दत गरेका छन् ?

राजनीतिक दलहरूलाई नजिकबाट नियाल्ने जो कोहीलाई पनि थाहा छ, उनीहरूले उल्टै अपराध र अपराधीलाई संरक्षण गर्ने काम गरेका छन् । जनपक्षीय नीतिलाई रोकेर व्यापारी र सिन्डीकेटको पक्षपोषण गर्ने नीति बनाएका छन् । राजनीतिक दलसम्बन्धी विधेयकलाई फितलो बनाएर मनोमानी गर्ने र चुनावमा अवैध धन खर्च गर्ने ठाउँ राखेका छन् । 'मनि लन्डरिङ' रोक्न बनेका सबै संरचना कमजोर तुल्याएका छन् । सहकारीका नाममा कार्यकर्ताको कागजी संस्था बनाएर जथाभावी पैसा बाँडेका छन् । यी त अनगिन्तीमध्ये केही उदाहरण मात्र हुन् ।

शक्ति आर्जनको बदलिँदो स्वरूप

सर्वाधिक डरलाग्दो पक्ष हो, हाम्रा राजनीतिक संरचनाहरूमा नयाँ पात्र र प्रवृत्तिहरू देखा परिरहेका छन् । जता-जता पैसाको मुहान खुल्छ, त्यता-त्यता भ्रष्टाचार पुग्छ- भन्सारमा, कर कार्यालयमा, जलविद्युत् आयोजनामा, वैदेशिक रोजगारीमा, विकासका लगानीमा । र, ती क्षेत्रलाई कुरूप बनाउँछ । भ्रष्टाचारले सरकारको नियमन गर्ने र नीतिनिर्माण गर्ने पक्षलाई ध्वस्त बनाएको छ । निर्वाचित प्रतिनिधिसमेत कानुन निर्माण र नागरिक नियमनका क्रममा दोहन, दण्डहीनता र भ्रष्टाचारको पक्षपोषक बनेका छन् ।

भ्रष्टाचारले व्यक्तिगत प्रवृत्तिबाट संस्थागत दोहन सञ्जालको स्वरूप ग्रहण गरेको छ । अरू सबै खालका भ्रष्टाचारलाई राजनीतिक भ्रष्टाचारले प्रतिस्थापित गरेको छ । राजनीति महँगो भएको छ तर यो उत्तिकै लाभदायी व्यवसाय पनि हुन पुगेको छ । अर्थतन्त्र जति ठूलो हुँदै जान्छ, दोहनको सञ्जाल उत्तिकै हुर्कंदै जान्छ र लुटका लागि प्रतिस्पर्धा बढ्न थाल्छ ।

यस क्रममा हामीले राजनीतिक र आर्थिक शक्ति आर्जनमा केही संरचनागत परिवर्तन र प्रवृत्ति देख्न थालेका छौं । राजनीतिक र शक्ति आर्जनका लागि नेताहरू भ्रष्टाचार र दण्डहीनतासँग हातेमालो गरिरहेका छन् । त्यसैले अचेल राजनीतिले होइन, भ्रष्टाचारले देश हाँक्छ । हरेक ठूला नेताका आफ्नै दलाल व्यापारी छन् । तिनैले अवैध धन सफा गरिदिन्छन्, तिनै दलालले सबै लेनदेन र राजनीतिक नियुक्तिमा सघाउँछन्, तिनै दलालले नयाँ दोहनको सञ्जालको नेतृत्व गर्छन् ।

लोकतान्त्रिक दल र कम्युनिस्ट दलमा दुईवटा संरचनागत भिन्नता हुन्छ । कम्युनिस्ट दलहरूमा बलियो समूहगत संस्कार हुन्छ । त्यसमाथि पनि ती दलहरूको संगठन 'रेजिमेन्टेड' संरचनाले कस्सिएको हुन्छ । कम्युनिस्ट दलमा व्यक्तिवाद सबैभन्दा ठूला नेतामा मात्र देखा पर्न सक्छ, अन्यमा सक्दैन । लोकतान्त्रिक दलहरू नाममा सामूहिक भनिए तापनि तिनको सांगठनिक संरचना साह्रै खुकुलो हुन्छ र व्यक्तिवाद प्रशस्त देख्न पाइन्छ ।

नयाँ बनिरहेको यो भ्रष्टाचारको सञ्जाल र नयाँ बन्न लागेको जनवादी केन्द्रीयता एक आपसमा निकै मिल्दाजुल्दा छन् । यसैले गर्दा राजनीतिक र आर्थिक शक्ति आर्जन गर्ने नयाँ प्रवृत्तिको संरचना र शैलीलाई जनवादी केन्द्रीयताले सघाउन सक्छ । तसर्थ, अब नयाँ बन्ने वामपन्थी दल देशका लागि एउटा प्रस्थानविन्दु हो । यो विन्दुमा नयाँ दलले लोकतान्त्रिक स्वरूप हासिल गर्‍यो भने देशको मुहार फेरिनेछ । होइन भने अर्को पाँच वर्ष देश र जनताका लागि अत्यन्तै कष्टकर हुनेछ । ◆

पहुँचको भरमा

राज्यकोषबाट जथाभावी नगद वितरण गरी राजनीति टिकाउने घातक प्रवृत्ति

॥ **मनबहादुर बस्नेत**

मिति : १९ पुस
समय : बिहान ११ बजे
स्थान : लेखा शाखा, गृह मन्त्रालय, सिंहदरबार

कोही चेक लिएर बाहिरिरहेका छन् त कोही फाइल पल्टाएर आफ्नो नामसूची खोजिरहेका छन् । यत्तिकैमा टेलिफोनको घन्टी बज्छ ।

कर्मचारीले सिरियल नम्बर माग्छिन् । सिरियल नम्बर नभएपछि निर्णय मिति सोध्छिन् । 'त्यो मितिको त यहाँ आइपुगेको छैन, उतै बुझ्नुस्,' यति भनेर उनले फोन राखिन् । उतै भन्नाले उनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयतर्फ इंगित गरेकी थिइन् ।

यस्तो टेलिफोन तारन्तार आउँछ । लाम्चो आकारमा पूर्व-पश्चिम फैलिएको कोठा खचाखच भरिएको छ । मानिसको ओहोरदोहोरसमेत उत्तिकै छ । कोही टाईमा सजिएका त कोही अस्पतालको कागजात बोकेका देखिन्छन् । कुनै हाटबजार पुगेजस्तो झल्को दिने यो दृश्य भदौ महिनादेखि सामान्यझैं बनिरहेको छ । सरकारले बाँड्ने आर्थिक सहायता लिनेको भीडले गृह प्रशासनको व्यस्तता यतातिर केन्द्रित भएको हो । "यो गृह मन्त्रालय हो कि रकम बाँड्ने अड्डा, छुट्याउन मुस्किल हुन थाल्यो," लेखा अधिकृत खड्कबहादुर शाही भन्छन् ।

गृह मन्त्रालयको भीडले मात्रै होइन, आर्थिक सहायता पाउनेको सूचीले पनि मुलुकको


रामवरण यादव

केपी शर्मा ओली

खुमबहादुर खड्का

गोविन्दराज जोशी

ढुकुटीमा हात

तुलसी गिरी


भरतमोहन अधिकारी

ढुकुटीमा भइरहेको तजबिजी दोहनको कुरूप चित्र देखापर्छ। मन्त्रिपरिषद्ले आर्थिक सहायता दिने निर्णय गरेपछि गृह मन्त्रालयले रकम बाँड्छ। यस्तै बाँडीचुँडी रकम निकाल्नेको भीड सिंहदरबारमा दिनहुँ लाग्छ। यसरी रकम पाउने सबैजसो पहुँचवाला हुन् । लाभान्वित हुनेमध्ये प्रधानमन्त्री, मन्त्री र उच्च प्रशासकका आफन्त र राजनीतिक कार्यकर्ता छन् । केही त आफैं उच्च ओहोदामा रहेका, राज्यबाटै सेवा-सुविधा पाइरहेकाहरू नै छन् । "यी कार्यक्रम भनेका विशुद्ध राजनीतिक हुन्," पूर्व मुख्यसचिव विमल कोइराला भन्छन्, "राजनीतिक कार्यकर्ता र नातेदारलाई दिइन्छ। यसमा न समानता हुन्छ, न सिद्धान्त। जसले सक्छ, उसले लिन्छ। नसक्ने जिल्ल पर्छ।"

आफ्नो हात जगन्नाथ

सत्तामा भएकाहरूले कसरी पहुँचका आधारमा आर्थिक सहायता हत्याउँछन् भन्ने केलाउन केही उदाहरण हेरौं। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि ५ भदौ, २ असोज, ६ कात्तिक र २५ मंसिरमा भएको निर्णय *नेपाल*लाई प्राप्त भएको छ। ती निर्णय केलाउँदा के देखिन्छ भने आर्थिक सहयोग पाउने २ सय ७ जना प्रधानमन्त्री देउवाको गृह जिल्ला डडेल्धुराका छन् । त्यस्तै तत्कालीन गृहमन्त्री (हाल बिनाविभागीय) जनार्दन शर्माको गृह जिल्ला रुकुमबाट तीन दर्जनले लाभ लिएका छन्। यसैगरी हरेक मन्त्रीले आफ्नो जिल्ला र निर्वाचन क्षेत्रका सीमित व्यक्तिलाई आर्थिक सहायता बाँडेका छन्।

एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले १ करोड २६ लाख रुपियाँ उपचार खर्च पाएका छन् भने त्यही शीर्षकमा पूर्वराष्ट्रपति रामवरण यादवले ७० लाख रुपियाँ । कांग्रेस नेता देवेन्द्रराज कँडेलले १६ लाख रुपियाँ आर्थिक सहायताबापत पाएका छन्। मन्त्रिपरिषद् निर्णयमा प्रभाव पार्न सक्नेले कुन हदसम्मको मनोमानी गर्छन् भन्ने एउटा उदाहरण कांग्रेस नेता खुमबहादुर खड्का पनि हुन्। एकातिर, राज्यले भ्रष्टाचार मुद्दामा सजाय गरी दण्ड-जरिवाना समेत गरेको छ। अर्कोतिर, पटक-पटक आर्थिक सहायता दिई उनलाई पुरस्कृतसमेत गरेको छ। खड्कालाई ९७ लाख रुपियाँ राज्यकोषबाट दिलाइएको छ । विशेष अदालतबाट भ्रष्टाचार मुद्दा ठहर भइसकेका कांग्रेसकै अर्का नेता एवं पूर्वमन्त्री गोविन्दराज जोशीले पनि २७ लाख ८० हजार रुपियाँ आर्थिक सहायता लिएका छन्।

यसैगरी संविधानसभाकी पूर्वउपाध्यक्ष पूर्णकुमारी सुवेदीले छोराको उपचार खर्चबापत ४० लाख बुझेकी छन् भने पूर्वउपराष्ट्रपति परमानन्द झाले श्रीमतीको उपचार खर्च भनेर ९ लाख ३० हजार भुक्तानी पाएका छन्। यसैगरी एमाले नेता एवं पूर्वमन्त्री भरतमोहन अधिकारीले पनि उपचार खर्चबापत २५ लाख बुझेका छन् भने पूर्वमन्त्री महेन्द्र राय यादवले १५ लाख आर्थिक सहायता पाएका छन्।

आर्थिक सहायता पाउनेमा तल्लो तहका कार्यकर्तादेखि उपल्लो तहका नेतासम्म छन्। अर्को उदाहरण हेरौं, भोजपुर जिल्लाको । भोजपुरका एमाले नेता घनेन्द्र बस्नेत र नेपाली कांग्रेसका नेता उमेशजंग रायमाझी दुवै आर्थिक सहायता पाउने भाग्यमानी नेता हुन् । फरक यत्ति हो, दुवैले एकैपटक सहायता पाएनन्। आ-आफ्ना पार्टीका नेताले सरकारको नेतृत्व गरेको मौका पारेर यिनले राज्यकोषबाट लाभ लिए। बस्नेतले एमाले नेता केपी शर्मा ओली प्रधानमन्त्री भएका बखत १२ साउन ०७३ मा तीन लाख रुपियाँ सहायता पाएका थिए भने रायमाझीले तत्कालीन कांग्रेस सभापति सुशील कोइराला प्रधानमन्त्री

छँदा २८ साउन ०७२ मा साढे दुई लाख रुपियाँ। भोजपुरकै अर्का एमाले नेता शेरधन राईले पनि ०७२ मा ओली सरकारका पालामा पाँच लाख रुपियाँ बुझेका छन्।

पछिल्लोपटक सुनसरी, मोरङ, धनुषा, कैलाली सबैभन्दा बढी आर्थिक सहायता पाउने जिल्ला हुन्। किनभने, सुनसरी/मोरङ क्षेत्रबाट विजयकुमार गच्छदार, धनुषाबाट विमलेन्द्र निधि सरकारमा छन् भने कैलाली प्रधानमन्त्री देउवा- पत्नीले हालसालै प्रतिनिधिसभा निर्वाचन लडेको जिल्ला हो।

जनप्रतिनिधि, पत्रकार, लेखक, पूर्वकर्मचारी सबैले राज्यको ढुकुटीबाट बिनामापदण्ड बाँडिने आर्थिक सहायताको स्वाद चाखेका छन्। यस्तो सुविधा संवैधानिक निकायमा बसेकाहरूले समेत पाएका छन्। २६ असार ०७३ मा निर्वाचन आयुक्त इला शर्मालाई सरकारले तीन लाख रुपियाँ आर्थिक सहायता दियो, जतिखेर आयोग स्थानीय तहदेखि प्रदेश र प्रतिनिधिसभाको निर्वाचनको गृहकार्यमा जुटेको थियो। निर्वाचनताका निष्पक्षता कायम गर्नुपर्ने स्वतन्त्र संवैधानिक आयोगकी पदाधिकारी शर्माले सरकारी दलको सिफारिसमा प्राप्त सहायता निसंकोच ग्रहण गरिन्।

आर्थिक सहायता लिनेमध्ये केही यति शक्तिशाली छन् कि जसले दोहोऱ्याइ-तेहऱ्याइ सुविधा भोग गर्न पाएका छन्। भर्खरै २५ लाख रुपियाँ पाउने निर्णय भएका तुलसी गिरीले यसअघि १३ माघ ०७२ मा २० लाख रुपियाँ पाएका थिए। २६ असारमा तीन लाख रुपियाँ पाएका पूर्वप्रशासक नरेन्द्रराज शर्माले २ असोजमा थप ५० हजार रुपियाँ लिए। त्यस्तै १७ फागुन ०७३ मा पनि उनले तीन लाख थापेका थिए। पछिल्लोपल्ट भने उनले पाँच लाख रुपियाँको निवेदन दिए पनि ५० हजारमै चित्त बुझाउनुपऱ्यो।

चितवनका विज्ञान बोटे, अछामका झंकर रावल, कीर्ति शाह, सिन्धुलीका गोविन्दप्रसाद कोइराला दोहोऱ्याएर रकम पाउने थप भाग्यशाली हुन्। १९ जेठ ०७४ मा तीन लाख पाएका बोटेले त्यसको चार महिनापछि नै पुनः एक लाख रुपियाँ हात पारे। १४ पुस ०७३ मा थप तीन लाख पाइसकेका रावलले गत १९ जेठमा थप तीन लाख रुपियाँ पाए। कोइरालाले १९ जेठ ०७४ मा दुई लाख पाएकामा २ असोजमा पुनः तीन लाख हात लगाए। ७ साउन ०७३ मा एक लाख रुपियाँ पाएका शाहले एक वर्ष नबित्दै १० जेठ ०७४ मा फेरि एक लाख रुपियाँ थापे।

१० वर्षमा पाँच अर्ब वितरण

गत साउनयताका पाँच महिनामा मात्रै देउवा सरकारले साढे ३२ करोड रुपियाँभन्दा बढी आर्थिक सहायताबापत राज्यकोषको रकम बाँडेको छ। यो २५ मंसिरसम्मको आँकडा हो। त्यसपछि पनि मन्त्रिपरिषद्बाट भटाभट निर्णय गरी आफूले खुसी पार्नुपर्नेहरूलाई पोस्न छाडेको छैन। जस्तो : १३ पुसमा मन्त्रिपरिषद्ले शाही शासनकालका मन्त्रिपरिषद् उपाध्यक्ष तुलसी गिरीलाई २५ लाख रुपियाँ दिने निर्णय गरेको छ भने ६ पुसमा पूर्वसभामुख एवं कांग्रेस नेता तारानाथ रानाभाटलाई ७ लाख रुपियाँ दिने निर्णय गरिएको छ।

विडम्बना त के भने मुलुकमा लोकतन्त्र स्थापना भएपछि यसरी रकम बाँड्ने विकृति नराम्ररी झाँगिएको देखिन्छ। रकम वितरणको निर्णय गर्ने र पाउनेको सूची हेर्दा राज्यस्रोत बाँडीचुँडी खाने संस्कार नै विकसित भएझैं देखिन्छ। आर्थिक वर्ष ०६३/६४ मा साढे सात करोड रुपियाँ आर्थिक सहायता बाँडिएकामा अहिले यो चार गुणाले बढेको छ। सालिन्दा यो ग्राफ उक्लिँदै गएको छ र हरेक सरकारले आर्थिक सहायता दिने निर्णय गर्दा पूर्ववर्ती सरकारलाई उछिनेका छन्। साउन ०७३ मा जाँदाजाँदैको केपी ओली नेतृत्वको सरकारले ८० जनालाई डेढ करोड बाँडेको थियो भने त्यसपछिको प्रचण्ड सरकारले १० महिने कार्यकालमा १ हजार १ सय ६० जनालाई करिब १४ करोड रुपियाँ वितरण गऱ्यो। देउवाले उनलाई पनि उछिनेर पाँच महिनामा साढे ३२ करोड रुपियाँ वितरण गरिसके भने बाँड्ने क्रम अझै रोकिएको छैन।

०६३ देखि हालसम्म सरकारले आर्थिक सहायताका नाममा करिब पाँच अर्ब रुपियाँ तजबिजी आधारमा बाँडेको छ। यो रकम एकमुष्ट खर्च गर्ने हो भने करिब २५ मेगावाट जलविद्युत् आयोजना बनाउन मिल्छ। प्रतिमेगावाट जलविद्युत् लागत सरदर २० करोड रुपियाँ लाग्ने अनुमानका आधारमा यो हिसाब निस्कन्छ। "यो त सरुवा रोगजस्तो जुनसुकै सरकारमा सर्लक्क संक्रमण हुन थाल्यो," नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षत्री भन्छन्, "राज्यकोषमा भएको यो हदको दुरुपयोगले आर्थिक विकृतिहरू जन्माइरहेको छ। आर्थिक अनुशासन नभएपछि बजार अराजक हुने जोखिम बढाएको छ।"

१० लाखभन्दा बढी पाउनेहरू

(अंक रुपियाँमा)

नाम	रकम	प्रयोजन
केपी शर्मा ओली	१,२६,३५,०००	(औषधि उपचार)
रामवरण यादव	७०,००,०००	(औषधि उपचार)
देवेन्द्रराज कँडेल	१५,८४,०००	(आर्थिक सहायता)
सयन्द्र वान्तवा	५,००,०००	(आर्थिक सहायता)
पूर्णकुमारी सुवेदी	४०,००,०००	(छोराको उपचार)
परमानन्द झा	९,३०,०००	(श्रीमतीको उपचार)
गोविन्दराज जोशी	२७,८०,०००	(आर्थिक सहायता)
भरतमोहन अधिकारी	२५,००,०००	(औषधि उपचार)
मनमोहन भट्टराई	१५,००,०००	(आर्थिक सहायता)
कल्पना सोब	१०,००,०००	(आर्थिक सहायता)
जयपुरी घर्ती	१०,००,०००	(आर्थिक सहायता)
खगेन्द्र चुडाल	१५,००,०००	(आर्थिक सहायता)
अर्जुन खड्का	१०,००,०००	(आर्थिक सहायता)
गोपाल शेरचन	६०,००,०००	(आर्थिक सहायता)
महेन्द्र राय यादव	१५,००,०००	(आर्थिक सहायता)
सुजाता कोइराला	५०,००,०००	(औषधि उपचार)
नारायणप्रसाद मैनाली	१०,००,०००	(आर्थिक सहायता)
वीरमाया बाकवाल	१०,००,०००	(आर्थिक सहायता)
मोहम्मद आलम	१०,००,०००	(श्रीमतीको उपचार)
आदित्य बराल	१,००,००,०००	(आर्थिक सहायता)

गृह मन्त्रालय, लेखा शाखामा आर्थिक सहायता रकम लिनेको लाइन, १९ पुस ०७४

नफेरिएको संस्कार

सत्तामा पुग्नेले आफ्ना वरिपरिकालाई राज्यकोषको रकम बाँड्ने चलन नयाँचाहिँ होइन। पञ्चायतकालदेखि नै राज्यकोषको रकम आफू अनुकूलका व्यक्तिलाई वितरण गरिन्थ्यो। पञ्चायतकालमा राजा महेन्द्रको पालामा '२० को दशकदेखि आर्थिक सहायता, चन्दा, पुरस्कार (आसचपु) भनेर प्रजातन्त्रवादीहरूलाई दबाउन पञ्चायत समर्थकलाई रकम दिने गरिन्थ्यो। यसको भित्री उद्देश्य पञ्चायती व्यवस्थालाई टिकाउनु र खुलापन चाहनेहरूको शक्तिलाई कमजोर पार्नु थियो। "राज्यको ढुकुटी बाँड्ने जग नै विपक्षीलाई तह लगाउने गरी बसालिएको देखिन्छ," अर्थशास्त्री केशव आचार्य भन्छन्।

०४६ मा प्रजातन्त्र स्थापना त भयो तर राज्यकोषको दोहन थामिएन। बरू, फरक शैलीमा रकम बाँड्न थालियो। बहुदलीय सरकारले राजनीतिपीडित सहायता कोष खडा गरेर रकम वितरण गर्‍यो। आन्दोलनमा लाग्दा यातना पाएका, अंगभंग भएकालाई राहत दिन रकम बाँड्ने परम्परालाई कोष स्थापना गरेरै निरन्तरता दिइयो। यही कोषमार्फत राज्यको ढुकुटीको पैसा उपभोग गर्ने बानी परेपछि कालान्तरमा गृह मन्त्रालयमार्फत रकम दिन थालियो। बेखर्ची बनेका, औषधि उपचार गर्न नसक्ने निम्न वर्गीयको जीवन सहज पार्न गृह मन्त्रालयमा यस्तो द्वार खोलिएको भनियो। दसैंको छेको पारेर यस्तो रकम बाँड्ने गरिन्थ्यो तर विपन्नलाई होइन, पहुँचवालालाई। अहिले त्यसैले आर्थिक सहायताका नाममा ठूलो रूप लिएको हो। "बेखर्चीहरूलाई दिने भनिए पनि दसैंका बेला बाँडिने रकम राजनीतिक कार्यकर्ताका लागि हुन्थ्यो," पूर्वअर्थसचिव रामेश्वर खनाल भन्छन्, "चाडबाडमा पैसा लिएर कार्यकर्ता रमाउँदै गाउँघर फर्कन्थे।"

राजनीतिक दलहरूले राजदरबारले राज्यको ढुकुटी दुरुपयोग गरेको भनेर चर्को आलोचना गरेरै आफ्नो राजनीतिक यात्रा अगाडि बढाएका हुन्। तर, अहिले तिनै दलहरू राज्यको ढुकुटी दुरुपयोगकर्ताको रूपमा उदाउन थालेका छन्। "आर्थिक सहायता बाँड्नु जमिनदारी प्रथाको अवशेष हो," अर्थशास्त्री आचार्य भन्छन्, "उक्त प्रथामा वर्षदिनमा एकपटक मीठो खानेकुरा, एकसरो राम्रो लुगाफाटो दिएर रैतीहरूलाई आफूप्रति वफादार बनाइन्थ्यो। अहिले राज्यकोषको धन दिएर वफादार बनाइँदैछ।"

हुन पनि गएको सात दशकको अवधिमा ठूला राजनीतिक परिवर्तन भए। पञ्चायतकाल, बहुदलकाल हुँदै मुलुकले गणतान्त्रिक व्यवस्थामा फड्को मार्‍यो। विडम्बना ! व्यवस्था बदलिए पनि राज्यकोषको रकम मासेर राजनीति टिकाउने परम्परा भने झनै चिरस्थायी बनेर टाँसियो। ढुकुटीको धन बचाउन सरकारले ०६८ मा नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता कार्यविधि ल्याएको थियो। तर, त्यसमा समेत प्रस्ट मापदण्ड नहुँदा दुरुपयोग रोकिएन। बरू, यसैका आडमा स्वास्थ्य मन्त्रालयको सिफारिसमा उपचार खर्च माग्नेको ओइरो लाग्यो।

त्यसपछि ०७३ मा कार्यविधि संशोधन गरेर मापदण्ड बनाइयो, जसमा राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान पुर्‍याएका व्यक्तिलाई कडा रोग लागेमा उपचार खर्च दिन सक्ने व्यवस्था छ। जस अनुसार मुटु, मिर्गौला, पार्किन्सन, अल्जाइमर, स्पाइनल इन्जुरी, कलेजो, अप्लास्टिक एनिमिया, थालिसिमिया, मस्तिष्क घात, सिकलसेल एनिमियाजस्ता रोग लागेमा मात्रै उनीहरूले उपचार खर्च पाउँछन्। सर्वसाधारणका लागि कडा रोग लागेमा दुई लाख रुपियाँसम्मको उपचार खर्च सरकारले बेहोर्छ, अस्पतालमार्फत। यो नीतिलाई छलेर मन्त्रिपरिषद्बाटै आर्थिक सहायता लिने प्रवृत्ति बस्यो, जसमा उनीहरूले उल्लिखित रोग लागेको प्रमाण र सिफारिस पेस गरिराख्नुपर्दैन। "गृह मन्त्रालय वा प्रधानमन्त्री कार्यालयमा निवेदन हालेका भरमा लाखौं सहयोग पाउने भएपछि दुःख नगरी आरामले जीवन बिताउने पहुँचवालहरू थुप्रै छन्," गृह मन्त्रालयका एक सहसचिव भन्छन्।

नगदै बाँड्ने रोग

आय आर्जन, उद्यमशीलता बढाउने कार्यमा भन्दा सस्तो लोकप्रियता कमाउने आर्थिक ध्याउन्नमा राजनीतिक नेतृत्व अभ्यस्त भएको छ। राज्यले गर्नैपर्ने लोककल्याणकारी कार्यक्रमसमेत बिनातयारी लागू गरिएका छन्। १३ पुसमा बसेको मन्त्रिपरिषद् बैठकले दुवै मिर्गौला फेल, क्यान्सर र स्पाइनल इन्जुरी भएका बिरामीलाई मासिक पाँच हजार रुपियाँ निर्वाह भत्ता दिने निर्णय गर्‍यो। तर, यो कार्यक्रम सरकारले कति हचुवाको भरमा ल्याएको छ भने एकातिर यस्ता रोगीको यकिन तथ्यांक छैन भने अर्कोतिर कुन स्रोतबाट रकम जुटाउने भन्ने समस्या छ। स्वास्थ्य मन्त्रालयका सहसचिव एवं प्रवक्ता श्रीकृष्ण गिरी यस्ता कडा किसिमका रोगीको यकिन संख्या अभिलेखमा नभएको बताउँछन्।

ज्ञातव्य रहोस्, यसअघि नगद वितरण गर्ने

रामचरण चौधरी १०,००,००० (आर्थिक सहायता)	**खुमबहादुर खड्का** ९७,००,००० (क्षतिपूर्ति र आर्थिक सहायता)	**तुलसी गिरी** ४५,००,००० (आर्थिक सहायता)
उद्धवसिंह ऐर १०,००,००० (आर्थिक सहायता)	**भीमनिधि हमाल** १०,००,००० (आर्थिक सहायता)	**परशुराम थारू** १०,००,००० (आर्थिक सहायता)
सन्तोष देवकोटा १०,००,००० (आर्थिक सहायता)	**विष्णुकुमारी पोखरेल** १०,००,००० (आर्थिक सहायता)	**देवी पाठक सिलवाल** १०,००,००० (आर्थिक सहायता)
टेकनाथ रिजाल ३०,००,००० (आर्थिक सहायता)	**शशी शेरचन** १५,००,००० (आर्थिक सहायता)	**रामकुमारप्रसाद शाह** (आदि) ८०,००,००० (आर्थिक सहायता)

स्रोत : गृह र अर्थ मन्त्रालय

पहुँचदारका हातमा करिब ५ अर्ब

(अंक रुपियाँमा)



स्रोत : अर्थ मन्त्रालय

कार्यक्रमको कठोर आलोचक कांग्रेसको सरकारले नै लोकप्रियतामुखी एवं वितरणमुखी निर्णय गरेको हो। एमाले सरकारले ०५१ मा वृद्धभत्ता र एकल महिला भत्ताको व्यवस्था ल्याउँदा कांग्रेस अर्थतन्त्रमा असर पर्ने भन्दै विपक्षमा उभिएको थियो। पूर्वअर्थसचिव खनालका अनुसार सरकारको यो कार्यक्रम विपन्नलाई भन्दा सम्पन्न वर्गलाई फाइदा पुग्ने किसिमको छ। यी रोग लागे/नलागेको जाँच-पड्ताल गर्ने ठाउँसम्म गरिबको पहुँच नै हुँदैन र यस्तो लाभ लिन सक्दैनन्। भन्छन्, "सर्लक्क हेर्दा यो व्यवस्थाको आलोचना गर्ने मानिस खराब ठहरिन सक्छ। तर, यो विपन्नमुखी कार्यक्रम हुँदै होइन। गरिब त रोग लागेको थाहा नपाएरै मर्छन्।"

नगदी मोहकै कारण सरकारले एक सय रुपियाँदेखि सुरु भएका सामाजिक सुरक्षा भत्तालाई अहिले दुई हजार रुपियाँसम्म पुऱ्याएको छ। सामाजिक सुरक्षा भत्तामा मात्रै वार्षिक ४० अर्ब रुपियाँ खर्च हुन्छ। ०६३ मा माओवादी शान्ति प्रक्रियासँगै सत्तामा प्रवेश गरेपछि मुलुकमा सम्झौताबाट राज्य सञ्चालन हुन थाल्यो र द्वन्द्वपीडितका नाममा हातहातै नगद बाँड्ने क्रम ह्वात्तै बढ्यो। द्वन्द्वका क्रममा मृत्यु भएकाहरूको परिवारलाई सरकारले जनही १० लाख रुपियाँ दिने निर्णय गरेको छ, जुन शान्ति तथा पुनःस्थापना मन्त्रालय अन्तर्गतको राहत तथा पुनःस्थापना एकाइले वितरण गर्छ।

०६५ देखि किस्ता-किस्ता गरी यो रकम बाँड्न थालेको सरकारले अझै सकेको छैन। १८ हजार ७६ जनाको द्वन्द्वका बेला ज्यान गएको अभिलेख सरकारले संकलन गरेको छ। उनीहरूका परिवारलाई मात्र सरकारले १८ अर्ब ७ करोड ६० हजार रुपियाँ दिनुपर्छ। त्यस्तै बेपत्ता पारिएका व्यक्तिका परिवारलाई एक लाख रुपियाँ दिने व्यवस्था गरेको छ। यो संख्या १ हजार ७ सय ३० छ। उनीहरूलाई राहत दिँदा १७ करोड ३० लाख रुपियाँ खर्च हुन्छ। अंगभंग, सम्पत्ति क्षति, अपहरणमा परेकालाई समेत सरकारले नगदै राहत दिँदै आएको छ।

जनआन्दोलनका सहिदका परिवारलाई मासिक भत्तासमेत सरकारले दिन्छ। २६ जनालाई दिने मासिक ६ सय भत्तामा वार्षिक करिब १८ हजार रुपियाँ खर्च हुन्छ। एकाइका शाखा अधिकृत पितानाथ भट्टराईका अनुसार द्वन्द्वपीडितलाई दिइएको राहत रकम कनिका छरेसरी किस्तामा गएकाले उनीहरूको जीवन निर्वाहमा देखिने गरी परिवर्तन आउन सकेको छैन। "राज्यले नगद बाँडेर कहिल्यै पार नलाग्ने रहेछ," उनी भन्छन्, "बरू, आय आर्जनका क्षेत्रमा अवसर दिएको भए उनीहरूको जीवन निर्वाह सहज हुने थियो।"

कहिलेसम्म धान्ला ढुकुटीले ?

सामाजिक सुरक्षाका कार्यक्रमलाई विश्वका सबै मुलुकले थोरबहुत अवलम्बन गरेका हुन्छन्। लोककल्याणकारी राज्यको अवधारणा अनुसार सक्षमहरूले असक्षमलाई भरथेग गरेर जीवन सहज बनाइदिनु यसको मुख्य उद्देश्य हुन्छ। यही अनुसार सरकारले आफ्नो ढुकुटीको क्षमता अनुरूप यस्ता क्षेत्रमा लगानी गर्ने कार्यक्रमको आकार निर्धारण गर्छ। तर, नेपालमा भने सीमा तोकिएको छैन। कुल गार्हस्थ्य उत्पादन, राजस्व बचत, प्रतिव्यक्ति आयको कसीमा राखेर त्यसको कति प्रतिशत सामाजिक सुरक्षामा खर्चने भन्ने मापदण्ड यहाँ छैन। सामाजिक सुरक्षामा मात्रै बेस्सरी खर्च गर्दा उत्पादनमुखी अर्थतन्त्र खुम्चने, आयातमुखी अर्थतन्त्रलाई टेवा पुग्ने, अपव्यय बढ्ने, पुँजी निर्माण नहुनेजस्ता समस्या देखिने अर्थशास्त्री आचार्य बताउँछन्। "लोककल्याणकारी भनेको जथाभावी पैसा खन्याउनु होइन," उनी भन्छन्, "स्रोत र क्षमता पनि हेर्नुपर्छ।"

एकातिर व्यवस्थित र सबैको समान पहुँचमा रहेका लोक कल्याणकारी सुविधाको अवस्था समेत बेलगाम छ भने अर्कोतिर बिनाप्रयोजनका रकम राज्यकोषबाट मनलाग्दी बाँड्ने प्रवृत्तिले जरा गाडेको छ। मन्त्रिपरिषद्ले आर्थिक सहायताका नाममा कारणै नखुल्ने गरी राज्यकोष रित्याउने प्रणालीमा त सामान्य नागरिकको पहुँच टाढैको विषय हो। "सत्ता र शक्तिसँग साइनो गाँसेकाहरूले मात्रै पाउने आर्थिक सहायताले सामाजिक विषमता बढाउँछ," पूर्वप्रशासक कोइराला भन्छन्, "राज्यकोषको विवेकशील प्रयोग नभएपछि आर्थिक विकृति बढ्छ र त्यसले अर्थतन्त्रमा असर गर्छ। यसलाई बन्दै गर्नुपर्छ।" ◆

■ टिप्पणी

लोककल्याणको विकृत प्रयोग

■ रामेश्वर खनाल

आमनागरिकले दुःख नपाऊन्, जीवन दर्दनाक नहोस्, औषधि उपचार नपाएर असमयमै मृत्यु नहोस् भनेर लोककल्याणकारी राज्यमा सरकारले सामाजिक सुरक्षामा खर्च गर्छ । पुँजीवादी वा समाजवादी जुनसुकै व्यवस्थामा पनि यो राज्यको दायित्व हो । कसैसँगको सम्पर्क-सम्बन्धका आधारमा आमनागरिकलाई भेदभाव नहुने गरी, सिद्धान्त र नीतिका आधारमा पाउने व्यवस्था गरियो भने त्यो न्यायोचित हुन्छ । सम्पर्क-सम्बन्धको बलमा दबाबले बढी पाउने तर पहुँच नहुनेले केही नपाउने परिपाटी गलत हो । सरकारले यस्तो रकम वितरण गर्छ भन्ने थाहै नपाउने अवस्था त झनै दुःखद हो ।

नेपालको सन्दर्भमा सामाजिक सुरक्षाका कार्यक्रमहरू विभिन्न मन्त्रालयमार्फत जान्छन् । राम्रो तयारी गरेर, कानुन बनाएर, कस्तो-कस्तो अवस्थामा कसरी दिने भन्ने स्पष्ट छैन । सरकारले लोकप्रियता कमाउन विभिन्न योजनाहरू ल्याउँछ । खास गरी, ०५१ सालमा ज्येष्ठ नागरिक र एकल महिला भत्ता प्रारम्भ भए । यी केही व्यवस्थित कार्यक्रम थिए । यो सम्पर्क-सम्बन्धका आधारमा नभई उमेरलगायतका मापदण्ड पुगेपछि सबैले पाउने भए पनि यसका केही कानुनी आधारहरू अझै प्रस्ट छैनन् । यसका वृद्धिका आधारहरू र सुविधा कटौतीको आधार प्रस्ट छैन । जस्तो : कोही व्यक्तिले राज्यकोषबाट पेन्सन सुविधा लिएको छ भने सामाजिक सुरक्षाको भत्ता पाउने कि नपाउने भन्ने नीतिले बोलेको छैन । आश्रय या आम्दानीको स्रोत नभएकालाई दिने हो यो भत्ता । आम्दानीको बाटोबाट आयकर तिर्ने क्षमता भएकालाई राज्यले पालिराख्नुपर्दैन । यस्ता नीतिगत अन्योल हटाउनुपर्छ भनेर विगतमा केही आवाज उठे पनि अगाडि बढ्न सकेन ।

अल्प अवधिका सरकारहरूले पटक-पटक सामाजिक सुरक्षाका भत्ता बढाइदिने निर्णय गरे । सरकार चाँडो परिवर्तन हुने भएकाले हतारमा निर्णय गरियो । न राज्यको क्षमता हेरियो, न बहस नै गरियो । हामीले प्रश्न उठाउँदा कर्मचारीले सहयोग गरेनन् भन्ने मन्त्रीहरू थिए । गरिब जनताका पक्षमा ल्याएका कार्यक्रमहरू भन्दै मन्त्रीहरूले भावना जगाएर कुरा गरिदिएपछि कस्सिएर बहस गर्दागर्दै पनि रोकिनुपर्थ्यो । महिला बालबालिका, स्वास्थ्य तथा जनसंख्या, संस्कृति तथा पर्यटन, शिक्षालगायतका थुप्रै मन्त्रालयबाट यस्ता सुविधाहरू वितरण गरिन्छ । जोसँग सम्पर्क-सम्बन्ध छ, उसले गृह, स्वास्थ्य, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयदेखि प्रधानमन्त्रीको कार्यालयसम्म दरखास्त हालेर रकम लैजान्छ । यस्तो चलन धेरैअघिदेखिको हो । नेपालको संविधान अनुसार कानुनबमोजिम बाहेक खर्च गर्न पाइँदैन । खर्च गर्ने कानुन भनेको विनियोजन ऐन हो । यस ऐनमा यो खालको खर्चको प्रबन्ध हुँदैन । ऐनमा नभएको कुरा मन्त्रालयले खर्च गर्न सक्दैन । त्यही भएर मन्त्रिपरिषद्बाट निर्णय गरेपछि अर्थ मन्त्रालयले भैपरीबाट खर्च गर्ने प्रावधान छ । यो प्रावधान आपत्कालीन अवस्थाका लागि हो । बाढी, पहिरो, प्राकृतिक विपत्तिका बेला, कल्पनै नगरिएको आकस्मिक परिस्थितिमा खर्च गर्नुपर्ने अवस्थामा भैपरी शीर्षकमा खर्चने भनेर विनियोजन ऐनमा यो व्यवस्था राखिएको हो । तर, यसलाई राज्य सञ्चालकहरूले आफ्ना नातेदार, आसेपासे, कार्यकर्तालाई आर्थिक लाभ दिने बाटोका रूपमा दुरुपयोग गरिरहेका छन् । सम्बन्धित मन्त्रालयहरूले पनि भ्रमण, टिकट खर्च भन्दै मन्त्रिपरिषद्बाट निर्णय गराएर अर्थमा रकम निकासाका लागि ल्याउँछन् । यसरी राज्यकोषको दुरुपयोग गर्ने बाटाहरू सरकारले नै सिर्जना गरेको छ ।

> **“सिंहदरबारभित्र आर्थिक सहायता लिने, दिलाउनेको जालो छ । बिरामी खडा गरेर औषधि उपचार खर्च लिने समूह नै सक्रिय छ । दुई लाख रुपियाँ निकाल्यो भने आधाआधा बाँड्नेसम्म छन् ।”**

सिंहदरबारभित्र आर्थिक सहायता लिने, दिलाउनेको जालो छ । बिरामी खडा गरेर औषधि उपचार खर्च लिने समूह नै सक्रिय छ । दुई लाख रुपियाँ निकाल्यो भने आधाआधा बाँड्नेसम्म छन् । प्रयोजन नखुलेको फलानोलाई यति रकम दिने भनेर मन्त्रिपरिषद्ले निर्णय गर्ने प्रवृत्ति झाँगियो । वंशावलीदेखि गुठी, प्रतिष्ठानहरूलाई रकम दिइन्छ भन्ने कति नेपालीलाई थाहा होला ? तर, यी नाममा पहुँचवालले रकम लगिरहेकै हुन्छन् । तिनलाई कहाँकहाँबाट रकम आउँछ भन्ने सबै थाहा हुन्छ । एउटा गृह मन्त्रालय छ, जसले बेखर्ची भएकालाई समेत सहयोग गर्छ । अर्को प्रधानमन्त्री सहायता कोष छ भने तेस्रो स्वास्थ्य मन्त्रालयले बिरामीहरूलाई पैसा दिने गर्छ । यी तीनवटै संयन्त्रको त्रुटि के भइदियो भने जसको पहुँच छ, उसले मात्रै सुविधा पाउने भयो । सरकारले दिने सुविधामा सबैको समान पहुँच हुनुपर्छ भनेर स्वास्थ्य मन्त्रालयले कार्यविधि बनायो । एकपटक के भयो भने गोरखाबाट एक जना महिला आफ्ना दुई जना बच्चा ब्लड क्यान्सरका बिरामी छन् भनेर आइन् । स्वास्थ्य मन्त्रालयले चार लाख रुपियाँसम्मको उपचार खर्च बेहोरिदिने सिफारिस गर्‍यो । तर, ती महिला अर्थमन्त्रीमार्फत ३६ लाख रुपियाँ रकम नै चाहियो भन्दै निर्णय गराइन् । पछि मन्त्रीले सुनाए, ‘त्यो पैसा अन्तै खर्च गरेछन् । बच्चा दुवै बितेछन् ।’

जुन कुराले लोकप्रियता बढाउँछ, त्यो मन्त्रिपरिषद्मा प्रस्ताव लगेर निर्णय गराइहाल्ने चलन छ । यसमा एमालेका नेताहरू अगाडि थिए, जसको विरोध कांग्रेसले जहिल्यै गर्थ्यो । तर, अहिले उसैले मिर्गौला फेल भएका, क्यान्सर र स्पाइनल इन्जुरीका बिरामीलाई मासिक पाँच हजार रुपियाँ भत्ता दिने निर्णय गर्‍यो । यो विपन्नमुखी कार्यक्रम हुँदै होइन । किनभने, अधिकांश स्थानमा यी रोग लागेको थाहा पाउने र जाँच्ने पूर्वाधार नै छैनन् । गरिब त रोग लागेको थाहा नपाएरै मर्छन् । हाम्रो अहिलेको प्राथमिकता त डाइग्नोसिस सेन्टर हो । अहिले काठमाडौं आएर मात्रै यी रोग लागेको डाइग्नोसिस हुन्छ । अहिलेको व्यवस्थाले त जो पहिल्यै लाभान्वित छ, उही वर्गले मात्रै थप लाभ पाउने भयो ।

उद्यमशीलता, आयआर्जनका स्रोतहरू सिर्जना नगर्ने तर विभिन्न भत्ता, आर्थिक सुविधा मात्रै दिनु राम्रो होइन । हामी धान्न सक्छौं कि सक्दैनौं भन्ने सीमामा बाँधिनुपर्छ । सरकारसँग पैसा हुँदैमा सामाजिक सुरक्षामा खन्याउन नहुने रहेछ भन्ने पाठ ग्रीस र भेनेजुएलालाई हेरौं, जो अनियन्त्रित रूपमा सामाजिक सुरक्षाका नाममा जथाभावी खर्च गर्दा आर्थिक रूपमा टाट पल्टिएका मुलुक हुन् । नागरिकलाई दिइरहेको पैसा घटाउन मुस्किल पर्छ । मान्छेहरू सडकमा आएर विद्रोह गर्छन् । भेनेजुएलामा भएको यही हो । अर्थतन्त्रमा समस्या भएपछि बजारले सही तरिकाले काम गर्दैन । भोकमरीको अवस्था आउन सक्छ । तसर्थ, तजबिजी बन्द गर्नुपर्छ र रकम बाँडेर चुनाव जितिन्छ भन्ने सोच त्याग्नुपर्छ । ♦

शून्य प्रगति

शान्ति प्रक्रियाको टुंगो अझै अनिश्चित

माधव बस्नेत

सरकार र तत्कालीन नेकपा माओवादीबीच ५ मंसिर ०६३ मा भएको विस्तृत शान्ति सम्झौताको मूल मर्म थियो, १ फागुन ०५२ बाट सुरु भएको सशस्त्र द्वन्द्वलाई टुंगोमा पुऱ्याउने । विस्तृत शान्ति सम्झौताका खास गरी तीनवटा कार्यभार थिए । पहिलो, माओवादी लडाकूहरूलाई व्यवस्थापन गर्ने । दोस्रो, राज्यको संरचनात्मक फेरबदल गरेर लोकतान्त्रिक र संघीय बनाउने । र, तेस्रो तथा महत्त्वपूर्ण कार्यभार थियो, सशस्त्र द्वन्द्वकालीन अवस्थामा भएका मानव अधिकार उल्लंघन/ज्यादतीको खोजबिन गरी पीडितलाई परिपूरण दिने, जघन्य घटनामा संलग्न पीडकलाई कारबाही गर्ने र भविष्यमा यस्ता घटना दोहोरिन नदिन संस्थागत सुधार गर्ने ।

तर, १० र २१ मंसिर ०७४ मा संघीय प्रतिनिधिसभा र प्रदेशसभा तथा त्यसअघि तीन तहमा स्थानीय तहको निर्वाचन सम्पन्न भएसँगै द्वन्द्व तथा संक्रमणकाल अन्त्य भएको प्रचार गरिँदैछ । सानो संख्यामै सही, लडाकूको व्यवस्थापन तुलनात्मक रूपमा सफलतापूर्वक नै सम्पन्न भयो । संघीय संरचना अनुसार तीनवटै तहका निर्वाचन भए । यस अर्थमा नेपालको लामो द्वन्द्व र संक्रमणकालले निकास पाएको भनिएको हुन सक्छ । तर, पहिलो र दोस्रो कार्यभार निकासतिर पुगे पनि शान्ति प्रक्रियाको तेस्रो र महत्त्वपूर्ण विषय भने दलहरूको खासै प्राथमिकतामा परेको देखिँदैन ।

हुन त द्वन्द्वमा मृत्यु, बेपत्ता, अपांग भएका व्यक्ति र तिनका परिवारले केही हदसम्म राहत पनि पाएका छन् । तर, यसलाई जुन उचाइका साथ प्राथमिकतामा राखेर किनारा लगाउनुपर्ने थियो, त्यो भएको छैन । खास गरी द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण र तथ्यको खोजी गर्ने कार्य अति नै सुस्त छ । यसले गर्दा अन्तर्राष्ट्रिय समुदायले नेपालमाथि द्वन्द्वकालीन विषयलाई लिएर कर्के आँखाले हेर्ने मौका पाइरहेका छन् । द्वन्द्वकालीन मुद्दालाई नजिकबाट नियालिरहेका अधिवक्ता गोविन्द बन्दीका शब्दमा, यसलाई टुंगोमा पुऱ्याउन राजनीतिक दलहरू जसरी लाग्नुपर्ने थियो, त्यसमा इच्छाशक्तिको अभाव देखियो । त्यसको प्रमाण हो, दुईवटा आयोगलाई दिइएको कार्यादेशको कार्यान्वयन नहुनु ।

"सशस्त्र द्वन्द्वकालीन मानव अधिकार उल्लंघनका गम्भीर घटनालाई लिएर अन्तर्राष्ट्रिय सरोकारवालाहरू नै आइहाल्ने बेलाचाहिँ भएको छैन," बन्दी भन्छन्, "किनभने, उनीहरूले नेपालको प्रक्रिया पूरै असफल भयो, धेरै लामो समयसम्म अड्काइयो भने मात्र हस्तक्षेप गर्ने हुन् । तर, यसै गरी लम्ब्याउँदै लगियो भने त्यो दिन नआउला भन्नचाहिँ सकिँदैन ।" उनका भनाइमा, बाहिर जाने प्रकृतिका मुद्दा होइनन् नेपालका । किनभने, यहाँ गरिने प्रक्रिया पीडितले प्रत्यक्ष देख्ने हुँदा सबैभन्दा विश्वसनीय हुन्छ । बाहिर गए त्यो महँगो त हुन्छ नै, जनताले सहभागिता जनाउन पनि पाउँदैनन् ।

उच्च प्राथमिकताको सूचीमा राखेर टुंग्याउनुपर्ने विषयलाई किन महत्त्व दिइएन त ? सर्वोच्च अदालतका पूर्वन्यायाधीश एवं हाल राष्ट्रिय मानव अधिकार आयोगका आयुक्त प्रकाश वस्तीका अनुसार छानबिनमा तत्कालीन राज्य र विद्रोही दुवै पक्ष आफू दोषी देखिने डर, समस्या परेपछि मात्र तात्ने बानी, टाढाको सम्भावना नदेख्ने कमजोर कल्पनाशीलता, अस्थायी र हतपत रूपमा समस्या समाधान गर्ने सोचका कारण नै छानबिन प्राथमिकतामा नपरेको हो ।

पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठ, जसले द्वन्द्वकालीन मुद्दालाई निप्टारा लगाउन थुप्रै महत्त्वपूर्ण आदेश दिएका छन्, का भनाइमा अहिले त्यस्ता पात्रहरूले द्वन्द्व र संक्रमणकालको अन्त्य भयो भनेका छन्, जसले द्वन्द्वको प्रस्थान विन्दु नै बुझेका छैनन् । मानव अधिकार र कानुनी आँखाबाट हेर्दा द्वन्द्वकालको मुख्य प्रभाव बाँकी नै रहेकाले संक्रमणकाल सकियो भन्न नसकिने उनको निष्कर्ष छ । "न्यायको याचक/याचिका जीवितै छन् । तिनको याचनाको वैधता पनि जीवितै छ," पूर्वप्रधानन्यायाधीश श्रेष्ठ भन्छन्, "यसको निराकरण नगरी कोही ढुक्क हुन सक्तैन । यस्ता मुद्दा टुंग्याउन जति ढिलो गऱ्यो, राजनीतिक दल, पीडित र पीडकलाई त्यति नै बेफाइदा हुन्छ ।"

द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्नेहरूलाई छानबिनको दायरामा ल्याउने झारा टार्ने काम मात्र भइरहेको छ । विस्तृत शान्ति सम्झौतामा 'दुवै पक्षबाट बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र ठेगाना सम्झौता भएको

आयोग र काम

सत्य निरूपण तथा मेलमिलाप आयोग
बेपत्ता व्यक्तिको छानबिन गर्न
गठित आयोग

गठनको संकल्प	५ मंसिर ०६३ (बृहत् शान्ति सम्झौता)
गठन	२७ माघ ०७१ (आठ वर्षपछि)
कार्यकाल	दुई वर्ष (एक वर्ष थप भइसकेको)
उजुरी संख्या	६० हजार २ सय ५८
निर्णय	शून्य
बेपत्ता	८ सय २७
स्थितिको जानकारी	शून्य

तस्विरहरू : भास्कर ओझा

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगका सदस्यहरूले शपथ लिँदै गर्दा (दायाँ)

मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन्' भन्ने उल्लेख छ। त्यसै गरी 'दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन्' लेखिएको छ।

दुर्भाग्य ! शान्ति प्रक्रियाका सर्वाधिक महत्वपूर्ण यी दुवै बुँदा अहिलेसम्म कार्यान्वयन भएका छैनन् । बेपत्ता पारिएकाका व्यक्तिको स्थिति अहिलेसम्म अज्ञात नै छ । मानव अधिकारको गम्भीर उल्लंघन गर्ने पनि उन्मुक्त छन् । विस्तृत शान्ति सम्झौता भएको आठ वर्षपछि २७ माघ ०७१ मा मात्र बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भयो। राज्यको गाम्भीर्य बुझ्न यही ढिलाइ नै काफी छ । आयोग गठनको १७ दिनमा १४ फागुन ०७१ मा सर्वोच्च अदालतले ऐनका केही प्रावधान खारेज गरेर संशोधनका लागि आदेश दिएको थियो । तर, अदालतको त्यो आदेशलाई सरकारले अहिलेसम्म कार्यान्वयन गरिदिएको छैन। अझ पत्र सरकारी काम गराई कस्तो छ भने आयोग गठन भएको १३ महिनासम्म नियमावली बनाएन। आयोगका अधिकारीहरूले ३० चैत ०७२ मा मात्र नियमावली पाए।

बल्लबल्ल बनेका आयोगभित्र सरकारले गरेको असहयोगको चाङ नै छ । जनशक्ति पर्याप्त छैन, सत्य निरुपण आयोगमा १ सय जना कर्मचारीको दरबन्दी तोकेकामा अहिलेसम्म ६० जना पनि हाजिर भएका छैनन् । ऐनमा आयोग आफैँले कर्मचारी करारमा नियुक्त गर्न सक्ने उल्लेख छ । तर, आयोगलाई आर्थिक अधिकार छैन। आयोगको आफ्नै खातासमेत छैन। सानो खर्च गर्न पनि अर्थ र शान्ति मन्त्रालयमा भर पर्नुपर्छ। करारमा कर्मचारी नियुक्त गर्न अर्थले सहमति दिँदैन । बेपत्ता व्यक्तिको छानबिन आयोगको हालत पनि यसभन्दा भिन्न हुने कुरै भएन ।

विश्वव्यापी मानव अधिकारसँग जोडिएको विषय समयमै किनारा लागोस् भन्ने दलहरूको राजनीतिक इच्छा शक्ति हुन्थ्यो भने जनशक्ति र स्रोत साधन उपलब्ध गराउन कठिन थिएन। आवश्यक स्रोत साधन उपलब्ध गराइएको हुन्थ्यो भने आयोगका अधिकारीहरूले रोइलो मच्चाउने समय पाउने थिएनन् । उनीहरूको निष्पक्षता र कार्य दक्षताको जाँच गर्न सरकारलाई नै सहज हुने थियो ।

छानबिन प्रक्रिया अघि नबढ्नुमा सरकार मात्र जिम्मेवार छैन । आयोगका पदाधिकारीहरू पनि उत्तिकै दोषी छन् । कतिसम्म भने आफ्नो क्षेत्राधिकारभित्रको गर्न सक्ने काम पनि उनीहरूले फत्ते गरेका छैनन्। कामप्रतिको प्रतिबद्धता, मुद्दाको बुझाइमा कमी, आफ्नो स्वार्थ-सुविधालाई मात्र केन्द्रमा राख्ने बानी उनीहरूमा हाबी छ । आयोगका आयुक्तहरूबीचमै द्वन्द्वकालीन मुद्दालाई सम्बोधन गर्ने सवालमा एकरूपता, एकमत छैन् । सत्य निरुपण तथा मेलमिलाप आयोगका एक अधिकारी भन्छन्, "कतिपय आयुक्तमा समय लम्ब्याएर खाइरहुँ भन्ने मानसिकता पाइन्छ भने कतिपयको विज्ञता नै न्युन छ । त्यसैले हुन सक्ने जति अनुसन्धान पनि अधूरै छन् ।"

सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष सूर्यकिरण गुरुङचाहिँ ऐन संशोधन नगर्ने, आयोगको माग अनुसार बजेट विनियोजन नहुने, दरबन्दी अनुसार कर्मचारी नदिने र आयोगमा छुट्याइएका कर्मचारी जथाभावी सरुवा गरिरहने हो भने आयोगको समयावधि थप्नुले मात्र कुनै अर्थ नराख्ने बताउँछन्। "हामीले २० माघ ०७२ मा ऐन अनुसार आयोगको समयावधि एक वर्ष थपको सिफारिस गर्दा नै ससर्त गरेका थियौं। तर, यो एक वर्षमा हामीले राखेका सर्त एउटा पनि पूरा गरिएको छैन," गुरुङ भन्छन्, "सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिन गर्न गठित आयोगले आफ्नो काम नसकुन्जेल द्वन्द्व र संक्रमणकालको अन्त्य हुन्न ।"

दुवै आयोगले भटाभट काम गर्न नसक्दा राज्य कोषमा त भार परिरहेको छ नै, राष्ट्रिय/अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थाहरूले समेत शंकाको नजरले हेर्ने मौका पाइरहेका छन् । शान्ति प्रक्रियाको महत्वपूर्ण पाटो मानव अधिकारसँग जोडिएको यो विषय कहिले किनारामा पुग्ने हो, जवाफ कोहीसँग पनि छैन। ◆

दुवै आयोगलाई फेरि एक वर्ष

सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति छानबिन गर्न गठित आयोगको समयावधि २६ माघमा सकिने भएकाले सरकारले दुवै आयोगको अवधि थप गर्न अध्यादेश ल्याउने भएको छ । २१ पुसमा बसेको मन्त्रिपरिषद् बैठकले दुवै आयोगको म्याद एक वर्ष थप्ने गरी अध्यादेश राष्ट्रपतिसमक्ष पठाउने निर्णय गरेको हो। २७ माघ ०७१ मा यी आयोग गठन भएका थिए। आयोगसम्बन्धी ऐनमा दुई वर्ष कार्यकाल हुने र एक वर्ष थप गर्न सकिने उल्लेख छ । २६ माघ ०७३ मा दुईवर्षे कार्यकाल पूरा भएकाले एक वर्ष थप पनि भइसकेको छ।

kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
Both can keep the conversation interesting.
But one of them will lead to unpleasant consequences the next morning.
The Kathmandu Post unravels stories from all parts of the world keeping you well-informed on everything so that your conversation remains exciting no matter how random the topic gets.
ANS-16
KEEP THE CONVERSATION INTERESTING WITH
money onsaturday sports life&style world thecollegian health&living et cetera op-ed escalate classroom
International content licensed from
The Guardian | Project Syndicate | Asia News Network | The New York Times News Service
the kathmandupost

दस वर्ष बित्यो, ट्र्याकमै अलमलियो

तस्बिर : माधव अर्याल

पाल्पाको रानीमहलदेखि अर्गली जोड्ने सडकमा ट्र्याक नखुलेको भाग

■ **माधव अर्याल**/तानसेन

उत्तर–दक्षिण छोटो मार्ग कालीगण्डकी नदीको किनारैकिनार करिडोरको निर्माण थालिएको १० वर्ष भइसकेको छ । तर, पाल्पामा अझै पूरै ट्र्याक नै खुलिसकेको छैन। चीन र भारत जोड्ने मुलुककै छोटो यो सडक ४ सय १७ किलोमिटर लामो छ । राष्ट्रिय गौरवका आयोजनामध्ये कालीगण्डकी करिडोर पाँच वर्षमा सक्ने लक्ष्य लिएर तत्कालीन सरकारले ०६४ मा यसलाई प्राथमिकता दिएर काम अघि बढाएको थियो।

पाल्पाको रानीमहल-अर्गली र रानीमहल-राम्दी सडक खण्डको काम बाँकी छ । रानीमहलदेखि अर्गली जोड्ने सडकमा तानसेन नगरपालिका-१३, रानीमहलमाथिको भागमा सय मिटर भीरमा ट्र्याक नै खुलेको छैन । यस्तै, रानीमहलदेखि राम्दी जोड्ने सडकको बगनासकाली-६, यम्घाको मन्द्राननजिकै पाँच सय मिटर ट्र्याक खोल्ने काम पनि बाँकी नै छ।

बजेट भए पनि काम नगरी फ्रिज हुनु, निर्माण व्यवसायीले सम्झौता गरे अनुसार काम गर्न नसक्नु, पर्याप्त बजेट अभाव, आयोजना कार्यालयमा जनशक्ति र सवारीसाधनको कमीले अझै ट्र्याक खुल्न नसकेको हो। "रानीमहलको माथि काम गर्दागर्दै छाडिएको छ," स्थानीय सुरेश पाण्डेय भन्छन्, "त्यसपछि काम नै अघि बढेको छैन।"

उत्तर-दक्षिण कालीगण्डकी लोकमार्ग आयोजना कार्यालयको लापरबाहीले यहाँको ट्र्याक नखुलेको स्थानीयको आरोप छ । सुरुमा यहाँको झन्डै चार सय मिटर स्टिमेटमै छुटाएकाले समयमा ट्र्याक खुल्न सकेको थिएन। आयोजनाका प्राविधिकको लापरबाहीका कारण ठेक्का लिने व्यवसायीले तोकिएको समयमा काम गर्न सकेका छैनन् । कम मूल्यमा ठेक्का लिएर केहीले कामै सुरु नगर्ने र सुरु गरे पनि निर्माणको गति कछुवाको चालजस्तो भएको स्थानीयको गुनासो छ। आयोजनाले यसै आर्थिक वर्षमा ट्र्याक खोल्ने तयारी गरेको सूचना अधिकारी यादवप्रकाश लामिछाने बताउँछन् । गत आर्थिक वर्षको अन्तिम र यो आर्थिक वर्षमा बाँकी रहेको भीरमा ब्रेकर लगाएर भए पनि करिडोरको ट्र्याक खोलिने उनको भनाइ छ । "बजेटको अभाव होइन, ठेकेदारले काम नगरेर ढिलाइ भएको हो," उनी भन्छन्।

बेथिति कस्तोसम्म छ भने पाँच वर्षअघि लिएको ठेक्काका समेत अझै काम भएका छैनन्। केहीले आधा मात्र गरेर अलपत्र छाडेका छन्। सडक निर्माणको काममा भएको ढिलाइले पहिला खनेका सडकसमेत अहिले पुनः खन्नुपर्ने अवस्थामा पुगेको छ। बहुवर्षीय योजना अनुसार ट्र्याक खोल्न रकम विनियोजन भएकाले तीन वर्षभित्र सबै काम पूरा हुनुपर्नेमा पाँच वर्ष नै पुगिसकेको छ। तर, ठेकेदारहरूलाई कारबाहीको दायरामा ल्याउन आवश्यक ठानिएको छैन। बरू, उल्टै म्याद थप गरेर उनीहरूलाई पुरस्कृत गर्ने काम भइरहेको छ। बगनासकाली-६, यम्घाका वडाध्यक्ष लक्ष्मप्रसाद अधिकारी भन्छन्, "वर्षौंदेखि गाउँको मुहार फेरिन्छ भन्ने आशा बोकेकाहरू अब त निराश नै भइसकेका छन्।" ◆

चौंरी छाडेर स्कुल

तस्बिर : आनन्द गौतम

३ हजार १ सय मिटरको उचाइमा रहेको ताप्लेजुङको घुन्सा आधारभूत विद्यालय

■ **आनन्द गौतम**/फुङलिङ (ताप्लेजुङ)

घुन्सा आधारभूत विद्यालय कक्षा-५ मा अध्ययनरत भुजुङ शेर्पा आठ वर्षका हुँदासम्म स्कुल नियमित जान मानेनन् । बाबु वाङ्ग्या शेर्पासँगै चौंरी गोठमा बसे। शिक्षकले अभिभावकसँग गरेको अनुरोधमा विद्यालयमा नाम लेखाए पनि कक्षामा नियमित भएनन्।

विद्यालय प्रांगणमा कहिलेकाहीं आउँथे, त्यो पनि चौंरी खेदाउँदा मात्रै । कक्षामा नियमित गराउने विद्यालयका थुप्रै प्रयास असफल भए । उनका लागि घरछेउको स्कुलभन्दा चौंरी, गोठ र छुसेर, खम्बाछेन, चेराथाङ्कातिरको बसाइ रमाइलो थियो । तर, जब विद्यालयले होस्टलसहितको सुविधा ल्यायो, चौंरीगोठ छोडेर उनी स्कुल फर्किए। आवासीय सुविधासहित पढ्ने अवसर पाएका उनका लागि अहिले चौंरी चराउने खर्क बिरानो भएको छ।

भुजुङ मात्रै नभएर घुन्सा, फले, खम्बाछेनका बालबालिकाका लागि चौंरी गोठ बिरानो बन्दै गएको छ। ती गाउँमा अब यस्ता बालबालिका छैनन्, जो स्कुल छोडेर चौंरी गोठमा छन्। घुन्साका प्रधानाध्यापक लीलाचक्र गुरुङ लेलेपको सेकाथुमदेखि ४ हजार ५ सय मिटर उचाइको खम्बाछेनसम्मका कुनै पनि बालबालिका विद्यालयबाहिर नभएको दाबी गर्छन् । "हाम्रा लागि चौंरी गोठमा भएका बालबालिका स्कुलसम्म ल्याउनु ठूलै चुनौती थियो," उनी भन्छन्, "अब एक जना पनि बालबालिका चौंरीको पुच्छरका पछाडि छैनन्, विद्यालयमा आइसके।" ◆

व्यक्तिचित्र

शिक्षा सेनानी

■ राजकुमार बानियाँ

तस्बिर : रवि मानन्धर

एकै समय आफ्‌ना विद्यार्थी मुलुकको राष्ट्रपति, प्रधानमन्त्री र प्रधानसेनापति हुनु दुर्लभ संयोग हो । त्यस्तो संयोग मिल्यो, प्रख्यात शिक्षाविद् सुरेशराज शर्मा, ७७, लाई । उनले आईएस्सी-बीएस्सी पढाएका रामवरण यादव राष्ट्रपति, झलनाथ खनाल प्रधानमन्त्री र छत्रमानसिंह गुरुङ प्रधानसेनापति भए ०६७-६८ तिर ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि)मा २७ वर्ष बिताएका यी केमिस्ट्री-अध्यापकको विषयमा एक जना पनि फेल भएनन् । 'तपाईंले पढाएको राम्रो भएन' पनि कसैले भनेनन् । विद्यार्थीको आदर र सम्मानको हकदार भए जहिल्यै । "शिक्षक-विद्यार्थीको सम्बन्ध अर्कै हुँदो रहेछ," उनी भन्छन्, "तीन उच्च ओहोदामा आफ्‌ना विद्यार्थी पुग्नु एक शिक्षकका निम्ति गौरवकै कुरा हो ।" यद्यपि, उनले कहिल्यै प्रचार-प्रसार गरेनन् । प्रथम राष्ट्रपति रामवरण यादव र उनको घर एकै ठाउँमा रहेछ । जनकपुरको ब्रह्मपुरी टोलमा रहँदा यादव उनका 'फ्यामिली डाक्टर' पनि रहेछन् ।

सिन्धुलीको खुर्कोटमा जन्मेका शिक्षाका यी पायोनियरले घरमै संस्कृत शिक्षा पाए । ००६ तिर पिता विष्णुप्रसाद उपाध्याय ढुंगेललाई लागेछ- अब छोराछोरीलाई अंग्रेजी नपढाए गरिखान सक्दैनन् । त्यसपछि

सर्लाहीबाट अंग्रेजी पढाउने शिक्षकका रूपमा झिकाए, केशवबहादुर राजभण्डारीलाई । बडाहाकिमले शंका गरेछन्, 'कतै राणाविरोधी त होइन त्यो मास्टर ?' 'फर्स्ट बुक' पढाउन थाल्नेबित्तिकै केशव मात्र पक्रिएनन्, उनलाई झिकाउने विष्णुप्रसाद पनि समातिए । दुवै जना अड्डासार हुँदै भद्रगोल जेल परे ।

उनका पिता कडा कांग्रेसी थिए । उनको घरमा बीपी कोइराला, गणेशमान सिंह, सुवर्णशमशेर पुगिरहन्थे । सूर्यप्रसाद उपाध्याय त उनका नातेदार नै हुन् । जेलबाट छुटेपछि पनि केशव मास्टरसित पत्राचार भएपछि पुनः जेल हालियो विष्णुप्रसादलाई । ००७ लगत्तै सिन्धुली जिल्ला अदालतको डिट्ठा बनाइएका पिताजीकै पहलमा खुर्कोटमै स्कुल खुल्यो र त्यहाँ वर्ष दिन पढेर ६ पास भए । त्यसपछि दाजु नरेश, नवराज सुवेदी र उनी सीमापारिको सोनवर्षा स्कुल भर्ना भए ।

कक्षा ८ देखि नै साइन्स, कमर्स र आर्ट्स छुट्याएर पढाइ हुने रहेछ त्यहाँ । आर्ट्स पढेको एक वर्षपछि मामा कुलचन्द्र कोइरालाले सम्झाए, 'अबको जमानामा आर्ट्स पढेर काम छैन ।' मामाकै करबलमा उनको टोली जनकपुर रवाना भयो, साइन्स पढ्न । सिन्धुली-जनकपुर ओहोरदोहोर गर्दा मलेरिया लागेर दाजु बिते र उनी थला परे । त्यसपछि हजुरबुबाले नातिको पढाइका खातिर बसाइँ नै जनकपुर सारे । पहिलो पटकको एसएलसीमा 'ब्याक' भएका उनी ०१३ मा पार भए । र, त्रिचन्द्र कलेजमा बीएस्सीपछि भारतको कर्नाटक विश्वविद्यालयबाट एमएस्सी गरे । ०२१ मा फर्कनासाथ त्रिचन्द्र क्याम्पसमै अध्यापक जीवन सुरु भयो ।

पढाउँदा पढाउँदै शर्माको 'इन्ट्री' भयो, राजदरबारको शाखाको रूपमा रहेको जाँचबुझ केन्द्रमा एउटा कार्यदलको सदस्य भएर । "कांग्रेसपुत्रको दरबारसँग सम्बन्ध भनेर कतिपय अनौठो मान्छन्," उनी हाँस्छन्, "त्यसको कारण पनि केमिस्ट्री नै हो ।" घटना के रहेछ भने उनका विद्यार्थी पुरनप्रसाद श्रेष्ठका दाजु रहेछन् तत्कालीन युवराज वीरेन्द्रका सचिव नारायणप्रसाद श्रेष्ठ । उनीमार्फत जाँचबुझ केन्द्रको ढोका खुल्यो । साँच्चै भनुँ भने ब्रिटिस काउन्सिलबाट युनिभर्सिटी अफ साउथ ब्याङ्कका लागि पीएचडीको छात्रवृत्ति पाइसकेका उनी दरबारमा अलमलिने पक्षमा थिएनन् । तर, २५ वर्षे युवराज वीरेन्द्रसँग उनको 'केमिस्ट्री' मिलिहाल्यो । उनी राष्ट्रिय शिक्षा समितिको सदस्य-सचिव हुँदै बूढानीलकण्ठ स्कुलका सञ्चालक समिति अध्यक्ष भए ।

एक दिन उनलाई राजा भइसकेका वीरेन्द्रले फ्याट्टै सोधेछन्, 'भन त सुरेश, म दीपेन्द्र (युवराज)लाई कहाँ पढाऊँ ?' उनले जानेको सल्लाह दिए, 'दीपेन्द्रको र अरूको करिअर फरक छ । दीपेन्द्रको राजा हुने करिअर हो । त्यस्तो करिअर अरू कसैको पनि छैन । राजा भएपछि देश धनी होस् वा गरिब, नागरिक सभ्य हुन् वा असभ्य, आफ्नो मुलुकलाई माया गर्नैपर्छ । १५-१६ वर्षसम्मको शिक्षा यतैको जाती ।'

उनको सोचाइ राजासँग मिलेछ, रानीको मिलेनछ । चिरनशमशेर थापादेखि नारायणप्रसाद श्रेष्ठसम्मका दरबारिया सचिवले आफ्ना छोराहरूलाई बाहिर पढाउन थालेका रहेछन् । रानीलाई के लागेछ भने सचिवका छोराहरूलाई चाहिँ बूढानीलकण्ठबाट झिकेर बाहिर पढाउने, हाम्रो छोरालाई चाहिँ बूढानीलकण्ठमै पढाउने ? रानी 'छोरालाई पढ्न बाहिर पठाउनुपर्छ' भन्ने, राजा 'अहिले बेला भएको छैन, पर्ख न अलि वर्ष' भन्ने ।

राजासँग मात्र बेखुसी भइनन् रानी, झोक चलेछ सुरेशराज शर्मासँग । त्यसबीचमा खुला प्रतियोगिताबाट आएका बेलायती हेडमास्टर जोन टाइसनलाई बिदा दिने प्रसंगमा शर्माले विमति राखे । र, भोलिपल्टै राजीनामा दिए । तत्कालै स्वीकृत भएर आयो । अचम्म के भने उनले राजीनामा दिएपछि टाइसन थप चार वर्ष हेडमास्टर भए ।

राजाले उनलाई यति मन पराए कि पीएचडी गर्न जान्छु भन्दा दिएनन् । भनेछन्, 'अहिले थप पढ्न किन जानुपर्‍यो र ? हामीलाई काम गर्न सक्ने मान्छे चाहिएको हो ।' उनको धेरै प्रयासपछि स्वीकृति दिएछन् । पीएचडी नसकिँदै मेल बक्समा राजाका निजी सचिव नारायणप्रसाद श्रेष्ठले राष्ट्रिय शिक्षा समितिको सदस्य-सचिवका निम्ति राजाले खोजेको बेहोरामा पत्र भेटे । उनले गोलमटोल प्रत्युत्तर दिए । तैपनि, ६ महिना पर्खिएर उनैलाई सदस्य-सचिव बनाइयो । तीन वर्षका लागि शिक्षा समितिमा गएका थुप्रै वर्ष त्यतै अलमलिए ।

राजासँग प्राविधिक र व्यावसायिक शिक्षामा रहेको उनको फरक मतले पछि गएर प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) खडा भयो । नौ वर्ष त्यसका संस्थापक कार्यकारी निर्देशक भए शर्मा । लोकसेवा आयोगबाटै त्यस्ता सीपको दक्षता हुनेलाई सेवा प्रवेशको मान्यता दिलाए । "एकातिर घरेलु उत्पादनलाई पत्याउने स्थिति थिएन भने अर्कातिर सहरी क्षेत्रमा डकर्मी, सिकर्मी, प्लम्बर, मेकानिक्स, इलेक्ट्रिसियनजस्ता मिस्त्री सीमापारिबाट आइरहेका थिए," उनी भन्छन्, "मैले व्यावसायिक शिक्षालाई पूरै सीपमूलक बनाउन ट्रेड स्कुलको मोडलमा लगेँ ।"

र, काठमाडौँको बालाजु प्रशिक्षण केन्द्र, भक्तपुर, ललितपुरका साथै जुम्ला, जिरी (दोलखा), उत्तरपानी (धनकुटा), लाहान (सिराहा), दिपायल (डोटी), लालमटिया (राप्ती), लेते (मुस्ताङ)मा यस्ता प्राविधिक शिक्षालय खुले । सीपमा दखल भएकाले मात्र प्रशिक्षकमा नियुक्ति पाए । नीतिमा आएको यस्तो फेरबदलको प्रत्यक्ष लाभ पिछडिएको क्षेत्रलाई भयो । हजारौँ युवा निर्माण, कृषि र स्वास्थ्यका सीपले सुसज्जित भए । महिला सहभागिता बढेर गयो । लेखपढ गर्न नसकेका युवाहरूलाई 'निकम्मा' को आरोप लगाएर निराश बनाउन खोज्यो समाजले । सीप सिकेर आत्मसम्मानका साथ बाँच्न सक्ने परिवेश दिए उनले ।

'तपाईंको सबैभन्दा महत्त्वपूर्ण काम के हो ?' कसैले सोधे उनी एकछिन पनि नसोची भनिदिन्छन्, 'प्राविधिक शिक्षालय ।' शर्माको जीवनको सुखानुभूति छ त्यसमा । त्यो काम उनलाई अझै पनि सपना देखेजस्तो लाग्छ । "पहिले नेपालगन्जको कोसेली भनेकै तरकारी हुन्थ्यो जुम्लालाई, अहिले कर्णालीका फलफूल र तरकारी नेपालगन्ज, सुर्खेततिर जान्छन्, त्यही एउटा शिक्षालयले सिंगो कर्णालीलाई दुई सय वर्षअगाडि ल्याइदिएको छ," उनी भन्छन्, "सीटीईभीटीको आठ वर्षमा जुन रफ्तार थियो, त्यो स्लो डाउन भएको छ । अझ बलियो पार्नुपर्थ्यो । मैले जति बनाएँ, त्यसभन्दा माथि गएन ।"

प्रजातन्त्र स्थापनापछि उनले सीटीईभीटी मात्र छाडेनन्, त्रिभुवन विश्वविद्यालय पनि छाडे र स्थापना गरे, काठमाडौँ विश्वविद्यालय (केयू) । खासमा केयूको जननी काठमाडौँ भ्याली क्याम्पस हो । त्रिविको सम्बन्धन लिएर इन्जिनियरिङ अध्ययन संस्थानको भवनबाट कक्षा सुरु गरेको मुलुककै अब्बल साइन्स कलेजले पाँच वर्षमै विश्वविद्यालयको अवतार लियो । "प्रजातन्त्रको आगमनसँगै त्रिविको शैक्षिक क्यालेन्डर बिग्रियो, दुई वर्षको कार्यक्रम तीन-चार वर्ष लाग्न थाल्यो," उनी सुनाउँछन्, 'स्वायत्त कलेज या मानित विश्वविद्यालय नपाएपछि छुट्टै विश्वविद्यालय खोल्न पुग्यौँ ।" सीताराम अधिकारी, भद्रमान तुलाधर

आदिको टिम अनि रणबहादुर शाह, मोहनगोपाल खेतान, युनाइटेड मिसन टू नेपाल, जापानी समाजसेवी यामाजी आदि दाताको सहयोगी हात पाए उनले ।

गोजीमा करोड नहुँदै अर्बौंको विश्वविद्यालय बनाउने सपना देख्नु सन्कीपन थियो शर्माको । धुलिखेलमा अहिले एक हजार रोपनीमा सात अर्ब बराबरको सम्पत्ति छ । मुलुकमै पहिलोपटक कम्प्युटर र मेकानिकल इन्जिनियरिङ, फार्मेसी, एमबीए, बीबीए सबै केयूले नै थालनी गर्‍यो । चारवर्षे स्नातक सुरु भयो । भारतको विडला इन्स्टिच्युट अफ टेक्नोलोजी, मणिपाल एकेडेमीलगायत संस्थासँगको सहकार्यमा केयू अन्तर्राष्ट्रिय स्तरको प्राज्ञिक संस्था बन्यो । "हालसालै केयूमा २६ सय विद्यार्थीमध्ये २४ सयले दीक्षान्त लिए भने त्रिविमा ६८ हजारमध्ये ९ हजारले मात्रै," उनी तुलना गर्छन्, "ग्लोबल र्‍यान्किङमा केयू ४ हजार ३ सयमा आउँछ, त्रिवि ५ हजार ८ सयमा ।" दक्षिण एसियाको सयवटा उत्कृष्ट विश्वविद्यालयमा नेपालको केयू मात्रै छ । "अहिले १० वटा युनिभर्सिटी छन् । स्थापनाको हिसाबले हामी तेस्रो हौं," उनलाई गर्व छ, "हामीभन्दा पछि सातवटा आए । तर, केयूभन्दा यो पो राम्रो भन्ने अवस्था छैन ।"

काठमाडौँ विश्वविद्यालयमा २१ वर्ष उपकुलपति भए शर्मा । ६ कार्यकाल नियुक्ति भयो लगातार । उनीभन्दा एक वर्ष बढी मदनमोहन मालवीय वनारस हिन्दु विश्वविद्यालयका उपकुलपति भएका थिए । उनले रणनीतिक रूपमा राजनीतिबाट जोगाए विश्वविद्यालयलाई । "छैटौंपटक छाडिदिएको भए पोलिटिक्सको पोल्टामा जाने रहेछ, दलहरूको भागबन्डा लगाउने योजना थियो," उनी सम्झन्छन्, "अहिले विश्वविद्यालयमा राजनीति घुसेको छ, शिक्षक, कर्मचारी, विद्यार्थी युनियन छन्, भोलि अप्ठ्यारो पर्न सक्छ ।" ११ जना प्रधानमन्त्रीसँग काम गरे । तर, कसैसँग औपचारिकबाहेकका सम्बन्ध बढाएनन् ।

५२ वर्षको हुँदा केयूको उपकुलपति भएका उनलाई लाग्छ, ढिलो रिटायर्ड भएकाले अर्को योजना बनाउने समय पुगेन । पत्नी उर्मिलाले एक दिन भनिछन्, 'काठमाडौं विश्वविद्यालय बनाएको ठीकै छ तर यो काम नगरेको भए पनि ती विद्यार्थी कहीं न कहीं गएर पढ्थे । अब आफ्नो खुट्टामा उभिन नसकेका निम्ति केही गर्नुस् न !' नभन्दै उनले सिन्धुली कम्युनिटी टेक्निकल स्कुल खोले । त्यो न सरकारी हो, न निजी । परिणाम: ओभरसियरको अन्तिम नतिजा नपाउँदै ४८ मा ४८ ले नै काम पाइसकेका छन् ।

शिक्षाका दुई संसार छन्, ज्ञान अनि सीप । हातले जान्ने र दिमागले समात्ने शिक्षा । सीपको बाटो छोटो छ, ज्ञानको बाटो लामो । यहाँ गडबडी के भने आफूलाई मात्र काम लाग्ने शिक्षा छ, अरूका लागि काम लाग्ने शिक्षा छैन ।

यी शालीन शिक्षा सेनानीको अनुभवमा शिक्षाका दुई संसार छन्, ज्ञान अनि सीप । हातले जान्ने र दिमागले समात्ने शिक्षा । सीपको बाटो छोटो छ, ज्ञानको बाटो लामो । यहाँ गडबडी के भने आफूलाई मात्र काम लाग्ने शिक्षा छ, अरूका लागि काम लाग्ने शिक्षा छैन ।

"ज्ञानमा एक तिहाइ अंक ल्याए पनि पास हुन्छ, सीपमा त पूर्णांक नल्याई धरै छैन," उनी भन्छन्, "डिग्री या परीक्षामुखी अवधारणाले बेरोजगारी बढ्यो । सीपले काम नलाग्नेलाई पनि धारिलो बनाउँछ ।"

युलेन्स स्कुलले नयाँ विद्यालय भवन शर्माकै नाममा राखेको छ । स्वीस अर्बपति युलेन्ससँग उनको राम्रो सम्बन्ध थियो । स्वीटजरल्यान्डको भरवियरमा निम्त्याएका थिए युलेन्सले । ड्राइभरले रिसिभ गर्‍यो उनलाई । उनी युलेन्सका परममित्र रहेछन् युलेन्स । भिलेज काउन्सिलको चेयरम्यान पनि । देशकै धनी मानिस ड्राइभिङमा किन ? ड्राइभरसाहेबले भनेछन्, 'मलाई विभिन्न देशबारे जान्न मन छ । किताब पढेर म त्यो फस्ट ह्यान्ड थाहा पाउन्न । अन्तर्राष्ट्रिय विमानस्थलमा ड्राइभिङ गरेँ भने म त्यो थाहा पाउँछु ।' हाम्रो र विदेशीको हेराइ नै बेग्लै छ ।

शर्माले १० लाख राशिको 'गोपाल-कमला राजभण्डारी रोटरी अवार्ड फर भोकेसनल एक्सिलेन्स' पाए । रामवरण यादव राष्ट्रपति भएका बेला महाउज्ज्वल राष्ट्रदीप मानपदवी पाए । उनलाई थाहा छ, तक्मा पोल्टामा राखेर दंग पर्ने आफू मात्रै हो । "बेलायतमा उपल्लो तहको तक्मा पाए नामअगाडि 'सर' लेख्न पाइन्छ । सर लेखिएकोलाई देशकै उच्च सम्मानित नागरिक भनेर बुझ्ने चलन छ," उनी भन्छन्, "यहाँ बाहिर जानुपर्‍यो भने नीलो पासपोर्ट पनि दिँदैनन् । जसले दुरुपयोग गरेको छ, त्यसले नै रातो पासपोर्ट लिएको छ ।"

बेलायतमा पढ्दा उनलाई सोधिएछ, 'तिम्रो सोख केमा छ ?' किताब पढ्ने उनको जेहेन्दारीलाई सोख नै मानिएन । पुरानो जमाना कस्तो भने गीत गाए पनि बिग्रियो भन्ने, फुटबल खेले पनि सप्रियो नभन्ने । 'राम एक अच्छा लड्का था ।' खुला समाजका निम्ति 'अच्छा' अर्थ हुन्छ- कुनै पनि एड्भेन्चर नभएको । प्रकृति 'सुप्रिम आर्टिस्ट' लाग्छ उनलाई । प्रकृतिको असलियत नखलबलिएको ठाउँ हेर्ने रहर लाग्छ । पदयात्रामा जाँदाखेरि कोरिया र अस्ट्रेलियाका पर्यटकले भनेछन्, 'यहाँ केही सुविधा छैन । तर, यहाँका मानिस छटपटिएका छैनन् । यही अनौठोपन हामीलाई मन परेको छ ।'

१० वर्ष कान्छी उर्मिलासँग घरजम गरेका उनका चार छोरी भए । कान्छी छोरीको भने सुत्केरी अवस्थामा ब्रेन ह्यामरेज भएर निधन भयो । त्यतिबेला जन्मेका ११ वर्षीय नाति उनीसँगै बस्छन् सुन्दर नगरी धुलिखेलमा । सुरेशका ११ जना भाइ र चार जना बहिनी छन् । दुई आमाबाट जम्मा २३ जना जन्मेका रहेछन् । बुवाले भनेका थिए, 'जनकपुरमा पढ्नेलाई म सघाउँछु, काठमाडौंमा पढ्नेलाई तँ सघाइदे ।' साइन्स पढ्ने भाइहरूलाई उनले पढाए । एकाधबाहेकका सबै भाइले स्नातकोत्तर गरेका छन् । कानुनविद् सूर्य ढुंगेल उनकै भाइ हुन् ।

पुर्ख्यौली सम्पत्तिमा कसैले पनि भर पर्नु परेन । "हाम्रो पुर्ख्यौली सम्पत्ति तीन पुस्तासम्म एक भाइ छोरा मात्रै भएकाले जस्ताको तस्तै छ । दुई जना आमा मिलेर एकै ठाउँ बसे," उनी सुनाउँछन्, "प्यारेन्टल प्रोपर्टी हामीले कमाएको होइन, जोगाइदिएको आमाहरूले हो । त्यसैले जनकपुरको घर ८५ लाखमा बेचेर आमाहरूलाई इच्छाएको काम गर्न दियौं ।"

'हू इज द अनर अफ काठमाडौं युनिभर्सिटी ?' शर्मालाई प्राय: सोधिने प्रश्न यही हो । यसबारे उनले कहिल्यै सोचेनन् । केयू उनैले बनाएका हुन् तर आफ्ना निम्ति बनाएका होइनन् । उनी त्रिविबाटै पेन्सन खान्छन् । आउजाउको सुविधाका लागि केयूले एउटा गाडी दिएको छ, चालकसहित । खिलराज रेग्मी कुलपति हुँदा 'संस्थापक उपकुलपति' भन्ने दर्जा पाएका छन् । "केयूले विश्वविद्यालय बनाउने हाम्रो ताकत देखायो । कोसिस गरे हुन्छ भन्ने सन्देश दियो," उनको विश्लेषण छ, "संस्थाको जीवनमा संकट, आँधीबेहरी या भूकम्प आउँदैन भन्ने होइन । त्यो दिनलाई पार गर्ने क्षमता भयो भने मात्रै संस्था बच्छ । त्यो दिन नआउँदासम्म के हुन्छ, के हुन्छ भन्नै सकिन्न ।" ◆

पदमसिंह कार्की॥

टिप्पणी

अभिलेखको अन्त्येष्टि

आजसम्म नेपालमा प्राप्त पहिलो अभिलेख निग्लिहवाको स्तम्भलेखले बुद्ध जन्मेको अकाट्य प्रमाण पेस गर्न सफल भयो । लिच्छविकालका सरकारी काम-कारबाहीका दुई सयभन्दा बढी शिलालेखहरू भेटिएका छन् । संस्कृतिविद् सत्यमोहन जोशीका अनुसार नेपालमा अभिलेखालयको सूत्रपात विसं १४२९ मा जयस्थिति मल्लबाट भएको हो । मल्लहरू पुस्तकलाई स्याहार मात्र होइन, पूजा नै गर्थे । भक्तपुरका राजा रणजित मल्लले आफ्नो दरबारमा पुस्तकालय नै खोलेका थिए । भक्तपुर दरबारको सूचीबाट प्राप्त १ हजार १ सय ५० पुस्तकहरू अभिलेखालयमा संकलित छन् । त्यसैगरी शंखमूलको विष्णु मल्लको विसं ८५२ को अभिलेखमा पुस्तकको हेरचाह गर्न ब्राह्मण तोकेको उल्लेख छ । राजा गीर्वाणविक्रम नै नेपालको व्यवस्थित पुस्तकालयको जनक मानिन्छन् । उनले विसं १८६९ मा पण्डित केदारनाथको नाममा किताब खरिद गर्ने लगायत पुस्तकालयको सम्पूर्ण काम गर्ने गरी लालमोहर नै जारी गरिदिए । विसं १९०४ मा जंगबहादुरको हुकुमबाट ती ग्रन्थ हनुमानढोकाबाट वसन्तपुर दरबारमा सारिए । फेरि १९१० मा दरबार स्कुल निर्माण भएपछि सबै पुस्तकहरू त्यतै सारिए । विसं १९५७ मा वीरशमशेरले घन्टाघरमा छुट्टै पुस्तकालय बनाएपछि वीर पुस्तकालयमा स्थायी स्वरूपमा संगृहीत भए । बल्ल विसं ०२४ मा आएर भारत सरकारको सहयोगमा प्राविधिक मापदण्डको अभिलेखालयका लागि चारवटा भवन बने । २५ वैशाख ०७१ मा खिलराज रेग्मी नेतृत्वको मन्त्रिपरिषद्ले प्राणघातक निर्णय गर्दै अभिलेखालयलाई घर न घाटको बनाएको छ ।

सर्वोच्च अदालतमा पार्किङ गर्ने टेवा पुऱ्याउनका लागि नयाँ वातानुकूलित भण्डारण कक्ष, तापक्रम, प्रकाश र आर्द्रताको उचित सन्तुलन, माइक्रो फिल्म डेभलप गर्ने हाइटेक डार्करुम, अनुसन्धानका लागि पर्याप्त रिडिङ रुम कहाँबाट जुटाउने ? यी अत्यन्त महत्त्वपूर्ण ग्रन्थहरू १९ देखि २३ सेल्सियस तापक्रम भएको, ५५ देखि ६५ प्रतिशतबीचको आद्रता भएको प्रकाश निरोधक भण्डारण गरिएको करिब ५० हजारको संख्यामा रहेका अभिलेखलाई बेवारिसे पाराले सार्नु भनेको प्रकारान्तरले नष्ट नै गर्नु हो । यो कार्यालय सार्दा सात (आठ शताब्दीमा ताडपत्रमा लेखिएका विश्वमै दुर्लभ २ हजार २ सय संख्यामा रहेका ग्रन्थहरूका साथै १ लाख ८० हजार माइक्रोफिल्महरू पनि सार्नुपर्ने हुन्छ ।

ताडपत्रमा लेखिएको बौद्ध दर्शन, ८१० को लिच्छवि लिपिको स्कन्धपुराण, ११औं शताब्दीको पालीभाषाका दुर्लभ ग्रन्थ स्थानान्तरण गर्दा जोगिने कल्पना पनि गर्न सकिँदैन । १२औं शताब्दीका ग्रन्थको त कुरै नगरौं, जसलाई युनेस्कोले मेमोरी अफ द वर्ल्ड रजिस्टरमा सूचीकृत गरेको छ ।

विसं १९५८ मा छापिएको पहिलो अंक पनि *गोरखापत्र*ले जोगाउन सकेनछ । हालै मात्र कुनै व्यक्तिलाई पाँच लाख रुपियाँ तिरेर ल्याएको उक्त अंक अहिले अभिलेखालयको भण्डारणमा छ । २५ वर्षभन्दा पुराना राष्ट्रिय महत्त्वका वस्तुहरू अभिलेखमा दर्ता गर्नुपर्ने अनिवार्य व्यवस्था छ । सो अनुसार अभिलेख छपाउने वा प्रतिलिपि निकाल्ने, नेपाल सरकारको सार्वजनिक रेकर्डको व्यवस्थापन गर्ने, उपयोगी कागजात किन्नेसम्मको अधिकार यसलाई प्राप्त छ । यति हुँदाहुँदै पनि कतिपय अमूल्य वस्तुहरू निजी गुम्बा र विहारमा दर्ताबिना नै रहेका छन् । नेपालका लागि ब्रिटिस रेसिडेन्स हड्सनले सन् १८३३ देखि १८४३ को आफ्नो कार्यकालमा पाँच सय पोकाभन्दा बढी बौद्ध दर्शनका पुस्तक र पाण्डुलिपि ओसारे । त्यही मेसोमा बंगालको एसियाटिक सोसाइटीलाई दुई सय पोका दिएको भनिन्छ, जसको सूचीकरण सो पुस्तकालयका हरि चौरसियाले गरेको फेला परेको छ । अर्को ज्वलन्त उदाहरण, अमेरिकाको एउटा लिलाम गर्ने कम्पनीले नेपालको पेन्टिङ लिलाम गर्न सुरु मूल्य ५० हजार डलर राखेर लिलामीको सूचना छाप्यो । नेपालका एक शुभेच्छुकले नेपाल सरकारलाई खबर गरे । पुरातत्त्व विभागले बेच्नेको नाम गोप्य राख्ने सर्तमा उक्त पेन्टिङ फुत्काउन सफल भयो । भेनिस सन्धिले नेपाललाई विदेसिएका अभिलेख फर्काउने अधिकार दिए पनि प्रमाणित गर्ने जाँगर र महँगो कानुनी प्रक्रियाको व्ययभार चुकाउन नसक्दा थुक निलेर बस्नुपरेको छ । जथाभावी स्थानान्तरण गर्दा धूलो-ढुसीले संक्रमण गर्ने त छँदैछ ।

सर्वोच्चले आँखा गाडेको अभिलेखालय भवन भारत सरकारको सहयोगमा ०२४ मा र माइक्रोफिल्म भवन जर्मन सरकारको सहयोगमा निर्माण भएका हुन् । सौभाग्यवश, १२ वैशाख ०७२ को भूकम्पले कुनै विनाश गर्न सकेन । यसको संग्रहमा रहेका सम्पूर्ण दस्तावेजहरू, माइक्रोफिल्म, भण्डारण कक्ष पूर्ण रूपमा सुरक्षित रहेका छन् । यो भवन अभिलेखीय सामग्रीका लागि उपयुक्त र आधुनिक प्रविधियुक्त बनाइएको छ । अभिलेखमा कुनै किसिमको आपत्कालीन दुर्घटना नहोस् भनी सीसीटीभीदेखि विद्युतीय ढोका र गार्डको पनि व्यवस्था छ । सार्वजनिक सरोकारको विषय भएकाले जति पायक ठाउँमा रहनुपर्छ, त्यति नै सुरक्षित पनि हुनुपर्छ । समयसापेक्ष अभिलेखालयको मापदण्ड अनुकूल यन्त्रहरू जडान गरी सेवाग्राहीलाई सेवा उपलब्ध गराउनुका साथै मर्मत-सम्भारका लागि रसायन संरक्षण प्रयोगशाला पनि रहेको छ । सुगौली सन्धिदेखि ०७२ सम्मका संविधान, हस्तलिखित दिव्योपदेशदेखि हुलाक टिकटसम्म सुरक्षित राखिएको छ । त्यस्तै मुन्सीखाना, जैसीकोठा हुँदै परराष्ट्र मन्त्रालयका ऐतिहासिक कागजपत्रहरू पनि अभिलेख संरक्षण ऐन अनुसार संरक्षण गरिन्छ ।

नेपालको इतिहास, संस्कृति र लिपि विज्ञानको ५० वर्षदेखिको मुहान जोगाउने एउटै विकल्प भनेको अझ स्तरीय र आधुनिक हालकै अभिलेखालय स्थल हो । यही निष्कर्षमा टेकेर नयाँ बन्ने सरकारले खिलराजको 'खिल' झिक्ने आशा गर्नुको विकल्प छैन । ◆

ब्याडमिन्टन खेलाडी रत्नजित तामाङ, नवीन श्रेष्ठ, सरादेवी तामाङ, नंसलदेवी तामाङ र विकास श्रेष्ठ (बायाँबाट क्रमशः)

खेलकुद

ब्याडमिन्टनले प्रख्यात डाँडागाउँ

एकै गाउँका पाँच अन्तर्राष्ट्रिय खेलाडी

विद्या राई/भोजपुर

नेपाली ब्याडमिन्टन जगत्मा भोजपुरे खेलाडीको एकछत्र वर्चस्व कायमै छ, पुरुष र महिला दुवै स्पर्धामा। राष्ट्रिय होस् या अन्तर्राष्ट्रिय प्रतिस्पर्धा, उनीहरूको दबदबा र सहभागिता अझै कायमै छ। त्यसमा पनि सबै खेलाडी एकै गाउँका छन्।

विसं ०५९ यता नेपाली ब्याडमिन्टनका लागि भोजपुर उर्वरभूमि नै साबित भयो। सरादेवी तामाङ, नंसलदेवी तामाङ, विकास श्रेष्ठ, रत्नजित तामाङ, विवेक श्रेष्ठ र नवीन श्रेष्ठ नेपाली ब्याडमिन्टनमा आफ्नो प्रतिभा प्रमाणित गरेका खेलाडी हुन्। तामाङ र श्रेष्ठ परिवारका उनीहरू सदरमुकामस्थित एकै गाउँ (भोजपुर-७, डाँडागाउँ)का खेलाडी हुन्। सरादेवी, नंसलदेवी र रत्नजित तामाङ एकै घरका तीन दिदीभाइ हुन्। विकास र विवेक श्रेष्ठ परिवारका दुई दाजुभाइ तथा नवीन पनि श्रेष्ठ परिवारकै हुन्।

उनीहरू सबैले १०/११ वर्षकै उमेरमा ब्याडमिन्टन खेल्न थाले। यसको श्रेय ब्याडमिन्टन खेलाडी दानबहादुर तामाङलाई जान्छ। उनी सरादेवी, नंसलदेवी र रत्नजितका बुबा हुन्। उनीलगायत अग्रज ब्याडमिन्टन खेलाडी मिलेर विसं ०४९ मा जिल्ला ब्याडमिन्टन संघ खडा गरेका थिए। प्रायः खेलाडीले 'जुनियर लेभल' को स्पर्धादेखि नै ब्याडमिन्टनमा लगातार प्रभुत्व जमाए।

सरादेवी, विकास, विवेक र नवीन 'जुनियर लेभल'मा नै राष्ट्रिय च्याम्पियन बनेका थिए भने रत्नजित र नंसलले पनि राष्ट्रिय स्तरका अन्य प्रतियोगितामा पदक जितेका थिए। जुनियर लेभलदेखि नै राष्ट्रिय च्याम्पियन हुनु यतिन्जेलसम्म ब्याडमिन्टनमा सफलता पाउने आधार बनेको थियो उनीहरूलाई। बाँकी जीवनलाई पूर्ण रूपमा खेल जगत्मा समर्पित गर्ने जग बन्यो। तर, उनीहरूको संघर्ष कथा भने कम मार्मिक छैन। दानबहादुरको छत्रछाया नपाएका भए संघर्षका लागि साहस र उत्साह पक्कै पाउने थिएनन्। जिल्लामा उनैले ब्याडमिन्टनको वातावरण तयार गरिदिएका थिए। उनको घरैमाथि आउटडोर कोर्ट छ, त्यसैमा सिक्ने र सिकाउने गर्थे। त्यसताका उनी क्षेत्रीय तथा राष्ट्रिय स्तरका स्पर्धामा जिल्लाको प्रतिनिधित्व गर्थे। उनका शिष्यहरू, जो अहिलेका अन्तर्राष्ट्रिय खेलाडी छन्, उनीहरूलाई प्रतिस्पर्धामा लिएर जान्थे। जति नै संघर्ष गर्न परे पनि तीन परिवारका खेलाडीको गजबको तालमेल छ। दानबहादुरलाई सबै ब्याडमिन्टन खेलाडीले गुरु थापे। सरादेवीको पाइला पछ्याउँदै विकास, नंसल, विवेक, रत्नजित र नवीन ब्याडमिन्टनमा लागे। यद्यपि, नवीनलाई ब्याडमिन्टनमा टेकाउनु र मलजल गराउनुका पछाडि विवेकको हात रह्यो। सरादेवी, नंसलदेवी, विकास र रत्नजित काठमाडौँमै बसेर खेल्थे। विवेक काठमाडौँ र गृह जिल्ला ओहोरदोहोर गरिरहन्थे। आफू सिक्थे र अरूलाई सिकाउँथे। त्यही मौकामा नवीन अघिल्ला पुस्ताको बिँडो थाम्ने खेलाडी बने। "ब्याडमिन्टनमा जम्दै जाँदा एकपछि अर्कोले बिँडो थाम्नुपर्छ भन्ने दबाबले नै वर्चस्व जमाउन सकियो," नवीन सुनाउँछन्।

विकास र विवेकका लागि इन्डोरमा खेल्नुपर्ने ब्याडमिन्टन खुला आकाशमुनि सिकेर एकैचोटि प्रतिस्पर्धामा जम्नु त्यसबेला चानचुने कुरा थिएन। 'जुनियर लेभल'को राष्ट्रिय च्याम्पियन जसोतसो भए। त्यसपछि खेल जीवनमा समर्पित हुन गृह जिल्ला बसेर सम्भव थिएन। सबै

खेलाडी एकपछि अर्को गर्दै काठमाडौं पुगे । डेरा लिएर बसे । सामान्य परिवारमा जन्मे-हुर्केका उनीहरूलाई डेरा भाडा तिर्न समेत धौंधौ पर्थ्यो । सरादेवी, नंसलदेवी र रत्नजितको सवालमा केही सहजता थियो । उनीहरूका बुबाआमाको मनग्य साथ थियो । विकास र विवेकको सवालमा निकै कष्टकर नै रह्यो । ब्याडमिन्टनका लागि पारिवारिक वातावरण पाउनुपर्ने बेला उनीहरूका बुबाले सदाका लागि संसारबाट बिदा लिए । विकास जुनियर लेभलमा पहिलोपटक राष्ट्रिय च्याम्पियन हुनु तीन महिनाअगावै बुबा बितेका थिए । सिनियर लेभलमा लगातार तीनपटक राष्ट्रिय च्याम्पियन बने, उपत्यकाबाहिरका खेलाडीमध्येको यो नै उनको पहिलो ह्याट्रिक थियो । बुबा बितेपछि घरको जेठो छोरो भएको हैसियतले पारिवारिक जिम्मेवारी पनि थियो ।

०६० मा काठमाडौंमा भएको प्रतियोगितामा जुनियरतर्फ राष्ट्रिय च्याम्पियन भए । त्यसपछि ब्याडमिन्टन खेल्नकै लागि गृह जिल्ला छाडेर विराटनगर जानुपर्‍यो । विराटनगरमा उत्तम सिम्खडासँग तीन महिना प्रशिक्षण गर्ने मौका मिल्यो । यो नै कभर्ड हलभित्रको पहिलो प्रशिक्षण थियो । त्यसपछि काठमाडौं बस्नुपर्ने भयो । सरादेवी तामाङ ०६० देखि नै महेन्द्र पुलिस क्लबबाट खेल्न थालिसकेकी थिइन् । त्यसपछि विकास पनि ०६१ बाट क्लबमा आबद्ध भए । क्लबबाट दिइने सीमित तलबले काठमाडौंमा बस्न निकै सकस थियो ।

दुःखको कुरा त विकास च्याम्पियन हुँदासम्म आफ्नै र्‍याकेट थिएन । पहिलोपटक च्याम्पियन हुँदा अर्काको र्‍याकेटले खेलेर च्याम्पियन भएका थिए । च्याम्पियन हुँदा अर्काको र्‍याकेटले खेल्नु पनि उनका लागि संघर्ष नै थियो । च्याम्पियन भइसकेपछि अहिलेसम्म र्‍याकेट किन्नुपरेको छैन । उनका भाइ विवेक अहिले पनि गृह जिल्लामा जुनियर खेलाडीलाई प्रशिक्षणमा व्यस्त भेटिन्छन् । बिहानै उठ्नु, र्‍याकेट र सटल बोकेर ब्याडमिन्टन कोर्टमा पुग्नु तथा जुनियर खेलाडीलाई खेल्न सिकाउनु उनको दैनिकी नै बनेको छ । त्यसबापत न त उनले तलबभत्ता नै बुझ्छन्, न लाभोपार्जन नै गर्छन् । "आफूजस्तै, आफूभन्दा पनि राम्रा खेलाडी उत्पादन गर्न सेवाभावले सिकाउँछु," विवेक भन्छन् । उनले यहीं बसेर प्रशिक्षण थालेको हाल वर्ष पुरा हुँदैछ । नवीन श्रेष्ठ, सुवास तामाङ, लोकमाता राईलगायत च्याम्पियनहरू उनैले उत्पादन गरे । नवीन राष्ट्रिय च्याम्पियन मात्र भएनन्, अन्तर्राष्ट्रिय खेलाडीका रूपमा प्रतिनिधित्व गरिरहेका छन् । सुवास क्षेत्रीयस्तरको अन्डर-१४ का च्याम्पियन हुन् । बिहानको समय अढाई-तीन घन्टा जुनियर खेलाडी उत्पादनका लागि र्‍याकेट, सटल लिएर कोर्टमै पुग्छन् । आर्थिक अवस्था कमजोर भएका तर सम्भावना बोकेका नौ जना खेलाडीलाई जर्सी निःशुल्क दिएका छन् । उनीसँग दैनिकजसो १० देखि १५ जना जुनियर खेलाडी सिक्न आउँछन् ।

सरादेवी, नंसलदेवी, रत्नजित र नवीन काठमाडौंमा बसेका छन् । नंसलदेवी, रत्नजित र नवीन प्रतिस्पर्धामा उत्रिरहेका हुन्छन् । एकै जिल्लाका तथा एकै गाउँका रत्नजित र नवीनको प्रतिस्पर्धा चल्ने गर्छ । अहिलेसम्म सरादेवी तीनपटक, नंसलदेवी दुईपटक र रत्नजित तीनपटक सिनियर लेभलमा राष्ट्रिय च्याम्पियन बनिसके । नंसलदेवीले यस वर्षको 'पल्सर स्पोर्ट्स अवार्ड' जितिन् । उनकी दिदी सरादेवी तामाङ र भाइ रत्नजित तामाङको सानदार जित पनि उल्लेखनीय छ । एकै घरका तीन दिदीभाइको चर्चा जिल्लाभित्र मात्रै होइन, राष्ट्रका लागि तामाङ परिवार उदाहरण बनेको छ । यी ६ खेलाडी राष्ट्रिय च्याम्पियन भएपछि अन्तर्राष्ट्रिय खेलहरूमा सहभागिता जनाउन थालेका थिए ।

तर, अबदेखि भोजपुरको प्रतिनिधित्व खोइ भन्ने प्रश्न जन्माएको छ । नवीनपछि उही स्तरको खेलाडी जन्मिन सकेका छैनन् । जति पनि राष्ट्रिय स्तरका खेलाडी जन्मिए, सबैले आफ्नै व्यक्तिगत लगानीमा संघर्षका साथ खेलेका थिए । अहिले पनि खेलिरहेका छन् । सरकारले चासो नदिँदा आर्थिक अवस्था कमजोर भएका तर खेलमा अब्बल क्षमता बोकेका कतिपय खेलाडी जिल्लाबाट बाहिर जान सकेका छैनन् । ◆

कमजोर कथानक

■ **दिपेश नेपाल**

जातीय विभेदलाई निरुत्साहित गर्ने एउटा उपाय हो, इतिहासमा फर्केर समान उदय वा उद्गमको उदाहरण दिनु। जेबी दर्लामीको उपन्यास *यात्री*मा संकेत गर्न खोजिएको कथा विस्थापित हुँदै हुर्किएको सभ्यताको मर्म बुझ्नु र जातीय इतिहास अनि परम्पराको बचावको बीचमा अर्कै जाति वा भूगोलका मानिससँगको हार्दिक सम्बन्धको कल्पना गर्नु हो। खोज वा यात्रा उपन्यासको रङ दिन खोजिए पनि *यात्री* जोडदार कथानक र नाटकीयताको अभावमा फितलो कृति बन्न पुगेको छ। कथामा भावनात्मकता र रोचकता दुवैको अभाव छ।

हिमाली गुफामा भेटिएको प्राचीन पुस्तकको कथा थाहा पाउन खोजेको मूल पात्र यात्रीले चराङको गुम्बाबाट चोरेर लगेको लिपि नखुलेको पुस्तकमा लेखिएको कुरा जान्ने हुटहुटीले ऊ पहिला तिब्बत र पछि मंगोलियासम्म पुगेको छ। यात्रीले पुस्तकको सहारामा नश्ल मूलको खोजी गरेजस्तो पनि देखिन्छ। तिब्बतबाट उसलाई मंगोलियाको गुर्बानसम्म महिनौंको पैदल यात्रापछि पुग्न मद्दत गरेका कर्माका माध्यमबाट दोहोरिरहने टिप्पणीले स्वतन्त्र तिब्बत र त्यो चाह गर्ने तिब्बतीहरूप्रति कथा नरम बनेको छ भने चिनियाँ व्यवस्थाप्रति कठोर शब्दहरू प्रयोग गरिएको छ। कर्मा र यात्रीको लामो यात्राका प्राविधिक योग्यतालाई छोड्ने हो भने पनि यात्रालाई थोरै अनुच्छेदमा अटाउन खोज्दा रोमाञ्चकता हराएको छ र ती केवल बयानजस्ता मात्र भएका छन्। कहीँ गैरआख्यानलाई औपन्यासिक कलेवर दिन खोजेजस्तो मात्र देखिएको छ।

उपन्यासकी एक प्रमुख पात्र नेजुई (बोलोर)सँग यात्रीको सम्बन्ध भाग एकमा भावनात्मक उत्कर्षमा देखाउन खोजिए पनि त्यसको विकास पाठकलाई अस्वाभाविक लाग्न सक्छ। बोलोरसँगको ठट्यौला संवाद कतिलाई रुचिपूर्ण लागे पनि उसको नेपालमा मंगोलियन मूल पुर्खा बसोवास गरेको कुरालाई जातीय बुझक्कीहरूले फरक-फरक कोणबाट लेलान्। उपन्यासको भाग एक भूगोल, समय र भावनात्मक हर्काइमा हतारमा भएजस्तो



यात्री
लेखक : जेबी दर्लामी
प्रकाशक : लिपि बुक्स
पृष्ठ : २९४
मूल्य : ३९५ रुपियाँ

लाग्छ भने यात्रीले आफूले लिएर आएको पुस्तकमा उस्तो चासो नदिँदा मूल कथा सायद अर्कै केही हो कि भन्ने भान पनि पर्छ। बोलोर, उसको बाजे र अन्य पात्रहरूसँग बोल्ने माध्यम भाषा अंग्रेजी भनेर कथाले जटिलता हल गर्छ। तापनि, धेरै ठाउँमा त्यो सहजजस्तो लाग्दैन र प्राविधिक रूपमा सीमाभंग भएजस्तो पनि लाग्छ।

उपन्यासको दोस्रो भाग प्राचीन पुस्तकको कथा हो, जहाँ निम्मी भन्ने पात्रले विगतमा फर्केर आफ्नो गाउँ, सभ्यता र मानिसहरूको कथा भनेकी छन्। त्यसमा प्राकृतिक कारणले, विश्वासको भिन्नताले र एउटा समुदायले अर्को समुदायमाथि गरेको दमनले हुनुपरेको विस्थापनको कथा छ। उपन्यासको पहिलो भागमा जस्तै यहाँ पनि ठूलो परिवेश सँगाल्दा भएको हतार देखिन्छ। यद्यपि, कठिन यात्रा, त्यहाँभित्रको विरोध, लोककथा शैलीका केही अन्तरकथाहरूले उपन्यासको स्मरणीय खण्ड यसैलाई बनाएको छ। निम्मीको बाजे, बुबा, बज्यै, पारूहाङ काकालगायतका पात्रहरूलाई केही मात्रामा भए पनि विश्वसनीय बनाएकाले उनीहरूको हिमाली यात्रामा पाठक सामेल हुन सक्छ। ब्रह्माले सुनाएको कथामा पनि विश्व-इतिहासमा भएका ठूला सभ्यताको भूमि र संस्कृति अनि संस्कारबाट हुनुपरेको विस्थापन वा विचलनको कथा भेटिन्छ। चित्रात्मकताको अभाव देखिने यात्रा वर्णन युद्धको एउटा अंशमा प्रखर र स्वाभाविक भएको देखिन्छ। तर, दोस्रो भागपछि आएर बढी नै प्रतीकात्मक र सन्देशमुखी हुन खोजेजस्तो लाग्छ।

उपन्यासको तेस्रो भाग सबैभन्दा कमजोर खण्ड नै मान्नुपर्छ। प्राचीन पुस्तकको कथाको प्रभाव यात्री र बाँकी सुन्नेलाई प्रत्यक्ष परेको लामो समयसम्म देखिँदैन। भाग एकमा जस्तै यात्री, बोलोर र बाजेको वरिपरि घुमेको कथामा कुनै पर्यटकको गाइडबुकको विवरणलाई कथा रूप दिइएजस्तो मात्र देखिन्छ। फेरि पनि कथानक, भावनात्मक विकास र नाटकीयतामा कथाले मिहिनेत गरेको देखिँदैन। अन्त्य गर्न हतारिएजस्तो फितला संवाद र कोरा बयानहरूले उपन्यासमा मूल कथा के हो अलमल परिन्छ।

नयाँ भूगोलको नयाँ शब्दमा भनेका जानकारी कथालाई कत्तिको फाइदाजनक हुन्छ, थाहा छैन। तर, *यात्री*मा त्यस्ता थुप्रै अनावश्यक नयाँ कुरा छन्, जुन प्रभावका हिसाबले पाठकलाई तानिरहने क्षमता राख्दैनन्। इतिहास र पुर्खाको चेतना आफैँमा बहुकोणबाट व्याख्या हुने विषय भए पनि उपन्यासले चेतनाको सामान्यीकरण गर्न उन्मुख देखिन्छ। सामान्य पाठकलाई किताब पढेर भ्याउँदा याद आइरहने कुनै विशेष कथा हुँदैन। आत्मा, धर्म र प्रेमको पुरानै चर्चाहरू पनि अनावश्यक लाग्छ। बोलोर र यात्रीको सम्बन्धमा सायद रोनाधोना अलि बढी नै छ। अचानक आउने हिउँको डल्लो, घोडा चढ्ने अस्ट्रेलियन केटो, बारम्बार जोड गरिएको कायर शब्द अनि केही तन्काइएका संवादहरू, फितला हौसलाहरू आदिले उपन्यासमा चुम्बकीयता पैदा गर्न सकेका छैनन्।

शैलीका दृष्टिकोणले *यात्री* औसत उपन्यास हो। उपन्यासमा केही कुरा ठाडै भनेजस्तो लाग्छ भने केही कुरा धेरै नै प्रतीकात्मक लाग्छ। यसर्थ, मध्यमार्ग यसमा छैन, जहाँ थोरै देखाएर धेरै भन्न सकिन्छ। खोज वा यात्रा कथाको उत्साह रोमाञ्चकतामा टिकेको हुन्छ तर *यात्री* उपन्यासमा मूल विषयको अभाव त होइन तर प्रयोगहरू ठीक ठाउँमा पर्न सकेका छैनन्। ◆

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

समाचार अझै सहज, अझै अनुकूल

सर्वाधिक नेपालीसँग जोडिएको राष्ट्रिय दैनिक अब छुट्टै एप र वेबसाइटमा

प्रदेशहरुको हालचाल होस् या देश-विदेशका जानकारी, आर्थिक जगत्को उतारचढाव होस् या नेपाली डायस्पोराका गतिविधि, आफ्नो प्रिय खेलकुद टिमलाई पछ्याउन होस् या मनोरञ्जनका खबर थाहा पाउन, बद्लिँदो समयसँगै सूचना ग्रहण गर्ने तौरतरिका फेरिनसक्छ, तर समाचार र विश्लेषणमा तपाईंको हक सुनिश्चित गर्ने हाम्रो प्रतिबद्धता अपरिवर्तनीय छ ।

डाउनलोड गर्नुहोस्

GET IT ON Google Play

Available on the App Store

www.kantipurdaily.com

अनुभूति

। संगीत श्रोता

शम्भुनाथ सम्झना

उनले दोहो-याइरहे, 'मार्क्सवादीहरूले तीन कुरामा ख्याल गर्नैपर्छ- आत्मनिरीक्षण, संवाद र पुनःगठन ।' उनको निष्कर्ष थियो, भारतीय प्रगतिशील साहित्य आन्दोलनमा त्यही तीन चीजको कमी छ । नेपालमा वामपन्थी लेखकहरूबीच हुने गरेको आपसी संवाद र सम्बन्धको चाहिँ उनले प्रशंसा गरे ।

चार वर्षअघि नेपाल आएका भारतीय प्रोफेसर तथा चिन्तक शम्भुनाथ नेपाली प्रगतिशील फाँटका लेखकका लागि एउटा आकर्षण थिए । इच्छुक सांस्कृतिक प्रतिष्ठानले उनलाई आफ्नो वार्षिक गोष्ठीमा सहभागी हुन नेपाल निम्त्याएको थियो । शम्भुनाथ भन्नासाथ उनको *संस्कृति की उत्तर कथा* पुस्तक सम्झना हुन्छ । नेपालमा वाम-पृष्ठभूमिका चालू पाठकहरूबीच यो पुस्तक चर्चित नै हो । निनु चापागाईंले अनुवाद गरेको र *वेदना*मा छापिएको उनको 'उपभोक्तावादलाई प्रत्युत्तर' शीर्षकको रचनामा पनि यता धेरैको ध्यान पुगेको थियो । यो निबन्ध त्यसपछि अरू केही साप्ताहिक, मासिक पत्रिकाले पुनःप्रकाशन गरे र अनूदित पुस्तकमा पनि संकलित भयो । यसरी चिनिएका/पढिएका लेखक आउँदैछन् भन्ने थाहा पाएपछि एक महिनाअघिदेखि नै गोष्ठी मेरो व्यग्र प्रतीक्षामा परेको थियो ।

प्रज्ञा प्रतिष्ठानको प्रवचन कक्षमा इच्छुक प्रतिष्ठानको 'राष्ट्रिय संस्कृति र सांस्कृतिक साम्राज्यवाद' विषयक गोष्ठी उद्घाटन भयो । शम्भुनाथले मार्क्सवादीले तीन कुरामा ध्यान दिनुपर्ने कुरा त्यहीं दोहो-याएका हुन्, आत्मनिरीक्षण, संवाद र पुनःगठन । कार्यक्रमको सुरुमै उनले भने, 'नेपाल र भारतलाई दुई सपुतले जोडेका छन्, एक गौतम बुद्ध र अर्को भानुभक्त ।' 'भानुभक्तले नेपाल-भारतलाई कसरी जोडेका रहेछन् ?' मेरो छेउमै बसेकी साथी विभूति भट्टराईले मेरो कानमा खुसुक्क सोधिन्, 'यो त मैले बुझिनँ नि, संगीतजी ।' 'सुन्नूस्, सुन्नूस्, भन्लान् नि, कसरी जोडे ?' मैले मञ्चतिरै इसारा गरें ।

त्यसपछि शम्भुनाथले केहीबेर गौतम बुद्धका बारेमा 'ओरियन्टल' व्याख्या गरे : पूर्वीय दार्शनिक, जिससभन्दा पनि अघिका, उनको नाममा किन संवत् नचलाउने, हामीलाई पश्चिमाहरूले आफ्ना दार्शनिक र आफ्ना मान्यता मात्रै कसरी थोपर्छन् आदि-आदि । उनले भानुभक्तको महत्त्वमाथि प्रकाश पार्न थाले, 'भानुभक्त नेपालका महान् सन्त कवि हुन् । उनी राजतन्त्रका विरोधी र गणतन्त्रवादी कवि थिए । उनको साहित्यबाट भारत र नेपालको जनस्तरको सम्बन्ध बनेको छ ।' अरे, यी नाथ के भन्दैछन् ? भानुभक्त गणतन्त्रवादी ?

हामी आश्चर्यचकित नै भयौं । हलभरिका सहभागीले एक-अर्कातिर हेर्दै आँखा जुधाए । सबै चकितम् चकित । नेपालमा गणतन्त्र स्थापनाको आन्दोलनसँगै कला-साहित्यका क्षेत्रमा पनि गणतान्त्रिक चेतनाका बारेमा बहस हुन थालेका छन्, भर्खरै । अधिकांश ठूला भनिएका र स्थापित कविहरू कसरी राजतान्त्रिक चेतनाबाट दीक्षित थिए भन्ने अध्ययनहरू छिटफुट हुन लागेका छन् । शम्भुनाथको रचना अनुवाद गर्ने निनु चापागाईंले *गरिमा*मा लामो लेख लेखेर भानुभक्तलाई 'सामन्तवादी कवि' र 'राजभक्त कवि' भनेका थिए । तर, भारतबाट निम्त्याइएका 'मार्क्सवादी पाहुना'ले मार्क्सवादीहरूकै बीचमा उभिएर भानुभक्तलाई नै राजतन्त्रविरोधी कवि भन्छन्, बाबै ।

उनले आफ्नो आप्तवाक्यलाई यसै छोडेनन्, सप्रसंग व्याख्या गर्दै भने, 'भानुभक्तको समय भनेको कठोर राजतन्त्रको बेला थियो । त्यो बेला राजालाई कविताको विषय बनाउनुपर्ने हुन्थ्यो । राजा-महाराजालाई नै नायक बनाएर कविता लेख्ने चलन थियो । तर, भानुभक्तले राजाको सट्टा मर्यादा पुरुषोत्तम रामलाई नायक बनाएर कविता रचे । यसकारण उनी राजतन्त्रविरोधी कवि हुन् ।'

शम्भुनाथले गोष्ठीभरि आफ्नो पुस्तकमै गरिएका तर्कहरू अघि सार्दै उपभोक्तावादी संस्कृतिको नकारात्मक प्रभावबारे सविस्तार चर्चा गरे । पुँजीवादले मान्छेको संवेदनशीलता मार्दै गरेका उदाहरण सुनाए । साम्राज्यवादले पूर्वीय मुलुकहरूमाथि सांस्कृतिक आक्रमण गरिरहेका विश्लेषण पेस गरे ।

♦♦♦

प्रगतिशील लेखक संघले उनकै स्वागतमा थापाथलीमा भेटघाट आयोजना गऱ्यो । प्रलेसका तत्कालीन अध्यक्ष अमर गिरीले उनको स्वागतमा छोटो मन्तव्य राखेपछि शम्भुनाथ बोले ।

उनले भने, 'यो उपभोक्तावादी समाजमा तपाईं कति चतुर हुनुहुन्छ, त्यही तपाईंको शक्ति हो । तपाईं कति धूर्त हुनुहुन्छ, तपाईं त्यति नै ज्ञानी कहलिनुहुन्छ । ज्ञानको परिभाषा अब धुर्तताले लिएको छ, टापटिप गरेर गफ दिँदै हिँडे हुन्छ, किताबहरू पढिरहनुपर्दैन ।'

सुनेर हामी दंग थियौं । तर, आफ्नो अघिल्लो दिनको वैचारिक प्रवचनको व्याख्या उनले यहाँ पनि दोहो-याए । भानुभक्तलाई 'क्रान्तिकारी' कविका रूपमा पुष्टि गर्न खोज्दै भने, 'भानुभक्तले तत्कालीन राजतन्त्रविरुद्ध उसको समानान्तरमा रामलाई नायक बनाएर काव्य लेखे । यो तत्कालीन राजतन्त्रविरुद्ध उभिने काम थियो । तसर्थ, उनी राजशाहीका विरुद्धमा थिए ।'

एक चरण त मलाई झोंक पनि चल्यो । यो शम्भुनाथ बूढाको के पारा हो ? भारतबाट आएर हामीलाई भानुभक्त क्रान्तिकारी कवि भन्ने उपदेश दिने ? एक झमट प्रतिवाद गरौं कि भनेर चलमलाएँ पनि । तर, सुन्नेहरू सबै ध्यानपूर्वक सुन्दै थिए र मुसुमुसु हाँस्दै थिए । आफैंले डाकेका पाहुना न परे, हामीसँग त्यहाँ हाँस्नुको विकल्प थिएन । कहिलेकाहीं हाँसेर पनि गलत विचारको प्रतिवाद गर्नुपर्दो रहेछ । यही सोचेर म पनि मुसुमुसु हाँसें ।

पछि अनौपचारिक छलफलमा केही साथीहरूले भानुभक्तलाई नेपालमा त्यसरी हेरिन्न है, कम्तीमा पनि मार्क्सवादी खेमामा त उनलाई परम्परागत कविकै रूपमा लिने चलन छ भनेर उनलाई अवगत गराए । उनको प्रवचन सुनेपछि मैले मेरा एक जना भारतीय साथी कविता कृष्णपल्लवीलाई सोधें, 'यी शम्भुनाथ कस्ता मान्छे हुन् त्यता ?' कविताले

मलाई उनका बारेमा केही जानकारी लेखेर र केही उनीसँग सम्बन्धित समाचार र लेखहरूको लिंक पठाएर सहयोग गरिन् । पछि थाहा भयो, उनी लामो समय भारतीय संसद्वादी कम्युनिस्ट पार्टी सीपीएमको नजिक रहेर साहित्यकर्म गरेका रहेछन् । कलकत्ताको सत्ता दाहिने हुँदा यिनी त्यहाँको विश्वविद्यालयमा हिन्दीको विभागाध्यक्ष रहेका र सत्ताको सहयोग लिएर कलकत्तामै साहित्यको हिन्दी मेला आयोजना गर्दा रहेछन् ।

पश्चिम बंगालमा ममता बनर्जीको 'बाढी'बाट संसदीय कम्युनिस्टहरू बढारिएको नेपालका जिज्ञासुहरूलाई पनि ज्ञान छ । कलकत्ता क्षेत्रका 'मार्क्सवादी' विद्वान्हरू कम्युनिस्टहरूलाई पाठ पढाइहिँड्ने पण्डितमा रूपान्तरित भइसकेका छन् भन्नेचाहिँ यता कमैलाई थाहा छ । शम्भुनाथ एउटा त्यस्तै पण्डित रहेछन् । कमलादी र थापाथलीमा उनले नेपालका मार्क्सवादीलाई पनि किस्ता-किस्ता उपदेश दिए । अरू त अरू नेपालको इतिहास र सभ्यताबारे पनि 'ज्ञानदान' गरेर अनि भानुभक्तबारे बिलकुल फरक तर्क गरेर यिनले नेपाली 'नाथ'हरूलाई पनि उछिने । किनभने, नेपालमा भानुभक्तलाई गणतन्त्रवादी भन्ने आँट अहिलेसम्म कसैले गरेको थिएन ।

उनले गौतम बुद्ध र भानुभक्तलाई नेपाल र भारत जोड्ने 'दुई पुल' भने । त्यो उनको नेपालीको मन जित्ने बठ्याइँ थियो, मोदीको जस्तै । जसरी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आउँदा बुद्ध जन्मस्थलको चर्चा गरेका थिए, त्यसरी नै शम्भुनाथले पनि जानीबुझीकन बुद्धको प्रसंग ल्याएका थिए । उनले बुद्धलाई नेपालको विभूति मान्दैनन् भन्ने पुष्टिचाहिँ उनी नेपाल आउनुभन्दा दुई महिनाअघि प्रकाशित 'सभ्यता के आख्यान' शीर्षकको लेखले गर्छ । *ज्ञानोदय* पत्रिकामा दुई किस्ता छापिएको १३ पृष्ठ लामो लेखको एउटा मुख्य भाग बुद्धसँग जोडिएको छ । तर, त्यहाँ कहीं पनि उनले बुद्ध लुम्बिनी (हालको नेपाल)मा जन्मे-हुर्केको चर्चा गर्दैनन् ।

लेखको दोस्रो किस्ता भारतमा इसालाई केन्द्र बनाएर संवत् चलाइनु तर इसाभन्दा पाँच सय वर्षअघिका बुद्धको संवत् प्रचलनमा नहुनुको कारण साम्राज्यवादीहरूको प्रभाव हो भन्ने तर्कबाट सुरु गरेका छन् । यही तर्क उनले कमलादीमा पनि गरे । फरक के भने उनले कमलादीमा बुद्धलाई नेपालका विभूतिका रूपमा चर्चा गरे, लेखमा चाहिँ भारतीय सभ्यताका सन्दर्भमा मात्रै उल्लेख गरेका छन् । यो एक प्रकारको बौद्धिक बठ्याइँ हो, जहाँ जे बोल्दा प्रशंसा पाइन्छ, त्यही बोलिदिने मौकावाद ।

दुईजिब्रे मार्क्सवादीहरूको नेपालमा खाँचो थिएन । तर, भारतदेखि आएर शम्भुनाथले पनि त्यस्तै 'परिचय' दिए । सत्ताको स्वाद चाखीचाखी मार्क्सवादी हुनेहरू यता पनि थिए, त्यताबाट त्यस्तै मान्छे आएका रहेछन् । थापाथलीको जमघटमा उनले 'दलित, महिला वा आदिवासीहरूले कहिल्यै साम्राज्यवादको विरोध गर्दैनन्' भने । दलित, जनजाति, महिलालगायत उत्पीडित समुदायले आफ्नो हक खोज्न थाले भने साम्प्रदायिक वा जातिवादी भनेर सराप्ने चलन त यता पनि उस्तै छ ।

कवि राजु स्याङ्तानले शम्भुनाथलाई एउटा राजनीतिक प्रश्न गरे, 'भारतमा मोदी उभारको कारण के हो ?' जवाफमा यी चिन्तकको तर्क थियो, 'मोदीको सफलता केन्द्रीयतावादीहरूको असफलता हो ।' मोदीको उदय कर्पोरेट स्वार्थका कारणभन्दा कम्युनिस्ट वा कांग्रेसहरूको विकल्पका रूपमा भएको हो भन्ने उनको आशय देखिन्थ्यो । उनले भारतका सबै कम्युनिस्ट र कांग्रेससमेतलाई केन्द्रीयतावादी दल भन्दै आलोचना गरे । केही समय पहिलेको *जनसत्ता* पत्रिकामा उनले लेखेका थिए, 'एलिट अहंवादका कारणले उत्तर भारतका जनतामा मोदीको लोकप्रियता बढेको हो ।' उनको यस्तो तर्कको सीपीएमसम्बद्ध लेखक अरुण माहेश्वरीले आलोचना गरेका थिए ।

शम्भुनाथले अरू पनि केही रमाइला तर्कहरू गरे । '*फेसबुक*ले कनेक्सन बन्छ, रिलेसन बन्दैन' भन्दै प्रविधि-प्रयोगको विरोध गर्दा *फेसबुक*मा नपसेका वा यसको उपयोगिता नबुझेका सहभागीले कमलादीमा ताली पिटेका थिए । प्रलेसको कार्यक्रममा पनि उनले मोबाइल र ल्यापटप बोक्नेहरूलाई खिसीटिउरी गर्दै भने, 'तपाईंसँग मोबाइल छ, फरवार्ड हुनुहुन्छ । मसँग कलम छ, म ब्याकवार्ड छु ।' हरक्षेत्रको आफ्नो अन्तरविरोध हुन्छ र त्यसको द्वन्द्वात्मक गतिशीलता हुन्छ भन्ने विज्ञानको कखरा बुझेको मान्छेले प्रविधिको उपयोगिताबारे यस्तो निषेधात्मक धारणा बनाउँदैन ।

> दुईजिब्रे मार्क्सवादीहरूको नेपालमा खाँचो थिएन । तर, भारतदेखि आएर शम्भुनाथले पनि त्यस्तै 'परिचय' दिए । सत्ताको स्वाद चाखीचाखी मार्क्सवादी हुनेहरू यता पनि थिए, त्यताबाट त्यस्तै मान्छे आएका रहेछन् ।

शम्भुनाथको प्रतिवाद साहित्यकार आहुतिले गरे, 'सुरुसुरुमा वाष्प इन्जिन बन्दा त्यही फुटाउन गएका थिए मजदुरहरू । पछि मात्रै उनीहरूले बुझे, यो हामीले फुटाउने होइन, प्रयोग गर्ने चीज रहेछ । *फेसबुक* पनि त्यस्तै हो । बनाएको पुँजीपतिहरूले नै हो तर यसको उपयोग हामी मार्क्सवादीहरूले पनि गर्नुपर्छ, सके कब्जै गर्नुपर्छ ।' आहुति भर्खर-भर्खर *फेसबुक*मा रत्तिँदै थिए । *फेसबुक*मा रमाउन नसकेका पाका लेखकहरूचाहिँ शम्भुनाथकै तर्कमा रमाएका देखिन्थे ।

भारतीय कवयित्री/संस्कृतिकर्मी कात्यायनीले एक अखबारमा लेखेको त्यति नै बेला मैले पढेको थिएँ, 'साहित्य, कला र संस्कृतिका क्षेत्रमा अधिक सक्रिय र अग्रणी भूमिकामा रहेको बौद्धिक समुदाय अधिकांशतः विशेष सुविधाभोगी उच्च मध्यवर्गबाट नै आउँछ । त्यसमा जो कथित वामपन्थी छ, उसको चरित्र अझ घटिया अवसरवादी छ । किनभने, ऊ सबैभन्दा बढी शब्द-छल र मुद्रा-छल गर्छ । वास्तवमा यो असली वामपन्थी नै होइन । यो दुईरंगी, मेरुदण्डविहीन, कायर, पद-पीठ-पुरस्कार-लोलुप सामाजिक जनवादी हो, संशोधनवादी जडवामन हो ।' कात्यायनीले शम्भुनाथलाई नै तोकेर भनेकी होइनन् तर शम्भुनाथको नेपाल आगमनमै मलाई त्यस्तो पढ्ने संयोग परेछ ।

भारतका भन्दा नेपालका मार्क्सवादीहरूले गरिरहने संवादको प्रशंसा पनि गरेका थिए शम्भुनाथले । यतिखेर यताका वामपन्थीहरूले पनि भन्न थालेको बेला छ- आत्मनिरीक्षण, संवाद र पुनःगठन । वाम-बाटो र एकता-संवाद झन् बढी चर्चामा चढेको बखत छ यता । तर, कात्यायनीका शब्दले मलाई अहिले झन् बढी घोचपेच गरिरहेका छन्- 'बौद्धिक समुदाय जो कथित वामपन्थी छ, उसको चरित्र अझ घटिया अवसरवादी छ । किनभने, ऊ सबैभन्दा बढी शब्द-छल र मुद्रा-छल गर्छ, ऊ दुईरंगी र कायर छ ।' ♦

गुगलको नयाँ अपरेटिङ सिस्टम

स्मार्टफोनका लागि एन्ड्रोइड र कम्प्युटरका लागि क्रोम ओएसपछि *गुगल* अहिले अर्को अपरेटिङ सिस्टम (ओएस) फ्युसिया विकास गर्न लागेको छ । *गुगलले* फ्युसिया अपरेटिङ सिस्टम बनाउन लागेको खुलासा ६ महिनाअघि नै भएको थियो । तर, हालै मात्र यो कुरा पुष्टि भएको छ । किनभने, अहिले *गुगलले* फ्युसिया अपरेटिङ सिस्टमको डेभलपर भर्सन रिलिज गरेको छ ।

गुगलले फ्युसिया ओएस परीक्षणका लागि आफ्नै ब्रान्डको ल्यापटप पिक्सेलबुक छानेको छ । अर्थात्, पिक्सेलबुक प्रयोगकर्ताले यो डाउनलोड गरेर इन्स्टल गर्न सक्नेछन् । तर, फ्युसिया ओएस अझै पूर्ण रूपमा विकसित भइसकेको भने छैन । त्यसैले यो कस्तो



जुपिटरको क्लासिक एडिसन

नेपालमा टीभीएसको जुपिटर स्कुटरको क्लासिक एडिसन लन्च भएको छ । जुपिटर क्लासिक १ सय १० सीसीको इन्जिनबाट सञ्चालित छ । यो स्कुटरमा पावर, पिकअप र माइलेजको राम्रो संगम भएको दाबी गरिएको छ ।

जुपिटर क्लासिकको इन्जिनले आठ ब्रेक हर्सपावरको शक्ति निकाल्छ । र, यसले ६० किलोमिटर प्रतिलिटरको हाराहारीमा माइलेज दिने दाबी गरिएको छ । यो स्कुटर ८५ किलोमिटर प्रतिघन्टाको अधिकतम स्पिडमा कुद्न सक्छ ।

यो स्कुटरले उच्च पर्फमेन्सका साथ आरामदायी यात्राको अनुभव गराउँछ । र, यही नै यसको मुख्य विशेषता पनि हो । यसमा राम्रो माइलेजका लागि इको मोड फिचर पनि छ । र, स्मार्टफोन चार्ज गर्नका लागि यूएसबी चार्जरको पनि व्यवस्था गरिएको छ । जुपिटर क्लासिक नेपालमा १ लाख ८९ हजार रुपियाँमा उपलब्ध छ ।

एचक्यू ट्रिभिया एन्ड्रोइडमा पनि

एचक्यू ट्रिभिया अहिलेको सबैभन्दा लोकप्रिय मोबाइल गेम हो । यो अनलाइन गेम हो, जसमा प्रयोगकर्तालाई समान्य ज्ञानमा जस्तै प्रश्नहरू सोधिन्छ । सोधिएका प्रश्नहरूको सही जवाफ दिएबापत नगद पुरस्कार जित्न सकिने कारण एचक्यु ट्रिभिया एक्कासि लोकप्रिय मोबाइल गेम बनेको हो ।

पहिला यो गेम आईओएस प्रयोगकर्ताका लागि मात्रै उपलब्ध थियो । अहिले भने यो गेम एन्ड्रोइडमा

अपरेटिङ सिस्टम हो र यसमा अन्य अपरेटिङ सिस्टमका तुलनामा के फरक फिचर छन् भनेर जान्नका लागि अझै केही समय कुर्नैपर्छ । तर, एउटा कुरा के पक्का छ भने फ्युसिया ओएस पूर्ण रूपमा *गुगलले* नै तयार पारेको अपरेटिङ सिस्टम हुनेछ । एन्ड्रोइड र क्रोम ओएस *गुगलले* नै बनाएको भए पनि यी सबै लिनक्समा आधारित रहेर बनाइएका अपरेटिङ सिस्टम हुन् । फ्युसिया जिरकनमा आधारित छ । र, जिरकन पनि अपरेटिङ सिस्टमका लागि *गुगलले* नै तयार पारेको आधार हो ।





आईफोनका ब्याट्री साटिने

एप्पलले जानाजान आईफोनका ब्याट्रीको क्षमता कमजोर हुंदै जाने बनाएको खुलासा भएपछि ठूलै खैलाबैला मच्चिएको थियो । नयाँ मोडलका आईफोन बजारमा आउँदा पुराना आईफोन प्रयोगकर्तालाई नयाँ किन्नका लागि बाध्य बनाउनका लागि यस्तो गरेको आरोप एप्पललाई लागेको छ । एप्पलले पनि आईफोन पुरानो हुंदा ब्याट्रीको क्षमता पनि कमजोर भएको प्रयोगकर्ताको गुनासोलाई पन्छ्याउन खोजेको थियो ।

अहिले भने आईफोनले आईफोन सिक्स वा त्यसभन्दा पछिल्ला आईफोनका ब्याट्री परिवर्तन गरिदिने वाचा गरेको छ । सुरूमा यसका लागि प्रयोगकर्ताले ७९ डलर तिर्नुपर्ने बताएको थियो । तर, अहिले यो मूल्य घटाएर २९ डलर बनाइएको छ ।

ब्याट्री साट्नका लागि एप्पलले एउटा मापदण्ड पनि तोकेको थियो, जसमा ब्याट्रीको क्षमता पहिला परीक्षण गरिन्थ्यो । नयाँ ब्याट्रीको तुलनामा ८० प्रतिशतभन्दा बढी चार्ज स्टोर गर्न सक्ने क्षमता भएका पुराना ब्याट्रीलाई साट्न अयोग्य ठहराइएको थियो । तर, यसको पनि चौतर्फी विरोध भएपछि एप्पलले यो मापदण्ड पनि हटाएको छ । अब आईफोन सिक्सभन्दा पछिका आईफोनका जुनसुकै ब्याट्री प्रयोगकर्ताले २९ डलर तिरेर साट्न सक्नेछन् ।



पनि उपलब्ध भएको छ । यसमा सहभागी हुन प्रयोगकर्ताले प्ले स्टोरबाट एचक्यू ट्रिभियाको एप डाउनलोड गर्नुपर्नेछ । यो खेल नेपाली समय अनुसार बिहान पौने २ बजेबाट सुरू भई पौने ८ बजेसम्म चल्छ । यो समयभित्र प्रयोगकर्ताले एपमार्फत एचक्यू ट्रिभिया खेल्न सक्नेछन् । पुरस्कार जित्नका लागि सोधिएका १२ वटै प्रश्नको सही जवाफ दिनुपर्छ । प्रत्येक प्रश्नको जवाफ दिनका लागि मात्रै १० सेकेन्ड समय हुनेछ । यो गेमका लागि हजारौं डलरको पुरस्कार तोकिएको हुन्छ । र, उक्त रकम सही जवाफ दिनेहरूलाई बराबर बांडिन्छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

चुलबुले पाठो फन्दामा

शब्द/तस्बिर : छम गुरुङ

उत्तरी गोरखा, धार्चे गाउँपालिका-४, लाप्राक गाउँको ढुङ्गेचौतारामा भेडीगोठको खाँबोमा कुम्लोमा झुन्ड्याइएको एक पाठो । चकचक गरेर हैरान पार्ने हुनाले यस्ता ससाना पाठापाठीलाई यसरी कुम्लोमा राख्ने जुक्ति निकाल्छन्, स्थानीयहरू । लेकदेखि औल झर्दा सयौँ भेडा, बाख्रा, च्याङ्ग्रा र पाठापाठी लिएर गोठालाहरू उकाली-ओराली गर्छन् । यस्तो बेला ससाना पाठा-पाठीलाई सम्हाल्नै गाह्रो पर्छ । पशुपालन पनि यहाँका बासिन्दाको आय आर्जनको मुख्य स्रोत हो । तर, गाउँलेहरूमा विदेसिने लहर बढेका कारण गोठालोको संख्या भने घट्दो छ । ◆

कुर्दाकुर्दै

समय यस्तो पनि थियो, आर्यन सिग्देलसँग अनस्क्रिन रोमान्स गर्न गिनेचुनेका हिरोइनहरूबीच हानथाप नै हुन्थ्यो । समय यस्तो पनि आयो, आर्यन आफैँले हिरोइनलाई कुर्नु परिरहेको छ । भनिरहनु नपर्ला, आर्यनको करिअर करिब-करिब किनारा लागेको छ । फेरि मूलधारमा अटाउन आफैं फिल्म बनाउँदै छन्, *कायरा* । रेखा थापासँगको *रूद्रप्रिया*को हालत खराब भएपछि उनले नयाँ पुस्तामाझ प्रिय हिरोइन साम्राज्ञीराज्य लक्ष्मी शाहलाई अनुबन्ध गरे । पहिले

त साम्राज्ञीलाई मनाउनै मुस्किल पर्‍यो । अनुबन्ध भएपछि पनि साम्राज्ञीको समय नमिलेर फसाद आइलागेको छ । इन्दु *मिन्टु लन्डनमा* नामक फिल्मको छायाङ्कन सकिएपछि उनले *कायरा*लाई समय दिने सहमति भएको थियो । तर, बेलायतले भिसा नदिएपछि इन्दु *मिन्टु लन्डनमा*को सेड्युल पटक-पटक सरिरहेको छ, जसको प्रत्यक्ष मारमा परेका छन्, आर्यन । किनभने, उनलाई सकेसम्म छिटो सुटिङ सुरू गर्नु छ । तर, साम्राज्ञीलाई कहिलेसम्म कुर्नुपर्ने हो ? आर्यन आफैँलाई थाहा छैन । ♦

नीताको सुस्तता

केही महिनाअगाडि हिरोइन नीता ढुंगाना अमेरिका के पुगेकी थिइन्, यता हल्ला चलिहाल्यो- उनी उतै बस्दैछिन् भन्ने । करिअरले गति लिएका बेला अमेरिका पुगेका कति कलाकार फर्किएका छैनन्, नीताका फिल्म त भटाभट फ्लप भइरहेका छन् । त्यसैले उनी अमेरिका पलायन हुन्छिन् भनेर आशंका गरिनु आफैँमा अस्वाभाविक पनि थिएन । तर, यी अनुमानलाई माथ खुवाउँदै स्वदेश फर्किन् । अब्बल निर्देशक र टिमसँग काम गर्ने अथक प्रयास गरिरहेकी छिन् तैपनि हात लाग्यो शून्यझैं भइरहेको छ । सिंगल थिएटरमा परिचित नीतालाई प्रतिष्ठित ब्यानरले पत्याएका छैनन् । सायद यही कारण हुनुपर्छ, फिल्म निर्माणको घोषणा गरिन् । तर, अहिलेसम्म घोषणामै सीमित भएको छ । कतिसम्म भने फिल्मी जमघटमा समेत उनको उपस्थिति पातलिँदै गएको छ । यो सुस्तता उनी छायामा पर्ने संकेत त होइन ? आशा गरौं, त्यस्तो हुने छैन । ♦

फेरि पत्तासाफ

ड्रिम्स हिट भयो । तर, यही फिल्मबाट अभिनय यात्रा थालनी गरेकी सन्ध्या केसीलाई रत्तिभर फाइदा भएन । कारण, उनी चटपटे भूमिकामा सीमित थिइन् । *सायद २* बाट अन्तिम समयमा निकालिनु पर्‍यो । यही बेला केही आशा बोकेर आएको थियो, फिल्म *ह्याप्पी न्यु इयर*ले । अस्ट्रेलियामा सुटिङ भएको यस फिल्मकी एकल हिरोइन थिइन् उनी । त्यसैले उत्साहको ग्राफ अझ चुलिएको थियो । तर, जसै फिल्म रिलिज भयो, सन्ध्याले सन्तोषको श्वास फेर्न पाइनन् । १४ पुसबाट प्रदर्शित यस फिल्मले न प्रशंसा कमायो, न पैसा । सन्ध्या स्वयं दर्शकमाझ 'मार्क' हुन सकिनन् । एकातिर, रिलिज भएको फिल्म पत्तासाफ भयो, अर्कातिर सुटिङ सकिएको *कमलेको बिहेको* प्रदर्शनको पत्तो छैन । अरू फिल्म हातमा छैन अनि परेन त फसाद ! ◆

तस्बिर : महेश प्रधान

प्रियंकाको व्यस्तता

धेरै फिल्म खेल्ने कि राम्रा फिल्म खेल्ने ? कलाकारको आ-आफ्नै दृष्टिकोण होला । तर, संख्यात्मक वृद्धि मात्र हुँदा कलाकारको साख धुमिलिनेमा शंकै छैन । निखिल उप्रेती, विराज भट्टदेखि सौगात मल्लसम्म यसका उदाहरण हुन् । तर, नायिका प्रियंका कार्कीलाई भने यो यथार्थको वास्तै छैन । त्यसो नहुँदो हो त, महिनैपिच्छै नयाँ-नयाँ फिल्म खेल्दैन थिइन् होला । पत्यार नलाग्ला । तर, सत्य हो कि उनी अभिनीत सात फिल्म प्रदर्शन हुन बाँकी छन्, *अनागत*, *बटरफ्लाई*, *ह्याप्पी डेज*, *कथा काठमाडौं*, *लिलीबिली*, *शत्रुगते* र *कोहलपुर एक्सप्रेस* । हाम्रोजस्तो सानो फिल्म उद्योगमा एउटै कलाकारका यति धेरै फिल्म प्रदर्शनको पर्खाइमा हुनु सकारात्मक कुरा होइन । दर्शक नै झुक्किने डर हुन्छ । तर, कसको के लाग्छ, प्रियंका आफैंले पाएजति फिल्म खेल्ने सूत्र शिरोपर गरेपछि । ◆

बिर्सनलायक प्रस्तुति

■ गोकर्ण गौतम

दाइजो प्रथा मधेसको खिल हो । दाइजो नपाएकै झोँकमा बुहारी/पत्नीलाई आगो लगाएका खबर बारम्बार आउँछन् । आधुनिक समाजको निकै लाजमर्दो यही बेथितिलाई उठाइएको छ, फिल्म *राज्जा रानी*मा । माइती पक्षले पर्याप्त दाइजो दिन नसकेकै कारण विवाह रोकिन्छ । बल्लतल्ल विवाह त हुन्छ तर युवती चरम मानसिक र शारीरिक यातनाको सिकार हुनुपर्छ । विषय यति संवेदनशील छ । तर, निर्देशक यम थापाले सोही अनुरूप विषयको मर्मलाई आत्मसात् गर्न सकेका छैनन् । कथावाचनको शैली सतही छ । फलतः फिल्मको प्रभावकारिता फिक्का महसुस हुन्छ । उनलाई धाप मार्नुपर्ने एउटै कारण हो, कम्तीमा सामाजिक विषयलाई पर्दामा उन्ने प्रयास गरे । अन्यथा दाइजोजस्तो कुरीतिको उल्झनलाई गहिराइसम्म उधिन्न चुकेको छ, फिल्म ।

रानी (केकी अधिकारी) गरिब छिन् । केटा पक्षले मागेबमोजिम दाइजो दिन नसकेकाले विवाह हुँदैन । जसलाई गाउँकै ठिटो राज्जा यादव (नाजीर हुसैन)ले मन पराउँछ । उसले हत्ते गरेपछि विवाहका लागि तयार हुन्छिन् रानी । दाइजो नलिई राज्जाले भित्र्याउँछन्, आमाको स्वीकृतिबिनै । तर, दाइजोले आक्रान्त उक्त समाज र परिवारमा रानीले चैनको श्वास फेर्न पाउलिन् ? राज्जाले विवाहअगाडिझैँ माया गर्लान् ? फिल्म यिनै कठोर सवालहरूको वरपर घुमेको छ । यथार्थपरक सामाजिक कथावस्तुलाई उठान गरिएको फिल्मको क्लाइमेक्स नकारात्मक र अतिरञ्जित लाग्छ । कम्तीमा अनुशरणयोग्य छँदै छैन ।

आधा दर्जन फिल्मका पटकथा लेखेपछि यमले निर्देशनको कमान्ड सम्हालेका हुन् । तर, *राज्जा रानी*मा कथा र पात्रप्रति निर्देशकका रूपमा उनको कमान्ड खुकुलो छ नै । उनी आफैँले लेखेको पटकथासमेत कसिलो लाग्दैन । लम्बेतान र जबर्जस्ती हँसाउनकै खातिर राखिएका दृश्यहरूसँगै फिल्मको सुरुआत हुन्छ । इँटाभट्टाको मालिकले फुच्चेलाई पिटेको, राज्जा र मोटे पुलिसको जुंगे लडाइँ, राज्जा र उसको साथीबीचको गन्थन, रानीलाई मन पराउने गाउँको अधबैँसेका रवैयाहरू 'क्लिसे' लाग्छ । अरू त अरू, न टाउकोमा सिसा फुटाउनुपर्ने गरी राज्जाले रानीलाई माया गर्नुको कारण खुल्छ, न उसमा रानीप्रति एक्कासि घृणा पलाउँदा विश्वसनीय लाग्छ । घटनाहरू दर्शकले यथासक्य आत्मसात् गर्न नसक्नु निर्देशकको अपरिपक्वताको परिणाम हो ।

घटनाजस्तै कमजोर पृष्ठभूमिका पात्र *राज्जा रानी*को 'भाइरस' हुन् । फिल्म गाउँकै सेरोफेरोमा घुम्छ । तर, लगभग २५ मिनेट बितिसक्दा मूल पात्रको घर देखाइन्न । उसले आफूलाई 'आजको नेता, भोलिको मन्त्री' भनेर फुई हाँक्छ । तर, त्यसलाई पुष्टि गर्ने आधार हुन्न, नेता (अरुण रेग्मी)को दाहिने हात सम्झनुबाहेक । रेग्मी निकै शक्तिशाली नेता मानिए पनि त्यो संवादमा मात्र सीमित छ । नेताका रूपमा उनलाई स्थापित गर्ने एउटै वजनदार दृश्य छैन । कामेश्वरको भूमिकाको अझ कन्तबिजोग छ । मध्यान्तरसम्म त उनको 'हाइड्रोसिल'को किस्सा नै हाबी छ । त्यसपछि नब्याउने भैँसी प्रवेश गराइन्छ, उद्देश्य उही हँसाउने । दाइजो प्रथाजस्तो मार्मिक विषय उठाइएको फिल्मको बीचबीचमा सस्तो मजाक घुसाउँदा भद्दा भान हुँदोरहेछ । बरू, तुलनात्मक रूपमा केकीको पात्रतालाई नजिकबाट नियाल्न सकिन्छ किनभने उनलाई आत्मीय बनाउन उनका बाबु, बहिनी र भाइ छन् । भाइलाई राज्जाले खोलामा झम्टिँदै गर्दा माछा तड्पिएको दृश्य प्रतीकात्मक लाग्छ । गर्भमै छोरी तुहाउने कुप्रवृत्तिलाई पनि नजरअन्दाज गरिएको छैन ।

नेपाली फिल्ममा मधेस र मधेसी सवाललाई सधैँ बेवास्ता गरियो । अब भने बल्ल फिल्मकर्मीलाई मधेसको महत्त्वबोध हुन थालेको छ । *राज्जा रानी* त्यही शृंखलाको निरन्तरता हुनु आफैँमा सुखद छ । किनभने, फिल्मको वस्तुस्थिति, पात्र, उनीहरूको बोलीचालीबाट मधेसको सुगन्ध आभास हुन्छ । तर, समस्या उही, मूलकथालाई न्याय गरिएको छैन । राष्ट्रिय गानलाई कामेश्वरको चरित्रले 'प्यारोडी' बनाउनु निन्दनीय छ । बाटोमै तलाक-पत्रमा हस्ताक्षर गराउनु हास्यास्पद अनि फिल्मको अन्त्यतिर केकीको दिदी-बहिनीको योजनाचाहिँ अति नाटकीय लाग्छ ।

सन्काहा चरित्रमा देखा परेका नाजीरको अभिनय 'लाउड' छ । यही भूमिका पनि उनका लागि नयाँ होइन । *जंगे*को चरित्रसँग धेरै हदसम्म मेल खान्छ । नाजीरमा एक्लै फिल्मलाई 'होल्ड' गर्ने ल्याकत अझै देखिएन । केकीले पात्र अनुरूप हुलियामा आफूलाई बदले पनि भावभंगिमा र संवाद शैलीमा अब्बलता हासिल गर्न चुकेकी छन् । कामेश्वरको चरित्र ताजा नलाग्ने होइन । तर, उनले पटकथामा आफ्नो चरित्रको प्रभावकारी ख्याल गर्ने समय आएको छ । 'मार्क' हुने लोभमा निकै हल्का र बिकाउ कुरा (जस्तो : यसपटक 'हाइड्रोसिल'को प्रसंग र भैँसीमोह)लाई अवलम्बन गर्नु असल अभिनेताको परिचायक होइन । भन्नैपर्दैन, फिल्ममा पुरापुर कोही हाबी छन् भने छायाकार पुरुषोत्तम प्रधान मात्र हुन् । 'चिपक चिपक...'ले राहत दिन्छ । निर्देशकले मधेसको ऐँजेरु बनेको दाइजो प्रथालाई पर्दामा पस्कने हिम्मत गरे । तर, त्यसलाई जीवन्त बनाउन पर्याप्त गृहकार्य गरेनन् । त्यसैले यही फिल्मबाट उनलाई धाप मार्न सकिन्न ।

विषय सम्झनलायक तर प्रस्तुति बिर्सनलायक फिल्म हो, *राज्जा रानी* । हेर्ने/नहेर्ने आफ्नै मर्जी । ◆

'हाम्रो सफाइ टिस्यु पेपरले पुछेजस्तो'

सधैं फोहोर, लथालिंग देखिने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टीआईए) ६ महिनायता चिटिक्क छ । पशुपतिनाथ मन्दिर क्षेत्र पनि टलक्क टल्किएको छ । सफाइमा यस्तो चमत्कार गरेको हो, खेम्स क्लिनिंग्सले । यी दुवै ठाउंमा यो संस्थाले स्वयंसेवीका रूपमा काम गरेको हो । काठमाडौंका केही स्थानमा सफाइ भए पनि सिंगो काठमाडौं धूवाँधूलो र फोहोरले आक्रान्त छ । यही सेरोफेरोमा अस्ट्रेलियामा सफाइकै काम गर्ने संस्थाका निर्देशक **खेम शर्मा**, ३२, संग गरिएको कुराकानी :

सफाइका लागि टीआईए र पशुपतिनाथ क्षेत्र नै किन छानिएको हो ?

चितवनको भरतपुर मेरो गृहनगर हो । दुई वर्षअघि हामीले त्यहाँको विमानस्थल सफाइ गरेका थियौं । त्यसबाट गैरआवासीय नेपाली संघका साथीहरू आकर्षित हुनुभयो र उहाँहरूसँगको सहकार्यमा ६ महिनाअघि टीआईए सफाइ गऱ्यौं । टीआईए सफाइको फोटो सामाजिक सञ्जालमा हालेपछि खाडी मुलुकमा काम गर्ने नेपालीहरूको कमेन्टले मलाई पशुपतिनाथ क्षेत्रतिर पुऱ्यायो ।

के कमेन्ट थियो त्यस्तो ?

हामी २०/२५ हजार रुपियाँ कमाउन ४८ डिग्री तापक्रमको गर्मीमा यहाँ आएका छौं । देशमै फोहोरमैला व्यवस्थापनसम्बन्धी काम गरेमा आफ्नै मुलुकमा रोजगारी पाउने थियौं भन्ने थियो । देशका लागि केही गर्नुपर्छ भन्ने भयो ।

त्यसभन्दा अघिचाहिँ नेपालमा यसरी काम गर्ने सोच नै थिएन ?

अलि पछि योजना बनाएर आउँथे होला । यति चाँडै पक्कै हुँदैन थियो । उहाँहरूको यस्तो भनाइले मलाई तुरुन्तै काम गर्न अग्रसर बनायो ।

तपाईंहरूले अहिले गर्ने कामको मोडालिटीचाहिँ कस्तो हो ?

पशुपति क्षेत्र विकास कोष, वाग्मती सफाइ अभियान र खेम्स क्लिनिंग्सको सहकार्यमा काम गरिरहेको छ । हामीले निःशुल्क कामदार खटाएका छौं ।

कामदारले केही पनि पाउँदैनन् ?

पाउँछन् । त्यसको व्यवस्था संस्थाले गर्छ । अहिले ३७ जना पशुपति क्षेत्रमा काम गरिरहेका छन्, उनीहरूलाई वाग्मती सफाइ अभियन्ता र हामीले तलब दिइरहेका छौं ।

पशुपति क्षेत्रमा एक वर्ष सफाइ काम गर्ने भन्नुभएको छ । एक वर्ष नै यसरी चल्ने हो ?

होइन । भर्खरै मात्र नेपाल इन्भेस्टमेन्ट बैंकले १५ जना कामदारको तलब दिने व्यवस्था गरिदिएको छ ।

सफाइ कामदार हामीसँग पनि छन् तर फिल हुने गरी सफाइ हुँदैन । किन ?

हामीकहाँ जनशक्ति, उपकरण सबै छ । तर, सफाइको मापदण्ड छैन । उपकरणको प्रयोग, मजदुरलाई उत्प्रेरणा दिने कुराको अभाव भएकाले यत्तिको भए चल्छ भन्ने छ । मजदुरको कामलाई सम्मान दिने वातावरण बनाउनुपर्छ ।

सफाइको मापदण्ड भन्नाले ?

कुन तहसम्म सफाइ गर्ने भन्ने । अधिकतम नतिजा कसरी निकाल्न सकिन्छ भन्ने छैन ।

कामप्रतिको सम्मान कसरी जगाउने हो ?

उपकरण सही तरिकाले प्रयोग गर्न जानियो भने दक्षता बढ्छ । जानेन भने कामदार आफैं फोहोरी हुन्छ र उसमा काम गर्ने जाँगर आउँदैन । सही तरिकाले काम गर्दा खेल खेलेजस्तै रमाइलो हुन्छ । हामी यही तरिकाले काम गर्न सिकाउँछौं ।

तपाईंहरूले काम गरुन्जेल त सफा होला । तर, छोडेर गएपछि उही हालत होला नि ?

त्यस्तो हुँदैन । किनभने, हामी सीप नै हस्तान्तरण गर्छौं । सीप त हामी आफैं लिएर जान सक्दैनौं नि !

सिंगो काठमाडौँलगायतका सहरहरू फोहोरमैलाको चपेटामा छन् । यस्तो किन भएको हो ?

मानिसको भीडभाड हुने ठाउँमा फोहोर हुनु स्वाभाविक हो । हामीकहाँ चाहिँ काम गर्ने शैली मिलेको छैन ।

कसरी ?

विदेशतिर कार्यालय समय, मानिसहरूको आवतजावत नहुने समयमा डिटेल सफाइ गरिन्छ । कार्यालय समय वा मानिस जम्मा हुने बेलामा त टिपटाप मात्रै गर्ने हो । हामी नुहाउँछौं, त्यो डिटेल क्लिनिंग्स हो । टिस्यु पेपरले पुछ्छौं, त्यो टिपटाप मात्रै हो । नेपालमा नुहाउनेभन्दा टिस्यु पेपरले पुछ्ने चलन बढी छ, जसले गर्दा फोहोरको समस्या छ । यो कार्यशैली फेर्नुपर्छ ।

स्वयंसेवीका रूपमा छिरेर पछि फोहोर व्यवस्थापनको व्यापारमा पनि हात हाल्ने हो ?

फोहोरको क्षेत्रमा राम्ररी काम गर्ने योजना छ । हामीसँग अहिले ५० जना तालिमप्राप्त कामदार छन् । रोजगारी सिर्जना गर्ने र सफा ठाउँ बनाउने लक्ष्य छ ।

मनबहादुर बस्नेत

नोटबुक

॥ मनबहादुर बस्नेत

हरे निर्वाचन आयोग !

मेरा कलेजकालीन मित्रले एउटा सहयोग मागे, उम्मेदवारले कुन-कुन शीर्षकमा कति-कति खर्च गर्न पाउने रहेछन् भन्ने । सहयोग अप्ठ्यारो खालको पक्कै थिएन । सजिलो तर निकै अर्थपूर्ण । अर्थपूर्ण किनभने उनले यस्तो जानकारी चुनावअघि नभई नतिजा सकिएको दुई हप्तापछि खोजेका थिए । सोधेँ, "यो त चुनावअघि नै खोज्नुपर्ने होइन ?"

"हो," उनले निर्धक्क भने ।

"अहिले किन चाहियो ?" जान्न खोजेँ ।

चुनाव सकिएको ३५ दिनभित्र निर्वाचन आयोगमा कुन-कुन शीर्षकमा कति खर्च भयो भन्ने विवरण बुझाउनुपर्ने रहेछ । वामपन्थी गठबन्धनका नेता उनले आफ्ना केही नेताको खर्चको हरहिसाब 'मिलाएर' आयोगमा बुझाउने जिम्मेवारी लिएका रहेछन् ।

ती साथीका अनुसार चुनाव प्रचारप्रसारमा कम्तीमा डेढ करोड रुपियाँ खर्च भयो, जुन मधेसमा खर्च भएको कममध्येको हो । निर्वाचन आयोगले प्रतिनिधिसभाका उम्मेदवारले २५ लाख रुपियाँसम्म मात्रै खर्च गर्न पाउने नियम बनाएको छ । त्यस्तै प्रदेशसभा र स्थानीय निकायका उम्मेदवारले 'गर्न पाउने खर्च' पनि तोकिएको छ ।

स्थानीय निकायदेखि प्रतिनिधिसभासम्मको अनुभवले चुनाव सामान्य व्यक्तिले धान्नै नसक्ने गरी खर्चिलो बनेको सबैले महसुस गरेकै हो । चुनाव र खर्च पर्यायवाची शब्द बनेकै हुन् । स्थानीय निकायको चुनावमै बहुसंख्यक उम्मेदवारले 'करोड क्लब'मा दर्ज हुने गरी खर्च गरे भने प्रतिनिधि र प्रदेशसभाको चुनावमा त्यो आकार स्वतः बढ्यो । तर, अहिलेसम्म निर्वाचन आयोगले कसैलाई खर्चको सीमा नाघेको भनेर कारबाही त परको कुरा प्रश्नसमेत गरेको छैन । किनभने, सबैले मिलाएरै खर्च गरे अनि मिलाएरै बुझाए । यस्तालाई आयोगले केही नगर्ने रहेछ । हरे निर्वाचन आयोग !

अदालतलाई स्वर्ण पदक

साढे ३३, २२ र ८८ किलो सुन तस्करीमा संलग्न सबै 'मुख्य नाइके'हरू धरौटीमा छुटे भन्ने खबर आयो । खबर नयाँ थिएन । यसअघि समेत साहूहरू धरौटीमा छुट्थे । तस्करीका नाइकेहरूलाई तह लगाउन प्रहरीले संगठित अपराध ऐन अन्तर्गतको कसूरमा मुद्दा चलाउने उपाय निकालेकाले आइन्दा यो बन्द होला भन्ने थियो । त्यसैले पुनः नाइके छोडिएको सुन्नासाथै कौतूहल जाग्यो, प्रहरीको अनुसन्धान चुक्यो कि न्यायाधीश ?

त्यसपछि काठमाडौं जिल्ला अदालतका सम्बन्धित फाँटवालासँग टेलिफोनमा सम्पर्क गरेँ, आदेश हेर्न । मैले 'सुन तस्करीको मुद्दा' नभनी 'एउटा मुद्दा'को आदेश हेर्नु छ मात्रै भनेको थिएँ । किनभने, पहिल्यै मुद्दाबारे भन्दा भेट्नै नमाल्लान् भन्ने लागेको थियो । भेटेपछि जसरी नि मनाउन सकिन्छ भन्नेमा ढुक्क थिएँ । फाँटवालाले नक्कल नै लैजान सकिने बताएपछि फुरुंग भएँ ।

फाँटमा गएर 'सुन तस्करीको मुद्दा' भन्नासाथै कर्मचारी दस हात पर तर्किए । जुन फाँटमा जाँदा पनि एकैछिन अघि 'हुन्छ आउनूस्' भन्ने कर्मचारी 'माथि सोध्नुपर्छ' भन्दै भित्र पसेर 'दिन मिल्दैन' भन्ने खबर लिएर निस्कन थाले । वकिलले अध्ययनका लागि आदेश पाइने सुनेको थिएँ । त्यसैले भोलिपल्ट वकिल लिएर गएँ । मचाहिँ भित्र पसिनँ । वकिललाई समेत असम्बन्धित व्यक्तिलाई दिन नमिल्ने भनियो ।

बल्लतल्ल जिल्ला अदालतमै काम गर्ने एक जना चिनारूमार्फत केही दिनपछि आदेशको नक्कल निकालिदिए । आदेशमा अभियुक्तले इन्कारी बयान दिएकालाई नै मुख्य आधार बनाएर धरौटीमा मुक्त गर्ने फैसला भएको थियो । इन्कारी बयान सबैले दिएका थिए । तर, मुख्य अभियुक्तलाई छोडिएछ, सुन वाहकलाई पुर्पक्षमा पठाइएको थियो । अब अदालतलाई स्वर्ण पदक नदिई धर छ त !

सिंहदरबारले दिएको सास्ती

पुसको दोस्रो साता गृह मन्त्रालयका निमित्त सचिव केदार न्यौपानेको कार्यकक्षमा दुई जना महिला बसिरहेका थिए । बोलीचाली र प्रस्तुतिबाटै बुझिन्थ्यो, उनीहरू पछौटे वर्ग/क्षेत्रका हुन् भनेर । बातैपिच्छे 'हाम्रो काम कहिले हुन्छ सर, हजुर' भनिरहन्थे । न्यौपाने 'हुन्छ, नआत्तिनोस्' भन्दै थुमथुमाउँथे । यत्तिकैमा बसेकी एक महिला यत्तिका वर्षसम्म हाम्रो काम भएन भन्दै रुन थालिन् । "होटलमा बसेको दुई महिना भइसक्यो । एक छाक मात्रै खान्छौं । पैसा छैन । कसरी तिर्नु ?" उनी भक्कानिन थालिन् ।

काम भएन भन्दाभन्दै रोएपछि पक्कै गम्भीर विषय रहेछ जस्तो लाग्यो र सोधीखोजी गरेँ । एक जना सशस्त्र प्रहरी र अर्को नेपाल प्रहरीमा कार्यरत छोरा द्वन्द्वकालमा गुमाएकाहरू रहेछन् । बाँके घर भएकी महिलाले नेपाल प्रहरीमा कार्यरत छोरो जुम्लामा विसं ०५९ मा गुमाएकी रहेछिन् भने प्यूठानकी अर्की महिलाले ०६१ मा जिल्लाकै खैरेनी खोलामा माओवादीले थापेको एम्बुसमा सशस्त्र प्रहरीमा काम गर्ने छोरो गुमाएकी रहिछन् । तर, दुवै जनालाई सरकारले सहिद घोषणा नगरिदिएकाले राज्यबाट पाउनुपर्ने सुविधा पाएका रहेनछन् । तत्कालीन सरकारले युद्धमा ज्यान गुमेका सुरक्षाकर्मीलाई एक तह बढुवा गरेर परिवारलाई पेन्सन दिने नीति लिएको थियो । तर, दुवै परिवारले यस्तो सुविधा पाएका रहेनछन् । त्यसैले उनीहरू १५ वर्षदेखि यसरी नै ठाउँठाउँमा रुँदै हिंडेका रहेछन् ।

आपसी झगडा/दुर्घटनामा मारिएकादेखि आत्महत्या गरेकासम्मलाई सहिद बनाएर यसको गरिमा पत्रु बनाएको त छर्लंगै छ । तर, मुलुकका लागि प्राण आहुति दिने सुरक्षाकर्मीलाई भने डेढ दशकदेखि शंकाको घेरामा राखेछ । प्रहरी संगठनले समेत यो समस्या टुंग्याउने कर्तव्यबोध गरेनछ । ◆

OLD

NEW

PREMIUM QUALITY 100% PURE VODKA

Nepal's No.1 Vodka

PRESENTING THE STUNNING NEW PACK...

IT'S TIME TO REVEAL YOUR FUN-SIDE.

f /RuslanVodka

Your friends from Jawalakhel remind you to drink responsibly.


नेपाल गुणस्तर प्रमाण चिन्ह
DNV
ISO 9001:2008
Certified Company
स्वदेशी सिमेन्ट
विश्वकर्मा
CEMENTING THE NATION
का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८
USE NO HOOKS
O.P.C.
Ordinary Portland Cement
NEPAL CEMENT
VISHWAKARMA
ORDINARY PORTLAND CEMENT
खुद तौल ५० कि.ग्रा. भर्ने बेलामा
स्वदेशी सिमेन्ट
विश्वकर्मा
विश्वकर्मा सिमेन्ट्स (प्रा.) लि.
बीरगंज (नेपाल)
नेपालमा बनेको
स्वदेशी सिमेन्ट विश्वकर्मा सिमेन्ट
NET WEIGHT 50 K.G. WHEN PACKED
WAKARMA CEMENTS (P) LT
BIRGUNJ (NEPAL)
MADE IN NEPAL
SINCE
2
DECADES
TRUSTED QUALITY
E-mail Address : enquiry@vcpl.com.np | Telephone No. : 01-5111148